
अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली विषयको सहजकर्ता सहजीकरण मार्गदर्शन

## तह –१, २०८२






नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली विषयको सहजकर्ता सहजीकरण मार्गदर्शन

## तह -१, २०८२




जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

संस्करण : प्रथम

वि.सं. : २०८२

# हाम्रो भनाइ

नेपालको संविधानले आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क गरेको छ । त्यसै गरी अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले शिक्षाका सबै विधि र मार्ग खुला गर्दै व्यक्तिले औपचारिक, अनौपचारिक एवम् अरीतिक जुनसुकै माध्यमबाट पनि शिक्षा प्राप्त गर्न सक्ने अवसरको सुनिश्चितता प्रदान गरेको छ ।

गरिबी, सामाजिक बहिष्करण, बसाइँ सराइ, बालश्रम, भाषा, लैङ्गिक विभेद र बालविवाह जस्ता सामाजिक कुरीति आदि विभिन्न कारणबाट औपचारिक शिक्षाको मूलधारमा सबै बालबालिका समेट्न सकिएको छैन । विद्यालय शिक्षामा रहेकामध्ये पनि तह पार नगर्ने र बिचैमा पढाइ छाड्ने बालबालिकाको सङ्ख्या उल्लेख्य रहेको छ । विद्यालय शिक्षामा समेटिन नसकेका र पढ्ने चाहना र रहर हुँदाहुँदै विद्यालय छाड्नुपर्ने बाध्यतामा परेका १५ वर्षमुनिका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन छिटो र लचिलो माध्यमबाट अनौपचारिक तथा वैकल्पिक शिक्षाको व्यवस्था गरिएको छ । यसका लागि तह एक (कक्षा १-३) को औपचारिक शिक्षाको पाठ्यक्रमलाई संश्लेषण गरी एक एक वर्षको अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रमतर्फको संश्लेषित पाठ्यक्रम र त्यसैमा आधारित सिकाइ सामग्री विकास गरिएको छ ।

संश्लेषित पाठ्यक्रमले औपचारिक शिक्षाको पाठ्यक्रमका सक्षमता, सिकाइ उपलब्धि, पाठ्यवस्तु, सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई मूल पाठ्यवस्तु (Core content) र परिधीय पाठ्यवस्तु (Sub-core content) मा छुट्याउँदै सिकारुको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित हुने व्यवस्था गरेको छ । त्यसैका आधारमा तह एकमा मेरो नेपाली, मेरो अङ्ग्रेजी, मेरो गणित र हाम्रो सेरोफेरो भन्ने सिकाइ सामग्री विकास गरिएको छ । उक्त सामग्रीलाई सहजीकरण गर्न सहज होस् भनेर विषयगत मार्गदर्शन तयार गरिएको हो ।

सिकारुको प्रत्यक्ष साक्षात्कार कार्यघण्टा २५ प्रतिशत र स्वनिर्देशित कार्यघण्टा ७५ प्रतिशत रहेको उक्त संश्लेषित पाठ्यक्रम र त्यसैमा आधारित सिकाइ सामग्रीको सहजिकण गर्न मेरो नेपाली विषयको सहजकर्ता सहजीकरण मार्गदर्शन, २०८२ तयार गरिएको हो । यस सामग्रीको लेखन डा. गणेश प्रसाद भट्टराई गर्नुभएको हो । साथै पुनरवलोकन समितिले पुनरवलोकन गरी अन्तिम रूप दिइएको हो ।

प्रस्तुत मार्गदर्शन पुस्तिका तयार गर्ने क्रममा सहयोग पुऱ्याउनुहुने केयर नेपाल, समुन्नत नेपाल, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र परिवारप्रति हार्दिक आभार व्यक्त गर्छु । आशा छ प्रस्तुत सामग्रीले विद्यालयबाहिर रहेका तह एकका सिकारुलाई सिकाइ प्रक्रियामा सहजता प्रदान गर्ने छ । साथै यस सामग्रीलाई अझै परिस्कृत बनाउँदै लैजानका लागि यहाँहरूबाट रचनात्मक सुझावको अपेक्षा गरेका छौँ ।

धन्यवाद ।

वि.सं. २०८२

कृष्णप्रसाद काप्री

महानिर्देशक

# विषयसूची


| क्र.सं. | एकाइ / पाठ | पृष्ठ |
|---|---|---|
| १ | सहजकर्ताका लागि | १ |
| २ | म र मेरो परिवार | ६ |
| ३ | हाम्रो समुदाय | १२ |
| ४ | मेरो दैनिक जीवन | २० |
| ५ | हाम्रो विद्यालय | २७ |
| ६ | हाम्रो वातावरण | ३४ |
| ७ | मेरो सिर्जना | ४० |
| ८ | रुचि र बानी | ४७ |
| ९ | हाम्रो संस्कृति | ५३ |
| १० | सञ्चार, प्रविधि र बजार | ६० |
| ११ | हाम्रा क्रियाकलाप | ६८ |
| १२ | हाम्रो वरपरको संसार | ७५ |

## सहजकर्ताका लागि

- सहजकर्ताले सिकाइ केन्द्रमा जानुअगाडि सिकाउनुपर्ने पाठको सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, दैनिक पाठयोजना र त्यसको उपलब्धि पहिचान र मापनसँग सम्बन्धित पक्षमा जानकारी लिनुहोस् ।
- सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्ने तथा उच्चारण र लेख्य सङ्केतको सम्बन्धबाट लेखनसम्म पुग्ने सिकाइ प्रक्रियालाई सिकाइमा हस्तान्तरण गर्ने पक्षरामा जोड दिई सामग्री सङ्कलन गरेर आफ्नो तयारी गर्नुहोस् र शिक्षण गरिने पाठ्यवस्तु र त्यस पाठ्यवस्तुलाई कक्षामा कसरी शिक्षण गर्ने भन्ने कुरामा सचेत हुनुहोस् ।
- लेखाइका लागि सिकारुलाई आवश्यकताअनुसार कापीको प्रयोग गर्न र सिकारुलाई नेपाली विषयका लागि छुट्टै कापी ल्याउन भन्नुहोस् ।
- ध्वनि सचेतीकरणको अभ्यास गराउँदा पाठमा प्रयोग भएका शब्दलाई प्राथमिकतामा राख्नुहोस् र आवश्यकतानुसार थप शब्दको प्रयोगमा केन्द्रित हुनुहोस् । ध्वनि सचेतीकरणका लागि प्रयोग भएका शब्दलाई र लेख्यवर्ण सचेतीकरणको अभ्यासमा पनि आवश्यकतानुसार दोहोऱ्याउनुहोस् ।
- शब्दको बनोट, उच्चारण तथा लेखाइमा अभ्यास गराउनुहोस् र त्यसै अनुरूप क्रियाकलापको संयोजन गर्नुहोस् ।
- पाठमा प्रयोग भएका सन्दर्भ र पात्रले स्थानीय परिवेशलाई सम्बोधन नगरे स्थानीय रूपमा सान्दर्भिक स्थान, पात्र, धर्म, जात, सन्दर्भ र क्रियाकलाप समावेश हुने पाठ वा क्रियाकलाप रचना गरी सिकाइ सहजीकरण गर्नुहोस् ।
- सिकाइका क्रममा प्रत्यक्ष साक्षात्कार कक्षामा ध्वनि सचेतीकरण र लेख्यवर्ण सचेतीकरणलाई अपेक्षाकृत कम र पठन प्रवाह, शब्दभण्डार, बोध र लेखाइलाई अपेक्षाकृत बढी समय दिनुहोस् । समयको विभाजन गर्दा रचनात्मकतामा ध्यान दिनुहोस् । सहजकर्ताले बोध, शब्दभण्डार र लेखाइमा बढी जोड दिई अरू तत्त्वमा घरमा सिकेर आउन निर्देश गर्नुहोस् ।
- सिकारुको सिकाइ मूल्याङ्कनलाई निरन्तर रूपमा अगाडि बढाउनुपर्छ । यसका लागि सिकारुको सिकाइ प्रवृत्ति, रुचि, पढाइमा प्रगति, पढाइका राम्रा पक्ष र कमजोरी, ध्वनिको सचेतता, लेख्यवर्णको सचेतता, पठन प्रवाह, शब्दभण्डार, बोध र लेखाइ सबै पक्षको विकासको अभिलेख राख्नु आवश्यक हुन्छ । सहजकर्ताले सिकारुको सिकाइ कार्यको अवलोकन गर्ने र सिकारुले घरमा गरेका कामको जाँच गर्ने परीक्षा लिने जस्ता कार्यबाट सिकारुको प्रगति वा कमजोरीको मापन गर्नुहोस् ।
- सिकारुको रुचि, पठनप्रतिको धारणा, शब्दभण्डार र बोध क्षमता तथा लेखाइको निरन्तर मूल्याङ्कन गर्ने गरी सहजकर्ताले उपचारात्मक सहयोग गर्नुहोस् ।
- दोस्रो भाषी सिकारु प्रथम भाषामा बोल्न र सुन्न अभ्यस्त हुने हुँदा उनीहरूले ध्वनि, शब्दभण्डार, वाक्य आदिको बोध पनि आफ्नै भाषामा गर्छन् । ध्वनि, शब्दभण्डार, भाषिक संरचनालगायतको अभ्यास पनि उनीहरू प्रथम भाषाकै आधारमा गर्छन् । यस्तो अवस्थामा सहजकर्ताले दोस्रो भाषी सिकारुलाई पनि ख्याल गरेर नेपाली भाषाका ध्वनिसँग परिचित गराउँदै र लेख्यवर्ण सङ्केतसँग जोड्दै सिकाउनुहोस् ।
- बहुसांस्कृतिक कक्षामा शिक्षण गर्दा सहजकर्ताले सांस्कृतिक, लैङ्गिक, जातीय, क्षेत्रीय सन्तुलनलाई मिलाएर सिकाइ शिक्षण, उदाहरण, पाठको प्रस्तुतिमा समव्यवहार प्रदर्शन गर्नुहोस् ।

# पठन तत्त्वको सामान्य चिनारी

## ध्वनि सचेतीकरण

ध्वनि शब्दको लघुतम एकाइ हो । ध्वनि सचेतीकरण शब्दमा रहेका ध्वनिको सुनाइ र पहिचान गर्दै ध्वनि जोड्ने, छुट्याउने, थप्ने र परिवर्तन गर्ने कार्य हो । उच्चरित शब्दमा प्रयोग हुने ध्वनिको सुनाइ, पहिचान र प्रस्तुतीकरणलाई ध्वनि सचेतीकरण भनिन्छ । यसमा एकाग्रता, ध्वनिको प्रयोगका लागि पूर्वतयारी तथा ध्वनिको संश्लेषण तथा विश्लेषण जस्ता पक्षमा जोड दिइन्छ । स्वर, व्यञ्जन र मात्राका आधारमा शब्दमा रहेका ध्वनिको उच्चारण, जोडाइ र छुट्याइ ध्वनि सचेतीकरणका आधार भूत पक्ष हुन् । ध्वनि सचेतीकरणमा साधारण तथा लययुक्त ध्वनि पहिचान, एक ध्वनिका स्थानमा अर्को ध्वनि राखी ध्वनि प्रतिस्थापन, जटिल ध्वनि र अक्षरलाई छुट्याएर उच्चारण, प्रत्ययपरक ध्वनिलाई परिवर्तन गरी उच्चारण, जोडेमोडेका शब्दका ध्वनि, अक्षर र रूप छुट्याइ जस्ता विषयक्षेत्रका रूपमा समेटिन्छ । ध्वनि सचेतीकरणको उपयोग कथ्य भाषाका आधारमा गरिन्छ । परिचित सन्दर्भमा प्रयुक्त प्रचलित शब्दको पहिचान, उच्चारण र गणना गरी त्यसका आधारमा शब्दमा रहेका ध्वनि सचेतीकरण सम्बद्ध क्रियाकलाप गर्नुपर्छ । त्यसपछि क्रमशः लेख्य भाषाको उपयोग वा अभ्यास गर्नु सान्दर्भिक हुन्छ ।

### ध्वनि सचेतीकरणका कार्यकलाप गराउँदा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :

(अ) उस्तै ध्वनि सुनिने शब्दहरूको ध्वनि पहिचान

(आ) शब्दहरूका सुरुमा र अन्तमा रहेको समान ध्वनि पहिचान, जोड्ने र छुट्याउने

(इ) शब्दहरूका सुरु वा अन्तमा ध्वनि थप्ने, ध्वनि लोप र ध्वनि प्रतिस्थापन

(ई) जोडेमोडेका र कठिन शब्दहरूमा प्रयोग भएका ध्वनि र अक्षर पहिचान, ध्वनि थप्ने, ध्वनि लोप र ध्वनि प्रतिस्थापन

(उ) ध्वनि तथा रूपगत विन्यासको पहिचान

## लेख्यवर्ण सचेतीकरण

लेख्यवर्ण सचेतीकरण भनेको वर्ण, मात्रा, अक्षर एवम् शब्दको सङ्केत र ध्वनिप्रति सचेत हुनु हो । । यसमा मुद्रण सचेतता, अक्षर पहिचान, विसङ्केतन, हिज्जेलगायतका पक्षमा ध्यान केन्द्रित गर्नुपर्छ । लेख्यवर्ण सचेतीकरणमा शब्दमा रहेका ध्वनि, अक्षर तथा रूपहरूको जोडाइ, पढाइ र लेखाइ, जोडेमोडेका ध्वनि तथा कठिन संरचना भएका शब्दको चिनाइ, पढाइ र लेखाइ, विसङ्केतन पाठहरूको पढाइ र लेखाइ तथा उच्चार्य सङ्केतको प्रयोग तथा रूप विन्यासगत अर्थबोध हुने गरी पाठ राखिएका हुन्छन् । सिकारुले संयुक्त वर्ण जोडेमोडेका संरचना भएका शब्दलाई तिनीहरूको ध्वनि र सङ्केतका आधारमा चिन्न, पढ्न र लेख्न, जटिल संरचना भएका शब्दलाई ध्वनिका आधारमा छुट्याएर वा जोडेर पढ्न र लेख्न, जटिल संरचना भएका शब्दलाई रूप छुट्याएर वा जोडेर पढ्न र लेख्न तथा पाठहरूमा प्रयोग भएका शब्दको रूप विन्यासगत अर्थ बुझी पढ्न र लेख्न जानुन् भन्ने अपेक्षा गरिएको छ ।

### लेख्यवर्ण सचेतीकरणका कार्यकलाप गराउँदा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :

(अ) छापा सामग्री प्रयोगमा सचेतता

(आ) परिचित सन्दर्भका शब्दको लेखन र पठन

(इ) संयुक्त वर्ण संरचना भएका शब्दको सङ्केतीकरण र विसङ्केतीकरण

(इ) ध्वनि संरचना पहिचान गरी शब्द भन्न, लेख्न र पढ्न

(उ) शब्दगत संरचनाका आधारमा सङ्केतीकरण र विसङ्केतीकरण

## (ग) पठन प्रवाह

लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएको सूचना, विचार र ज्ञानको अर्थ ग्रहण प्रक्रिया पठन हो । लिपि चिन्हद्वारा व्यक्त भएका कुरालाई सिकारुले आफ्ना अनुभव र ज्ञानका आधारमा अर्थ ग्रहण गर्ने सिप नै पढाइ वा पठन सिप हो । पढाइमा आँखा र मस्तिष्कको प्रत्यक्ष संलग्नता रहन्छ । पठन प्रवाह वाचन कलासँग अन्तरसम्बन्धित रहन्छ । बोध र अभिव्यक्तिसँग पठन प्रवाहको सम्बन्ध जोडिए पनि मूलतः यस तहमा मौखिक वाचनलाई विशेष रूपमा जोड दिइएको छ । पठन सिप पनि पहिचानात्मक र सङ्गठनात्मक तहसम्मलाई केन्द्रमा राखेर पठन प्रवाहका स्वतन्त्र पठन, पठनको गतिशीलता, उपयुक्त पठन, हाउभाउसहितको पठन, अभिनेयात्मक पठन, द्रुत पठन र मौन पठन जस्ता क्रियाकलाप गराउनुपर्छ । पठन प्रवाहको मूल मर्म भनेको पठनको गति र सन्दर्भनुकूल पठनको सामर्थ्य विकास गराउनु हो ।

**पठन प्रवाहका कार्यकलाप गराउँदा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :**

(अ) शुद्ध पठन सिप विकास

(आ) पढाइको सङ्गठन

(इ) चिह्न, आघात र अन्तरालको सही प्रयोगसहितको पढाइ

(ई) अभिनेयात्मक र नाटकीकरणसहितको पढाइ

(उ) पठनमा गति

## (घ) शब्दभण्डार

मस्तिष्कका रहेका कुनै पनि भाषाका शब्दको भण्डारलाई शब्दभण्डार भनिन्छ । शब्द भाषाको निश्चित एवम् आधारभूत भाषिक एकाइ हो । सामान्य र दैनिक भाषिक व्यवहारका क्रममा बढी नै प्रयोगमा आउने शब्द आधारभूत शब्द हुन् । आधारभूत शब्द विभिन्न सन्दर्भमा दोहोरिरहने खालका हुन्छन् । प्रारम्भिक कुनै कुरा सुन्दा वा कसैले पढेको कथा कविता सुन्दा सिकारुले प्रत्यक्ष अप्रत्यक्ष रूपमा सिकिरहेका हुन्छन् तापनि सिकारुमा शब्दभण्डारको विकासका लागि सुन्ने र पढ्ने क्रियाकलाप गराउन आवश्यक छ । यसबाट शब्द ग्रहण गर्ने र अर्थ बोध एवम् शब्द प्रयोगको सामर्थ्य बढ्छ । शब्दभण्डारले उच्चारण, अर्थ र त्यसको प्रयोग कसरी गर्ने भन्ने विकास गर्छ । शब्दभण्डारले बोध र अभिव्यक्ति क्षमता सबल बन्छ । यस तह अनुभवमा आधारित भएर सिकारुको पढाइका लागि उपयोग उपयोगी हुने शब्द सिकाउनुपर्छ । शब्दभण्डार बढाउँदा पहिले आधारभूत शब्द सिकाउनुपर्छ । यसमा घर परिवार र वरिपरिको वातावरणबाट सिक्न सकिने खालका शब्द हुन्छन् । दोस्रो समूहमा प्रायः प्रयोग हुने शब्द र पाठसँग सम्बन्धित शब्द हुन्छन् । त्यस्ता शब्द प्रयोग सन्दर्भबाट पनि अर्थ्याउन सकिन्छ । समूह तीनमा प्रयोग हुने शब्द प्रायः अपरिचित हुन्छन् । यस्ता शब्द धेरै प्रयोगमा आउँदैनन् । यी निश्चित क्षेत्र विशेषको पारिभाषिक र प्राविधिक पक्षसँग जोडिएर आएका हुन्छन् ।

**शब्दभण्डारका कार्यकलाप गराउँदा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :**

(अ) शुद्धोच्चारण/शुद्ध पठन/वाक्य निर्माण

(आ) जटिल संरचनायुक्त शब्दहरूको निर्माण, अर्थबोध र वाक्य निर्माण

(इ) शब्दको सन्दर्भपरक प्रयोग

## (ङ) बोध

बोध भनेको वाचित, लिखित वा मुद्रित विषयवस्तुबाट अर्थ लगाउन सक्नु हो । बोध पठन र श्रुति गरी दुई प्रकारका हुन्छन् । औपचारिक ध्वनि सुनी त्यसका आधारमा बोध गर्नु श्रुतिबोध हो भने कुनै पनि लिपिबद्ध सामग्रीलाई आँखा र मस्तिष्कको सहायताले हेरेर र पढेर बोध गर्नुलाई पठन बोध हो । सुनेर वा पढेर बुझ्ने क्षमता वा सिप अर्थात् जान्ने वा बुझ्ने काम वा ज्ञान वा जानकारी बोध हो । श्रुतिबोध सुनाइ, प्रतिक्रिया तथा विश्लेषण र मनोरञ्जनमा आधारित हुन्छ । पठन बोध ज्ञान सिर्जना गर्ने वा अर्थ तथा सिकाइमा आधारित लिपिबद्ध विषयवस्तु र चित्रात्मक प्रस्तुतिमा आधारित हुन्छ अर्थात् पढ्ने काम वा अध्ययन पठन हो । पठन बोधमा लिखित अंश वा मुद्रित सामग्रीको अध्ययनपछि अर्थ, अनुमान, विस्तार, छलफल, प्रश्नोत्तर, सार निर्माण, चरित्र चित्रण र ढाँचा पहिचान गर्नेलगायतका कार्य पर्छन् । बोध सम्बद्ध क्रियाकलापमा बोध रणनीति र पाठगत बोधलाई उच्च प्राथमिकता दिइन्छ । बोधसम्बद्ध क्रियाकलाप गराउँदा सहजकर्ता वा विद्युतीय सञ्चार माध्यमबाट सुनेर वा आफैँ पढेर शीर्षक, चित्र र पूर्वज्ञान, पदावली र वाक्यका आधारमा पाठका बारेमा अनुमान गर्ने, पाठका पछिल्ला घटनाका बारेमा पूर्वानुमान गर्न सक्ने गरी पढ्ने तथा पढेका पाठका आधारमा पूर्वानुमान मिले नमिलेको छुट्याउने र सच्याउने अभ्यासलाई जोड दिइन्छ ।

**शब्दभण्डारका कार्यकलाप गराउँदा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :**

(अ) अनुमान/पूर्वानुमान

(आ) पठनबोध

(इ) बोधमा आधारित प्रश्नोत्तर

(ई) सारांश निर्माण

(उ) संरचनागत अध्ययन

## (च) लेखाइ

लेखाइ लेख्य भाषामा प्रयुक्त लिपि चिन्हको उच्चार्य स्वरूपसँग परिचित गराई लिपि चिन्हको लेख्ने अभ्यास गराउने प्रक्रिया हो । सिकारुले भाषाका लिपि चिन्हको प्रयोग गरी जानेका कुरा लेख्ने अभ्यास लेखाइमा हुन्छ । यस तहमा सामान्यतः अभ्यासात्मक किसिमको लेखाइ शिक्षण गर्नु उपयुक्त देखिन्छ । लिपि चिन्ह र वर्णविन्यासको अनुकरणसम्बन्धी अभ्यास गराउनु अभ्यासात्मक किसिमको लेखाइ हो । यसमा बसाइको ढङ्ग, कलम समात्ने तरिका, किनारा छोडाइ जस्ता आधारभूत कुराको पनि अभ्यास गराउनुपर्छ । अक्षर लेखन, अनुलेखन निर्देशित र स्वतन्त्र लेखन लेखनका अभ्यास हुन् । यस तहमा सिकारुले लेख्य चिन्हको प्रयोग गरी ससाना अनुच्छेद लेख्न, लेखिएका सामग्री वा विषयलाई समूह वा व्यक्तिगत रूपमा परिमार्जन गरी सच्याउन, नेपाली लेख्य ढाँचाअनुसारका वर्ण, शब्द, वाक्य र अनुच्छेद मिलाएर लेख्न साथै लेखनपूर्वका धारणालाई सङ्गठन गर्न सक्नुपर्छ ।

**लेखाइका कार्यकलाप गराउँदा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :**

(अ) चिन्ह प्रयोग

(आ) लेखिएका सामग्री वा विषयलाई समूह वा व्यक्तिगत रूपमा परिमार्जन गरी सच्याउन

(इ) नेपाली लेख्य ढाँचाअनुसारका वर्ण, शब्द, वाक्य र अनुच्छेद लेख्न

(ई) लेखन पूर्वका चरणमा विचार र धारणालाई सङ्गठन गर्न

## पाठ्यपुस्तकमा प्रयोग भएका सङ्केत र अर्थ

| प्रतीक र रङ सकङ्केत | गर्नुपर्ने कार्य |
|---|---|
|  | सिकारले आफैँ अध्ययन (स्वअध्ययन) र अभ्यास गर्ने क्रियाकलाप |
|  | अभिभावकको सहयोगमा सिकाइ गर्ने क्रियाकलाप |
|  | सहजकर्ता वा व्यक्तिको आंशिक सहयोगमा सिकाइ गर्ने क्रियाकलाप |
|  | सहजकर्ताको पूर्ण सहयोगमा सिकाइ गर्ने क्रियाकलाप |



### (क) सिकारुले आफैँ अध्ययन (स्वअध्ययन) र अभ्यास गर्ने क्रियाकलाप

तह एकको सिकाइ सामग्रीमा गुलाबी रङमा दुई बालबालिका र अक्षर भएका क्रियाकलाप स्वअध्ययन तथा अभ्यासका लागि हुन् । यस्तो क्रियाकलापलाई सिकारुले आफैँ अध्ययन र अभ्यास गरेर सिक्नुपर्ने हुन्छ । सिकारुले स्वअध्ययन गरेर सिक्न सक्ने छन् भन्ने अभिप्रायले यस्ता क्रियाकलाप राखिएका हुन् तर पनि सहजकर्ताले यस्ता क्रियाकलापमा सिकारु स्वयम्ले अध्ययन र अभ्यास गर्दै सिक्न सकेनसकेको अवलोकन गर्नु आवश्यक हुन्छ । आवश्यकतानुसार सहजकर्ताले बाटो देखाउनका लागि थोरै सहजीकरण पनि गरिदिनुपर्ने हुन सक्छ ।



### (ख) अभिभावकको सहयोगमा सिकाइ गर्ने क्रियाकलाप

तह एकको सिकाइ सामग्रीमा पहेँलो रङमा अभिभावकसहित दुई बालबालिका र अक्षर भएका क्रियाकलाप सिकारुले अभिभावकको आंशिक वा पूर्ण सहयोगमा सिक्नका लागि हुन् । यसका लागि सिकारुले अभिभावकको सहयोगमा घरैमा सिक्न पनि सक्छन् । यस्ता क्रियाकलापमा सहजकर्ताले अभिभावकको सहयोग लिन प्रोत्साहन गर्नुपर्छ । साथै अभिभावकको सहयोग लिएनलिएको यकिन गर्दै अभिभावकलाई पनि जानकारी गराउन राम्रो हुन्छ ।



### (ग) सहजकर्ता वा अन्य व्यक्तिको आंशिक सहयोगमा सिकाइ गर्ने क्रियाकलाप

तह एकको सिकाइ सामग्रीमा निलो रङमा सहजकर्तासहित दुई बालबालिका र अक्षर भएका क्रियाकलााप सिकारुले सहजकर्ता वा अन्य व्यक्तिको आंशिक सहयोगमा सिक्नका लागि हुन् । यसका लागि सिकारुलाई सहजकर्ता वा अन्य व्यक्तिबाट सामान्य सिकाइ सहयोग आवश्यक पर्ने हुन्छ । अन्य व्यक्ति भन्नाले सिकाइ गर्ने विषयवस्तुमा ज्ञान भएको जो कोही हुन सक्छ । यस किसिमको क्रियाकलापमा विषयवस्तुको बारेमा सामान्य जानकारीसहित अभ्यास गर्ने तरिका आवश्यक हुन सक्छ । सहजकर्ता वा अन्य व्यक्तिबाट त्यस किसिमको सहयोग पाएपछि क्रियाकलापलाई पूरा गर्न सिकारु स्वयम्ले सक्नुपर्छ भन्ने अर्थमा बुझ्न आवश्यक हुन्छ । त्यसैले प्रत्यक्ष सत्रमा यस किसिमको सिकाइ सहयोग र निर्देशन सहजकर्ताबाट हुन आवश्यक छ ।



### (घ) शिक्षकको पूर्ण सहयोगमा सिकाइ गर्ने क्रियाकलाप

तह एकको सिकाइ सामग्रीमा रातो रङमा सहजकर्तासहित दुई बालबालिका र अक्षर भएका क्रियाकलाप सिकारुले सहजकर्ताको पूर्ण सहयोगमा सिक्नका लागि हुन् । यस्ता क्रियाकलापमा सिकारुले सहजकर्ताको प्रत्यक्ष तथा पूर्ण सहयोगमा कक्षामा आएर नै सिक्नुपर्ने हुन्छ । यसका लागि कुल कार्यघण्टाको २५ प्रतिशत समय रहेको छ ।

## १. विषय क्षेत्र

# म र मेरो परिवार

## १. परिचय

सिकारुका लागि उसको परिवार सिकाइको प्रमुख स्रोत हो । परिवारमा सिकेको सिकाइको अभिव्यक्ति वा सञ्चार सिकारुका लागि सहज, गुणस्तरीय तथा प्रभावकारी हुन्छ । यस्ता विषयक्षेत्रसँग सिकारु पहिल्यै परिचित हुने भएकाले उनीहरूलाई सिक्न सहज हुन्छ । उल्लिखित क्षेत्रमा आधारित विषयवस्तुलाई सिकारुको पूर्वज्ञानसँग अन्तरसम्बन्धित गर्दै सिकाइ सहजीकरण गर्न यो एकाइ राखिएको हो । सिकाइ कार्यकलाप सञ्चालन गर्ने क्रममा यसमा सहजकर्ताले एकीकृत शिक्षण सिकाइलाई विशेष जोड दिई सिकाइको दायरा व्यापक र जीवनोपयोगी बनाउनुपर्छ । यही मान्यतानुसार यस विषयक्षेत्रमा वर्णन, संवाद, छलफल र प्रश्नोत्तरका आधारमा भाषिक सञ्चार गर्ने, छोटा अनुच्छेद सुनी नयाँ शब्द पहिचान गर्ने, पारिवारिक, विद्यालयीय तथा सामुदायिक गतिविधिमा प्रयोग हुने शब्द पहिचान र प्रयोग गर्ने, प्राकृतिक तथा सामुदायिक परिवेशका चित्र प्रयोग गरी शब्दभण्डार विस्तार र प्रयोग गर्ने, लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहित मौखिक तथा लिखित अभिव्यक्ति गर्ने, ससाना वाक्य वा अनुच्छेद लेखन गर्ने तथा सुनेका वा हेरेका सामग्रीका आधारमा हाउभाउसहित छलफल, कुराकानी र प्रस्तुतिको अनुकरण गर्नेलगायतका कार्यलाई समावेश गरिएको छ । सिकारुले सहजकर्ताको प्रत्यक्ष सहजीकरणमा वा सहजकर्ताको निर्देशनमा यी कार्यकलाप गर्नुपर्छ । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग समेत गराउनुपर्छ । यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ६ घण्टा र स्वनिर्देशिततर्फ ९ घण्टा गरी जम्मा १५ घण्टा समय निर्धारण गरिएको छ ।

## २. विषयवस्तु

यस एकाइमा कविता गायन, शब्द उच्चारण, शब्द निर्माण, सस्वर वाचन, वाक्य निर्माण, श्रवण र प्रश्नोत्तर, चित्र वर्णन, घटना अध्ययन, कथा पठन, शब्दार्थ, क्रमबद्ध वर्णन, आत्मपरिचय, उही अर्थ दिने शब्द, उल्टो अर्थ दिने शब्द, क्रिया र पदसङ्गतिसम्बद्ध विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) शब्दको अर्थ बुझ्ने तथा शब्दलाई वाक्यमा प्रयोग गर्न

(ख) शब्द निर्माण गर्न

(ख) उस्तै ध्वनि भएका शब्द र उल्टो अर्थ दिने शब्द पहिचान गर्न

(ग) चित्र वर्णन गर्न

(घ) अनुच्छेद, संवाद, कथा पढी प्रश्नोत्तर गर्न

(ङ) अनुलेखन तथा श्रुतिलेखन गर्न

(च) पदसङ्गति मिलाई वाक्य निर्माण गर्न

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सिकारुले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका कविता, गीत, पाठसम्बद्ध चित्र आदिको प्रयोग गर्नुपर्छ ।

## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले तलका जस्ता कुनै कविता प्रदर्शन गरेर सिकारुलाई गाउन लगाउनुहोस् :



**कता हराए**

भात पाक्यो भाँडामा, थाप थालमा
धेरै नुन नहाल, साग दालमा
चम्चा ल्याई चलाऊ, चिनी चियाको
मिठो अचार बन्छ रे, फर्सी बियांको ।
स्याउ जामा लगाई, यता आउँछ
आलु टोपी ढल्काई, गीत गाउँछ
अङ्गुर केरा मेवाले, मलाई बोलाए
झोला कापी कलम, कता हराए ?

(ख) आफूले प्रस्तुत गरेको कविता, गीत वा अन्य सामग्रीका बारेमा प्रश्न सोधेर छलफल गराउनुहोस् । सिकारुले पनि आफूले जानेका गीत, कविता, कथा सुनाउनुहोस् ।

(ग) सहजकर्ताले परिवारसँग सम्बन्धित कुनै भिडियो देखाई सिकारुलाई समीक्षा गर्न लगाउनुहोस् ।

(घ) सहजकर्ताले घरपरिवारका काम, परिवारले मनाउने चाडपर्व आदिका बारेको कथा वा घटना सुनाउनुहोस् र त्यसका बारेमा प्रश्नोत्तर गराउनुहोस् ।

(ङ) सिकारुले आफ्नो परिवार वा छिमेकीका काम, झैभगडाका विषय आदि प्रसङ्ग सुनाउनुहोस् र साथीले सुनाएका यस्तै कुराका बारेमा प्रश्न सोधेर चासो राख्नुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले पुस्तकमा दिइएको वा यस्तै बाल कविता खोजेर ल्याउनुहोस् ।

(ख) तपाईं वा अलिक राम्रो गाउन जान्ने मानिसबाट यी कविता मोबाइलमा रेकर्ड गरेर पनि सुनाउनुहोस् ।

(ग) स्थानीय क्षेत्रमा गाइने गीत वा कविता आफूले गाएर सुनाउनुहोस् । सिकारुले पनि गाउनुहोस् । उनीहरूले गाउन नसकेका ठाउँमा सहजकर्ताले पनि सँगै गाएर पटक पटक अभ्यास गराउनुहोस् । यसमा उनीहरूको उच्चारण नेपाली भाषाको उच्चारणसँग नमिल्न सक्छ । सहजकर्ताले मक्ख, परिश्रम, हातेमालो,पाखाबारी, इन्द्रेनी,चन्द्र, कोट-कोत, तप-टप, धक-ढक, धोका-ढोका, साथी-साठी जस्ता शब्दको उच्चारण गर्न सिकाइदिनुहोस् । सिकारुले पनि सहजकर्ताले सिकाएअनुसार नै उच्चारण अभ्यास गर्नुहोस् ।

(घ) सहजकर्ताले कुनै कवितांश प्रयोग गरेर वाचन तथा उच्चारणको थप अभ्यास गर्न सहजीकरण गर्नुहोस् ।

(ङ) सहजकर्ताले पाठको कविताका आधारमा परिवारका सदस्य र तिनका कामबारे प्रश्न सोधेर उत्तर भन्न लगाउनुहोस् । सिकारुले पनि यसकै आधारमा उत्तर भन्ने र लेख्ने अभ्यास गर्नुहोस् ।

(च) सहजकर्ताले का + ना = काना भएजस्तै उदाहरण दिएर अरु शब्द बनाउन सिकारुलाई निर्देश गर्नुहोस् । सिकारुले सकेसम्म बढी शब्द बनाएर सहजकर्तालाई देखाउनुहोस् ।

(छ) सहजकर्ताले सिकारुलाई परिवारका बारेमा लेखिएको कुनै सामग्री पढेर सुनाउनुहोस् वा सामग्री दिएर घरैमा पढ्न लगाई त्यस सामग्रीका बारेमा विभिन्न प्रश्न सोधी तिनको उत्तर तयार गर्न लगाउनुहोस् ।

(ज) सिकारुले घरमा कसैलाई सोधेर फुपाजु, ज्वाइँ, भान्दाइ, जेठानी, सासु, जेठान, बुहारी, नातिनी शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् । आफ्नो वाक्य मिलेनमिलेको बारे घरमा वा सहजकर्तासँग छलफल गर्नुहोस् ।

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले कोट, पाकेको मेवा, जस्तापाता, सुरुवाल, तिलहरी, काँक्रो, रुख आदि चित्र प्रदर्शन गरी ती चित्रको नाम भन्न, लेख्न तथा केही चित्रमा रङ भर्न लगाउनुहोस् र सिकारुका कार्यको अवलोकन तथा जाँच गरी सुझाव दिनुहोस् ।

(ख) सिकारुले अर्को एक जना साथीसँग मिलेर पुस्तकको संवाद पालैपालो पढ्नुहोस् र आफूले पढेको मिलेनमिलेको बारेमा जान्ने व्यक्ति वा सहजकर्तालाई सोध्नुहोस् । त्यसपछि पुस्तकमा दिइएका प्रश्नका उत्तर तयार गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले जाँचेर सुझाव दिनुहोस् । गलत भएको उत्तर सच्च्याइदिनुहोस् ।

(ग) सहजकर्ताले केही चित्र वा स्थानीय परिवेशका वास्तविक वस्तु नै देखाएर तिनका बारेमा के, किन, कसरी जस्ता प्रश्नका आधारमा छलफल गराउनुहोस् ।

(घ) यसपछि पुस्तकका चित्रलाई आधार बनाई विभिन्न प्रश्नोत्तर गराउनुहोस् । प्रश्नोत्तरका क्रममा सिकारुले शब्दको अर्थ बुझ्ने, उस्तै सुनिने शब्द पहिचान गर्ने, आफ्नो मातृभाषा र नेपालीबिच वस्तुका नाममा हुने फरक ख्याल गर्ने र पदसङ्गति मिलाई वाक्य निर्माण गरेर बोल्ने अभ्यास गरेनगरेको ख्याल गरेर सहजकर्ताले आवश्यक सुधार गरिदिनुहोस् ।

(ङ) सहजकर्ताले पाठ्यपुस्तकको वा सान्दर्भिक कुनै छोटो कथा, संवाद, अनुच्छेद आदि पढेर सुनाउनुहोस् । सिकारुले पढ्न सक्छन् भने पढ्न लगाउनुहोस् । यस्ता कथा आदि सुनाउँदा सिकारुले शब्दको अर्थ नजानेर वा सन्दर्भ नबुझेर अर्थबोध गर्न सक्दैनन् । यसका लागि चित्र देखाउँदै वा आफ्नै वरपरको ठाउँ, घटना आदिसँग जोड्दै (जस्तै : कान्छा दाइको घरमा भएको जस्तै ठुलो ढाडे) वर्णन गर्नुहोस् ।

(च) यसपछि कथा, संवाद, अनुच्छेद आदिबाट विभिन्न प्रश्न सोधेर सिकारुलाई बोल्ने अवसर दिनुहोस् । उनीहरूले केही भन्न खोजे तर सकेनन् भने सहजीकरण गर्नुहोस् । मातृभाषामा उत्तर दिएमा त्यसलाई सुनिदिनुहोस् र तत्काल नेपालीमा पनि रूपान्तरण गरेर सुनाइदिनुहोस् । लेखनमा भएका त्रुटिलाई चाहिँ पदसङ्गति मिलाई सच्च्याइदिनुहोस् ।

## क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले कुनै उपयुक्त कथा पढेर सुनाउनुहोस्, कथाको रेकर्ड सुनाउनुहोस् वा सिकारुलाई पढ्न लगाउनुहोस् । कथा पढेर वा सुनेर बुझेपछि सहजकर्ताले कथाबाट विभिन्न प्रश्न सोध्नुहोस् । सिकारुले ती प्रश्नको उत्तर तयार पारेर सहजकर्तालाई देखाउनुहोस् र सुझाव प्राप्त गर्नुहोस् ।

(ख) सिकारुले कथाको कुनै अंश वा संवाद छिटोछिटो पढेर सुनाउनुहोस् र कथाका केही शब्दको अर्थ भन्नुहोस् ।

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ (स्वनिर्देशित)

(क) सिकारुले पाठ्यपुस्तकको उदाहरण हेरेर तलका जस्ता शब्द बनाई सहजकर्ता वा जान्नेलाई देखाउनुहोस् । पाठ्यपुस्तकको लेख्यवर्ण सचेतीकरण/लेखाइ खण्डमा दिइएका थप अभ्यास पनि गर्नुहोस् ।

उदाहरण : चालम = चामल

सनटपा ............

कैमरीबा .............

बनीहि ..............

नक्कफ .............

बाहरजु ...........

(ख) हिजो बिहानदेखि बेलुकासम्म तपाईँले गरेका काम मिलाएर लेख्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् ।

(ग) सिकारुले तल दिइएका बुँदामा आधारित भई आफ्नो परिचय लेखेर सिकाइ केन्द्रमा प्रदर्शन गर्नुहोस् :

आफ्नो नाम :

आफ्नो उमेर :

हजुरबाको नाम :

हजुरआमाको नाम :

बाको नाम :

आमाको नाम :

आफ्नो ठेगाना :

आमाको फोन नं :

बाको फोन नं :

आफ्नो (छ भने) फोन नं :

## क्रियाकलाप ५: शब्दभण्डार (स्वनिर्देशित)

(क) सिकारुले सहजकर्ताको निर्देशनका आधारमा पुस्तकको शब्दभण्डार खण्डमा दिइएका शब्द र अर्थको जोडा मिलाउने, वाक्यमा प्रयोग गर्ने, उही अर्थ दिने शब्द चिन्ने, उल्टो अर्थ दिने शब्द चिन्ने, शब्द र चित्रको जोडा मिलाउने, क्रम मिलाउने अभ्यास गरी सहजकर्तालाई देखाएर सुझाव लिनुहोस् ।

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी क्रिया चिनाउनुहोस् ।

(ख) सिकारुले सहजकर्ताको निर्देशनमा पाठ्यपुस्तकका खाली ठाउँ भर्ने, वाक्य मिलाउने, चिन्हको प्रयोग गर्ने, वाक्य निर्माण गर्ने र लिङ्ग पहिचान अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले परीक्षण गरी सुझाव दिनुहोस् ।

### क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

सिकारुले पाठ्यपुस्तकका खाली ठाउँ भरी कविता पूरा गर्ने, चित्र हेरेर अनुच्छेद लेख्ने र कथा लेख्ने अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् र सहजकर्ताबाट सुझाव लिनुहोस् ।

### क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

(क) सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये पहिलो अभ्यास परिवारका सदस्यसँग मिलेर गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

#### सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले शब्दको अर्थ बुझेर शब्दलाई वाक्यमा प्रयोग गर्ने, शब्द निर्माण गर्ने, उस्तै ध्वनि भएका शब्द र उल्टो अर्थ दिने शब्द पहिचान गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) कुनै चित्र देखाई त्यसको वर्णन गर्न लगाउनुहोस् ।

(ग) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(घ) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका अनुलेखन तथा श्रुतिलेखन, पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## ६. प्रतिविम्बन

#### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

#### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| शब्दार्थ र वाक्य निर्माण सिकाउँदा | |
| शब्द निर्माण सिकाउँदा | |
| उस्तै ध्वनि भएका शब्द र उल्टो अर्थ दिने शब्द सिकाउँदा | |
| चित्र वर्णन गराउँदा | |
| अनुच्छेद, संवाद, कथा पढी प्रश्नोत्तर गराउँदा | |
| अनुलेखन तथा श्रुतिलेखन गराउँदा | |
| पदसङ्गति मिलाई वाक्य निर्माण गराउँदा | |

## मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| **मूल्याङ्कन आधार** | **स्तर** (१, २, ३ र ४) |
| --- | --- |
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर अभिभावकको हस्ताक्षर

२. विषय क्षेत्र

# मेरो दैनिक जीवन

## १. परिचय

भाषाले सिकाइलाई कार्यरूप प्रदान गर्छ । भाषा दैनिक कार्यव्यवहारको एक प्रमुख तत्त्व पनि हो । भाषाको सान्दर्भिकतालाई ख्याल गर्दै मेरो दैनिक जीवन विषयक्षेत्रले परिचित शब्दका वर्णगत ध्वनि, लेख्य चिन्हका आधारमा हुने उच्चारणगत भिन्नता, पाठ सुनाइ, जोडीमा वाचन र स्ववाचन, हाउभाउसहित छलफल, कुराकानी र प्रस्तुतिको अनुकरण, दैनिक प्रयोगमा आउने परिचित शब्दको पहिचान एवम् सङ्कलन, उक्त शब्दहरूलाई वस्तु र चित्रका आधारमा चिनारी र प्रयोग जस्ता विषयवस्तुमा विशेष जोड दिएको छ । यस विषयक्षेत्र सम्बद्ध क्रियाकलाप गराउँदा सिकारुले सरल वाक्य तथा छोटा अनुच्छेदको पढाइ, पठित पाठको शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान, वर्णन र पूर्वज्ञानका आधारमा पाठबारे अनुमान, पूर्वानुमान वा अनुमान मिले/नमिलेकामा स्वमूल्याङ्कन र छलफल, पढेका शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन तथा अनुलेखन र लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहित मौखिक तथा लिखित अभिव्यक्ति प्रदान गर्नेलगायतका कार्यलाई समेटेको छ । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ । यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ६ घण्टा र स्वनिर्देशिततर्फ ९ घण्टा गरी जम्मा १५ घण्टा समय निर्धारण गरिएको छ ।

## २. विषयवस्तु

यस एकाइमा कुनै अंश पठन, शुभकामना, चिठीको परिचय, शब्द उच्चारण, शब्द निर्माण, सस्वर वाचन, वाक्य निर्माण, सुनाइ र प्रश्नोत्तर, चित्र वर्णन, कथा पठन, शब्दार्थ, उल्टो अर्थ दिने शब्द, लिङ्ग, वचन, क्रिया, लेख्य चिन्ह परिचय, सम्बद्ध विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) कुराकानी, संवाद, अन्तरक्रिया र प्रश्नोत्तरका आधारमा भाषिक सञ्चार गर्न

(ख) गीत, कविता, कथा तथा सूचनामूलक पाठ सुनी आफ्नै शब्दमा पुनर्कथन गर्न

(ग) श्रव्यदृश्य सामग्रीबाट सूचना तथा जानकारी लिन र दिन

(घ) निर्देशित शब्दका वर्णहरू प्रयोग गरी नयाँ शब्दहरू निर्माण गर्न

(ङ) निर्देशित शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

(च) आशय र भावअनुकूल हाउभाउ, गति र शुद्धतासहित पाठ पढ्न

(छ) विषयवस्तुका आधारमा शब्दभरण गरी वाक्य पूरा गर्न

(ज) लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन

(झ) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिन्हको प्रयोग गरी लिखित वर्णन गर्न

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सिकारुले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका

कविता, गीत, पाठसम्बद्ध चित्र आदिको प्रयोग गर्नुपर्छ ।

## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप


(क) सहजकर्ताले तलका जस्ता कुनै कविता प्रदर्शन अथवा अन्य कुनै वर्णन दिएर सिकारुलाई गाउन वा पढ्न लगाउनुहोस् :

**अगाडि बढ्न थालेँ म**

कुखुरी काँ गरेर भाले करायो
उठ नानी भनेर मलाई बोलायो
हतपत उठेर पढ्न थालेँ म
यसै गरी अगाडि बदन थालेँ म ।

सफासुग्घर भएर खाना खान्छु म
कापीकिताब लिएर पढ्न जान्छु म
हरेक साल नयाँ कक्षा चढ्न थालेँ म
यसै गरी अगाडि बदन थालें म ।

गुरुआमा गुरुलाई अति मान्दछु
आमाबुबा महान् हुन् भनी जान्दछु
सवने काम गर्न अघि सर्न थालेँ म
यसै गरी अगाडि बढ्न थालेँ म ।



(ख) आफूले प्रस्तुत गरेको कविता, गीत वा अन्य सामग्रीका बारेमा प्रश्न सोधेर छलफल गराउनुहोस् । सिकारुले पनि आफूले जानेका गीत, कविता, कथा वा कुनै वर्णन सुनाउनुहोस् ।

(ग) पुस्तकमा दिइएको पाठ सिकारुले सहजकर्ताबाट सुन्नुहोस्, दुईतीन पटक पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् अनि यसका मुख्य मुख्य विषयमा छलफल गर्नुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले सिकारुले देखेका घर, फलफूल, मौरी, बाटो, चामल आदि लेखिएका शब्दपत्ती सिकारुलाई दिनुहोस् र पढ्न लगाउनुहोस् । यी शब्दलाई तलको जसरी नै छुट्याएर लेख्न लगाउनुहोस् :

घर /घ/ /र/

(ख) सिकारुले आफ्नो पुस्तक वा अन्य सामग्रीमा भएका आफूलाई मन पर्ने शब्दलाई यसरी नै छुट्याएर सहजकर्तालाई वा घरमा कसैलाई देखाएर ठिक भएनभएको सुझाव लिनुहोस् ।

(ग) सिकारुले पाठको अभ्यासमा दिएको अंश वा अन्य कुनै अंश पढेर आफूलाई पढ्न गाह्रो लागेका शब्द पटक पटक पढ्ने अभ्यास गर्नुहोस् ।

(घ) सहजकर्ताले दिएका अन्डा-डन्डा, पाल-साल, कर्म-मर्म, तार-टार, फुल-फूल, आँत-आँट जस्ता उस्तै उस्तै

सुनिने शब्द पढ्नुहोस् र अर्थ बुझ्नुहोस् । अर्थ नबुझेमा सहजकर्तालाई सोध्नुहोस् ।

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले तलको जस्तै पाठ सुनाउनुहोस् र स्ववाचन गर्न लगाउनुहोस् । त्यसपछि यस अंशबाट विभिन्न प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् :

चउरमा साथीहरू बसिरहेका थिए । काका आइपुग्नुभयो । सबै जुरुक्क उठेर भने, "नमस्कार काका !" "नमस्कार ! बस, बस ।" काकाले भन्नुभयो । सबै बसे । काकाले थप्नुभयो, "किन यहाँ बसेका ? जाडो भयो होला ! भित्र बस ।" "होइन काका ! हामी त गाउँको बाटो सफा गर्ने कुरा पो गर्दै छौँ । कहाँ भित्र जाने भनेको ? बरु हजुर पनि जाने होइन ?

(ख) स्थानीय वातावरण, कार्यालय, समाज, संस्कार, संस्कृति, दैनिक क्रियाकलाप, परिवेश, सामयिक सन्दर्भ आदिलाई समेटी सहजकर्ताले निर्माण गरेको अन्य अनुच्छेदबाट पनि यसरी नै अभ्यास गराउनुहोस् ।

(ग) सहजकर्ताले तलका जस्तै गीत, कविता, कथा वा सूचनामूलक पाठ सुनाई सिकारुलाई आफ्नै शब्दमा भन्न वा छलफल गर्न लगाउनुहोस् :

भाइसँग साग छ जैँडासँग खाग
उँधो उँभो नहेरी बाटो लाग्यो नाग
पल्याकपुलुक हेरेर चुलबुले तँ भाग्
सल्याकसुलुक गर्दै छ बाटामुनि नाग
हाँस बाँसघारीमा चुच्चामुनि दाग
दानव युद्ध गर्छ रे भाग् मानव ! भाग् ।

(घ) सिकारुले पाठको चित्र हेरेर त्यसको वर्णन गरी एक अनुच्छेद लेख्नुहोस् र साथीलाई सुनाउनुहोस् । साथीको वर्णन पनि सुन्नुहोस् ।

(ङ) परिवारका सदस्यलाई सोधेर वा सहजकर्तासँग छलफल गरेर मानो, पाथी, तुलो, ढक, धार्नी, तराजु, कुटी, कमण्डलु, त्रिशूल, डमरु, ऋषि, मिटर, गज, मिलिमिटर, सेन्टिमिटर, किलोग्राम, लिटर, भाग, थाल शब्दका अर्थ बुझ्नुहोस् । शब्दका एकभन्दा बढी अर्थ पनि हुन्छन् । यी शब्दका एकभन्दा बढी अर्थ भएनभएको पनि थाहा पाउनुहोस् ।

(च) सम्भव भएमा सहजकर्ताले टेलिभिजन, कम्प्युटरलगायतका श्रव्यदृश्य सामग्रीबाट प्रसारित टेलिफिल्म, डकुमेन्ट्री वा मोबाइल, कम्प्युटर वा अन्य कुनै सामग्रीको उपयोग गरी रेकर्डिङ गरी गरिएका सामग्री प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्रीका आधारमा हाउभाउसहित छलफल, कुराकानी र प्रस्तुतिको अनुकरण गर्न लगाउनुहोस् ।

## क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले तलका जस्ता शब्द, अंश वा कुनै अंश छिटोछिटो पढेर सुनाउनुहोस् । यसरी पढ्दा सहजकर्ताले सिकारुको उच्चारण मिलेनमिलेको र अर्थ बुझेनबुझेको ख्याल गरेर सुझाव दिनुहोस् ।


**शब्द :** कपल्याकपुप्लुक, सल्याकसुलुक, फत्याकफुतुक, लत्याकलुतुक, पिटिक्क, घिटिक्क, चुलबुले, कचकच,

टिनटिन, टिकटिक, मुसुमुसु, थुरथुर

**अनुच्छेदः** काँसघारीमा हाँस करायो । हाँस कराउँदा अंशुमाको हंस उड्यो । उसलाई युद्ध हारेजस्तो लाग्यो । धर्म र कर्म नगरेकाले काँसघारीमा हाँस कराएको हो कि भन्ने ठानेर ऊ थचक्क बसी । त्यही बेला हाँस बाँसघारीतिर पस्यो ।

सहजकर्ताले वर्ण, शब्द, वाक्य र अनुच्छेद देखाउँदै पढेर सुनाउनुहोस् र पढेर सुनाउँदा आरोह, अवरोह, गति, यति र हाउभाउलाई विशेष जोड दिनुहोस् । सिकारुलाई पढ्न लागेको समय टिपोट गर्नुहोस् । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्न लगाउनुहोस् । पढ्न लागेको समय टिपोट गर्नुहोस् । त्यसपछि गति बढे नबढेको कुरा बताइदिनुहोस् । यसपछि स्तरअनुसारको विभिन्न किसिमका पाठहरू दिएर स्वतन्त्र रूपमा पढ्न लगाउनुहोस् ।

(ख) सिकारुले सहजकर्ताले देखाएका तलका जस्ता चित्र हेरेर उनीहरूले के विषयमा केके कुरा गरे होलान्, सोचेर उत्तर लेख्नुहोस् :



(ग) उल्लिखित जस्तै बोधगत अभ्यास गराउँदा सहजकर्ताले निम्नानुसारका पक्षमा विशेष ध्यान दिनुहोस् :

**पूर्वानुमान :** सिकारुको पूर्वज्ञान र पाठबाट प्राप्त सीमित सूचनाका आधारमा अनुमान गर्न लगाउनुहोस् ।

**संरचना पहिचानः** पढेका पाठको आदि, मध्य र अन्त्यमा आधारित भई प्रश्न सोधी संरचना पहिचान गर्न लगाउनुहोस् ।

**प्रश्न निर्माण :** पढेका सामग्रीबाट प्रश्न निर्माण गराउनुहोस् ।

**प्रश्नोत्तर :** पाठमा आधारित तथ्यगत प्रश्न, पाठसँग जोडेर सोधिने प्रश्न र पाठमा आधारित भएर सिकारुको ज्ञान र सिप परीक्षण गर्ने प्रश्न सोध्नुहोस् । पाठमा नै उत्तर भेटिने प्रश्न, पाठसँग जोडेर सोधिने प्रश्न तथा सिकारुको ज्ञान र सिपसँग सम्बन्ध प्रश्नको सन्तुलन र व्यवस्थापन गर्ने गर्ने निम्नानुसारका प्रश्नबाट पठनबोध क्षमता परीक्षण गर्नुहोस् :

(अ) गाउँका मानिसको दिनचर्या के हो ?

(आ) स्कुल जान पाएको भए म पात्रले के गर्थी होला ?

(इ) म पात्र वा सहरकी साथीको जस्तो घर भएको भए पल्लो गाउँकी साथीले के गर्थी ?

(ई) कसको जीवन सबभन्दा राम्रो हो ?

**सारांश :** लामो कथा, सूचना वा पाठलाई सार खिचेर प्रस्तुत गर्न, मुख्य विषयलाई पहिल्याई भन्न वा लेख्न लगाउनुहोस् ।

**घटना वर्णन :** मुख्य घटनालाई सिलसिला मिलाएर भन्न वा लेख्न लगाउनुहोस् ।

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ (स्वनिर्देशित)

(क) सिकारुले पाठ्यपुस्तकको उदाहरण हेरेर तलका जस्ता शब्द बनाई सहजकर्ता वा जान्नेलाई देखाउनुहोस् :

| क्षेत्र | शब्द |
|---|---|
| उल्टो अर्थ दिने शब्द | सरल (जटिल, अग्लो (........) उँभो (...........) धेरै (.........) सानो (....., माथि (......, वर (......., |
| उस्तै सुनिने शब्द | जाती (जाति....) जुन (.....) ताप (....) फुल (.....) सीता (....) दिसा (.....) हाँस (....) अंश (....) जुद्ध (.....) भक्ति (.....) धर्म (....) थुप्रो (.....) |
| अनुकरणात्मक शब्द | पल्याकपुलुक, ........,.......,...... |
| नाताका लागि प्रचलनमा रहेका शब्द | आमा, ........,.......,...... |
| नापतौलमा प्रचलनमा रहेका शब्द | माना, ........,.......,...... |
| जनावरबोधक शब्द | गाई, ........,.......,...... |
| अन्नबाली बुझाउने प्रचलित शब्द | धान, ........,.......,...... |
| समय बुझाउने परिचित शब्द | घण्टा, ........,.......,...... |
| पहिरन बुझाउने परिचित शब्द | साडी, ........,.......,...... |

(ख) सहजकर्ताले यस्ता अभ्यास गराउँदा निम्नानुसार सहजीकरण गर्नुहोस् :

(अ) **सादृश्यमा आधारित लेख्यवर्ण सचेतीकरण :** अपरिचित शब्दलाई परिचित आधारमा लेख्न वा भन्न लगाउने । जस्तै : इक' प्रत्ययका लागेको एउटा शब्द जानेका आधारमा 'नैतिक, शैक्षिक, सामाजिक, शारीरिक' र 'ली' प्रत्यय लागेका शब्दका आधारमा झापाली, पाल्पाली, गोरखाली जस्ता शब्द लेख्न लगाउने

(आ) **विश्लेषणमा आधारित लेख्यवर्ण सचेतीकरण :** परिचित शब्दको लिपि ध्वन्यात्मक सम्बन्धका आधारमा अपरिचित शब्द भन्न वा लेख्न लगाउने । जस्तै : काग, खाग, जाग, दाग, नाग, फाग, बाग, बाघ, भाग, माग, राग, साग जस्ता शब्द बनाउने, उच्चारण गर्ने र लेख्ने अभ्यास गराउने

(इ) **पाठमा आधारित लेख्यवर्ण सचेतीकरण :** पाठ पढ्दापढ्दै लेख्यवर्णका विषयमा शिक्षण गर्ने, शब्द सन्तुलनका आधारमा दिइएका शब्दको प्रयोग गराउने

(ई) **हिज्जेमा आधारित लेख्यवर्ण सचेतीकरण :** वर्णगत ध्वनि पहिचानपछि अक्षर संरचनागत ध्वनि पहिचान गराउने । जस्तै : दानव शब्दमा दा न व वा /दा/ नब्/ तथा उच्चारण गर्ने

(ग) सिकारुले बाग, बाघ, पाटी, पाठी, बाटो, बाठो शब्दको भिन्न अर्थ बुझी वाक्य बनाएर सुनाउनुहोस् ।

(घ) सहजकर्ताले तलको जस्तो शुभकामना पत्र पढेर सुनाउनुहोस् र सुकारुले पनि यस्तै शुभकामना पत्र बनाई सहजकर्ता वा परिवारका सदस्यलाई देखाउनुहोस् :

**शुभकामना पत्र**

विजया दशमी २०८१ को अवसरमा सम्पूर्ण महानुभावहरूलाई सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्छु ।

विश्वास मगर

(ङ) सहजकर्ताले तलको जस्ता केही चिठीका नमुना ल्याई पढेर सुनाउनुहोस् र चिठीकै बारेमा केही प्रश्न सोध्नुहोस् :

झापा

२०८१/११/११

प्रिय मित्र भूमिका,

नमस्कार ।

म त कोसी प्रदेशको यात्रा गर्न झापा आइपुगेँ । यो ठाउँ त हाम्रो कर्णाली प्रदेशभन्दा भिन्न रहेछ । यहाँ त सुपारी र नरिवल फल्दो रहेछ । चियाबारी पनि छ यहाँ त । अब भोलि हामी इलाम जान्छौँ । त्यो ठाउँ झन् रमाइलो छ रे । यसपालि त हामी १० दिन यतै पो बस्छौँ होला जस्तो छ ।

तिम्रो साथी

हरि महत

## क्रियाकलाप ५ : शब्दभण्डार (स्वनिर्देशित)

सिकारुले सहजकर्ताको निर्देशनका आधारमा पुस्तकको शब्दभण्डार खण्डमा दिइएका जोडा मिलाउने, उल्टो अर्थ दिने शब्द चिन्ने, खाली ठाउँ भर्ने र शब्द बनाउने अभ्यास गरी सहजकर्तालाई देखाएर सुझाव लिनुहोस् ।

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी लिङ्ग, वचन, पुरुष र काल चिनाउनुहोस् ।

(ख) सिकारुले सहजकर्ताको निर्देशनमा पाठ्यपुस्तकका चिन्हको प्रयोग गर्ने, अनुच्छेद लेख्न, वाक्य निर्माण गर्न लिङ्ग, वचन, पुरुष पहिचान अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले परीक्षण गरी सुझाव दिनुहोस् ।

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

सिकारुले आफूले दिनभरि गरेका काम लेख्नुहोस् । साथीलाई सोधेर साथीले गरेका काम पनि लेख्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् अनि सहजकर्ताबाट सुझाव लिनुहोस् ।

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

(क) सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये पहिलो अभ्यास परिवारका सदस्यसँग मिलेर

गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

### सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले शब्दको अर्थ बुझेर शब्दलाई वाक्यमा प्रयोग गर्ने, शब्द निर्माण गर्ने र उल्टो अर्थ दिने शब्द पहिचान गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) शुभकामना र चिठी लेखनको अभ्यास गराउनुहोस् ।

(ग) कुनै चित्र देखाई त्यसको वर्णन गर्न लगाउनुहोस् ।

(घ) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(घ) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका अनुलेखन तथा श्रुतिलेखन, पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| शब्दार्थ र वाक्य निर्माण सिकाउँदा | |
| शब्द निर्माण सिकाउँदा | |
| उल्टो अर्थ दिने शब्द सिकाउँदा | |
| चित्र वर्णन गराउँदा | |
| कुराकानी, संवाद, अन्तरक्रिया र प्रश्नोत्तर गराउँदा | |
| श्रव्यदृश्य सामग्रीबाट सूचना दिँदा | |
| हाउभाउ, गति र शुद्धतासहित पाठ पढ्दा | |
| लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई | |
| मौखिक तथा लिखित अभिव्यक्ति सिकाउँदा | |
| शुभकामना र चिठी सिकाउँदा | |

## मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| **मूल्याङ्कन आधार** | **स्तर** (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर

अभिभावकको हस्ताक्षर

# हाम्रो समुदाय

## १. परिचय

सिकारुले समुदायमा कुराकानी र छलफलका माध्यमले स्वतन्त्र रूपमा भाषिक अभ्यास गर्छन् । भाषिक अभ्यासका क्रममा समुदायमा घुलमिल भई शब्दभण्डार ग्रहण गरी मौखिक तथा लिखित अभिव्यक्ति वृद्धि गर्छन् । यस्ता परिचित सन्दर्भ कक्षागत सिकाइका लागि सान्दर्भिक र उपयुक्त मानिने भएकाले यस क्रममा सिकारुसँग भएको शब्दभण्डारको उपयोग गर्दै कार्यबोध, शब्दबोध र वाक्यमा प्रयोग, कुराकानी, छलफल र प्रश्नोत्तर, श्रव्यदृश्यबोध जस्ता कार्य सम्पादन गर्दा उपयुक्त भाषाको प्रयोग गर्ने क्रियाकलापले विशेष प्राथमिकता पाउँछन् । यस एकाइमा वर्णगत ध्वनि पहिचान, शब्द लेखन, हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति, चित्र तथा दृश्यवस्तुका आधारमा नाम र विषयवस्तुको बोध, विषयवस्तुबारे पूर्वानुमान वा अनुमान, वाक्य निर्माण, वर्तमान, भूत र भविष्यत् काल एवम् लिङ्ग, वचन, पुरुष र आदरका आधारमा सङ्गतिलगायतका कार्य एवम् कार्यमूलक व्याकरणका बारेमा चर्चा गरिने छ । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ । यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ६ घण्टा र स्वनिर्देशिततर्फ ९ घण्टा गरी जम्मा १५ घण्टा समय निर्धारण गरिएको छ ।

## २. विषयवस्तु

यस एकाइमा कुनै अंश पठन, निमन्त्रणा परिचय, शब्द उच्चारण, शब्द निर्माण, सस्वर वाचन, वाक्य निर्माण, सुनाइ र प्रश्नोत्तर, चित्र वर्णन, कथा पठन, शब्दार्थ, उल्टो अर्थ दिने शब्द, धेरै अर्थ दिने शब्द, लिङ्ग, वचन, क्रिया, लेख्य चिन्ह परिचय, सम्बद्ध विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) कुराकानी, संवाद, अन्तरक्रिया र प्रश्नोत्तरका आधारमा भाषिक सञ्चार गर्न

(ख) गीत, कविता, कथा तथा सूचनामूलक पाठ सुनी आफ्नै शब्दमा पुनर्कथन गर्न

(ग) दुई दृश्य अवस्थाको तुलना गरी मौखिक तथा लिखित वर्णन गर्न

(घ) शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्न तथा लेख्न

(ङ) पाठमा पढेका शब्दको अर्थबोध गरी धेरै अर्थ दिने शब्दहरू खोज्न

(च) हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्य रचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन गर्न

(छ) विषयवस्तुका आधारमा शब्दभरण गरी वाक्य पूरा गर्न

(ज) रुचिका विषयक्षेत्र वा शीर्षकमा आधारित भई स्वतन्त्र लेखन गर्न

(ज) लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन

(झ) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिन्हको प्रयोग गरी लिखित वर्णन गर्न

(ञ) क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सिकारुले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका कविता, गीत, पाठसम्बद्ध चित्र, शब्दपत्ती आदिको प्रयोग गर्नुपर्छ ।

## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले तलका जस्ता कुनै कविता प्रदर्शन अथवा अन्य कुनै वर्णन दिएर सिकारुलाई गाउन वा पढ्न लगाउनुहोस् ः

**विद्यालय जाउँला**

धाराको पानी ल्याएर
हात मुख धोएर
स्वादिलो खाना खाउँला
विद्यालय जाउँला ।
काँधमा झोला बोकेर
खुट्टामा जुत्ता लाएर
मुखले गीत गाउँला
विद्यालय जाउँला ।
साथी र भाइ कस्ता छन्
नड र मासु जस्ता छन्
तीसँग खेल्न पाउँला
विद्यालय जाउँला ।
जोर र बिजोर गनेर
हिसाबकिताब भनेर
स्याबासी धेरै पाउँला
विद्यालय जाउँला ।



(ख) आफूले प्रस्तुत गरेको कविता, गीत वा अन्य सामग्रीका बारेमा प्रश्न सोधेर छलफल गराउनुहोस् । सिकारुले पनि आफूले जानेका गीत, कविता, कथा वा कुनै वर्णन सुनाउनुहोस् ।

(ग) पुस्तकमा दिइएको पाठ सिकारुले सहजकर्ताबाट सुन्नुहोस्, दुईतीन पटक पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् अनि यसका मुख्य मुख्य विषयमा छलफल गर्नुहोस् ।

(घ) सहजकर्ताले पुराण, बाइबल, भाग्यमानी, देवता, भकारी, कर्मवीर जस्ता केही शब्दका पत्ती देखाएर उच्चारण गर्ने र अर्थ भन्ने अभ्यास गराउनुहोस् ।

## मुख्य सिकाइ कार्यकलाप

### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले सान्दर्भिक कथा, गीत वा कविता सुनाई देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन लगाउने, आफ्ना अनुभव भन्न लगाउने, यस्ता प्रसङ्ग वा सन्दर्भ सुनाउँदा तोकिएका शब्द र वर्ण प्रयोगमा ध्यानकेन्द्रित गरी तिनीहरू बढीभन्दा बढी अभ्यास गर्ने अवसर प्रदान गर्नुहोस् । जस्तै :

फेवातालमा जलकुम्भी माछापुच्छ्रे जिल्ल
गुम्बाभित्र साङ्ला पसे पानी भरे टिल्ल
उत्तर लाग्यो पानीजहाज हेलिकोप्टर चढ
पिर्का, गुन्द्री, मान्द्रो किन्ने आज को पो छ र !

(ख) सिकारुले जानेका शब्दलाई उच्चारणका आधारमा समूह बनाई शब्दोच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

**एकाक्षरी शब्द समूह :** स्वाद, धन, ढक, चाड, साग, भात, खाट, घर, जल

**दुईक्षरी शब्द समूह :** पानी, तारा, राजा, ठसठस, उत्तिस, पसल, मङ्सिर, छलफल ओछ्यान....

**तीनक्षरी शब्द समूह :** पालुङ्गो, सिपालु, फेवाताल, वासस्थान, इन्द्रेनी, अमला, पोखरी, गैरीखेत, खरायो, बिरालो

**चारअक्षरी शब्द समूह :** गड्याङगुडुङ, जलकुम्भी, पानीजहाज, विद्यालय, सूर्यमुखी, पानीजहाज, धारापानी, कच्याककुचुक, सुलुसुलु

(ग) सिकारुले आफ्नो पुस्तक वा अन्य सामग्रीमा भएका आफूलाई मन पर्ने शब्दलाई यसरी नै छुट्याएर सहजकर्तालाई वा घरमा कसैलाई देखाएर ठिक भएनभएको सुझाव लिनुहोस् ।

(घ) सिकारुले पाठको अभ्यासमा दिएको अंश वा अन्य कुनै अंश पढेर आफूलाई पढ्न गाह्रो लागेका शब्द पटक पटक पढ्ने अभ्यास गर्नुहोस् ।

### क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले सिकारुले देखेका कुनै दुई स्थान वा दृश्यवस्तुका मिल्दा वा नमिल्दा कुराका बारेमा प्रश्नोत्तर गराउनुहोस् ।

(ख) सिकारुले आफूले सुनेको कुनै एउटा गीत वा घटना सुनाउनुहोस् र साथीलाई तलका प्रश्न सोधी उत्तर भन्न लगाउहोस् :

(अ) तपाईँले सुनेको गीत वा घटनाको विषय के थियो ?

(आ) उक्त गीत वा घटनाबाट तपाईँले के के सिक्नुभयो ?

(ग) परिवारका सदस्यलाई सोधेर वा सहजकर्तासँग छलफल गरेर खोरिया, गोबर, गन्ध, घन्टी, घाम, ड्याउरो, च्याखुरो, छाना, छाता, ज्याकेट, झर्ना, झाडी, पञ्च, मञ्च, ठमठम, ठमेल शब्दका अर्थ बुझ्नुहोस् । यी

शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

## क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले पुस्तकमा दिइएको संवाद साथीसँग मिलेर पढ्नुहोस् । संवादको विषय बुझ्नुहोस् र संवादबाट य, र, ल, व प्रयोग भएका शब्द टिप्नुहोस् र सहजकर्तालाई देखाई मिलेनमिलेको थाहा पाउनुहोस् ।

य प्रयोग भएका शब्द :........................................

र प्रयोग भएका शब्द :........................................

ल प्रयोग भएका शब्द :........................................

व प्रयोग भएका शब्द :........................................

(ख) स्थानीय लोकलयमा आधारित गीत वा कविता सङ्कलन गरी सहजकर्ताले ताली बजाउँदै गति, यति र लय हालेर गाउनुहोस् र सिकारुलाई सुन्न अभिप्रेरित गर्नुहोस् । दोस्रो अभ्यासमा सिकारुलाई ताली बजाउन सिकाउनुहोस् । तेस्रो अभ्यासमा ताली बजाउँदै आफूले पनि गाउने र सिकारुलाई पनि सँगसँगै गाउन लगाउनुहोस् । जस्तै :

छठ, ल्होसार, पूर्णिमामा रमाउँछौँ हामी
चाडवाडमा भेटघाट गर्ने पनि हामी
पिर्का, गुन्द्री, मान्द्रो बुन्न सिपालु छौँ हामी
गृहकार्य, कक्षाकार्य गर्नुपर्छ नानी

(ग) यस्ता कवितालाई हाउभाउ, गति र शुद्धतासहित सस्वर, युगल, समूह, स्वतन्त्र र द्रुत पठन गर्न लगाउनुहोस् ।

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण / लेखाइ (स्वनिर्देशित)

(क) सहजकर्ताले यज्ञ, विमान, कक्षा, त्रिशूल, रकेट, लसुन, वकिल आदिका चित्र देखाउनुहोस् र सकेसम्म छिटो तिनका नम लेख्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् ।

(ख) सहजकर्ताले सिकारुलाई तलको जस्तो तालिका बनाउन लगाउनुहोस् :

| उ प्रयोग भएका शब्द | त प्रयोग भएका शब्द | र प्रयोग भएका शब्द | ल प्रयोग भएका शब्द |
|---|---|---|---|
| | | | |

यसपछि तलका जस्ता शब्द पत्तीमा लेखेर सिकारुलाई देखाउनुहोस् । सिकारुले यी शब्द पढ्दै तालिकामा भर्नुहोस् :

तपस्या, लप्सी, उमा, रसबरी, तराजु, लड्डु, रकेट, उपमा, उपकार, लहरा, रतुवा, तरकारी, उत्पात,लगनखेल, रत्ना

(ख) सहजकर्ताले स्वास्थ्य, बिरामी, बेहाल, उपचार, सहयोग, निको, धन्यवाद तस्ता शब्द भनिदिनुहोस् र ती शब्द प्रयोग गरेर सिकारुले एक अनुच्छेद लेख्नुहोस् ।

(ग) सिकारुले पाठको भाग्यमानी कविता पढ्नुहोस् र उत्तर दिनुहोस् :

(अ) मानिसले के के पढ्छन् ?

(आ) हामी किन भाग्यमानी छौँ ?

(इ) पाहुनालाई किन सम्मान गर्नुपर्छ ?

(ई) हामी कहिले खुसियाली मनाउँछौँ ?

(उ) कर्मवीर भनेको के हो ?

(घ) शब्दको अन्त्यमा भएको वर्ण पहिचान गर्नुहोस् र ती वर्णबाट सुरु हुने एक एक शब्द लेखी सहजकर्तालाई देखाउनुहोस् :

जस्तै : असल, छलफल, अड्कल, फेवाताल, बेहाल (लबाट उठ्ने लहरा.....)

## क्रियाकलाप ५ : शब्दभण्डार (स्वनिर्देशित)

(क) सिकारुले सिकारु, विद्यालय, सिकारु, प्रधानाध्यापक, कर्मचारी, पुस्तकालय, कक्षाकोठा, कालोपाटी, भित्ता, डेक्स, बेन्च, चित्र शब्दलाई वाक्यमा प्रयोग गर्नुहुन्छ । सक्नुभयो भने एकभन्दा बढी अर्थ आउने वाक्यमा प्रयोग गरेर देखाउनुहोस् ।

(ख) पाठको कोठेपद समाधान गरी देखाउनुहोस् ।

(ग) सहजकर्ताले देखाएको निमन्त्रणा पत्र पढेर त्यस्तै निमन्त्रणा पत्र बनाउनुहोस् :

### निमन्त्रणा पत्र

श्री ............................

यस पुस्तकालयको वार्षिकोत्सव कार्यक्रममा उपस्थित भइदिनुहुन अनुरोध छ ।

प्रमुख

नमुना पुस्तकालय

कार्यक्रम

मिति : २०८२/०५/०५

समय : बिहान ११ बजे

स्थान : पुस्तकालयको सभाकक्ष

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी लिङ्ग, वचन, र क्रिया चिनाउनुहोस् ।

(ख) सिकारुले सहजकर्ताको निर्देशनमा पाठ्यपुस्तकका खाली ठाउँ भर्न वाक्य निर्माण गर्ने, अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले परीक्षण गरी सुझाव दिनुहोस् ।

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

सिकारुले पुस्तकमा दिइएको वा अन्य कुनै विषयमा अनुच्छेद लेख्नुहोस् । अनुच्छेद लेख्दा सुरुमा परिचय दिने एक वाक्य, त्यसपछि विस्तार गर्ने तीन वाक्य र अन्तिममा समापन गर्ने एक वाक्य वाक्य लेख्न सिक्नुहोस् । यसै गरी खाली ठाउँमा मिल्ने शब्द राखेर कथा लेख्न सिक्नुहोस् र आफूले लेखेको कथा अरुलाई सुनाउनुहोस् ।

### क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

(क) सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये पहिलो अभ्यास परिवारका सदस्यसँग मिलेर गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

### सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले शब्दभरण गरी वाक्य पूरा गर्ने, शब्द निर्माण गर्ने, शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्न तथा लेख्ने, लिङ्ग र वचनको सङ्गति तथा क्रियाका कालअनुसारका वाक्यको प्रयोग गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) निमन्त्रण पत्रको अभ्यास गराउनुहोस् ।

(ग) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(घ) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका अनुलेखन तथा श्रुतिलेखन, पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| वाक्य निर्माण सिकाउँदा | |
| वर्ण छुट्याएर र जोडेर पढ्न तथा लेख्न सिकाउँदा | |
| उल्टो अर्थ दिने शब्द सिकाउँदा | |
| धेरै अर्थ दिने शब्दहरू खोज्न लगाउँदा | |
| कुराकानी, संवाद, अन्तरक्रिया र प्रश्नोत्तर गराउँदा | |
| दुई दृश्य अवस्थाको तुलना गराउँदा | |
| हाउभाउ, गति र शुद्धतासहित पाठ पढ्दा | |
| लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति सिकाउँदा | |
| निमन्त्रणा पत्र लेख्न सिकाउँदा | |

## मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर                                                        अभिभावकको हस्ताक्षर

# हाम्रो विद्यालय

## १. परिचय

घरपरिवारपछिको ज्ञान प्राप्त गर्ने दोस्रो स्थान विद्यालय हो । सिकारुले धेरै समय विद्यालयमा बिताउने हुनाले विद्यालयबाट धेरै कुरा सिक्न सक्छन् । विद्यालयको परिवेशमा विद्यालयको भवन, पाठ्यसामग्री, बगैँचा, खेलसामग्री, खेलमैदान, चमेना गृह, कक्षाकोठा, पुस्तकालय जस्ता क्षेत्र पर्छन् । यस्ता सन्दर्भमा सिकारुको भाषिक प्रयोगको आधार तथा क्षेत्र पृथक् रहन सक्छ । उक्त पृथक् क्षेत्रमा आधारित भई यस विषयक्षेत्रमा भाषा प्रयोग र सञ्चारका क्रममा सिकारुले समान एवम् असमान संरचनायुक्त शब्दहरूका ध्वनि थप्न र झिक्न, दुई दृश्यात्मक अवस्थाको तुलना गरी मौखिक तथा लिखित वर्णन, विभिन्न दृश्यात्मक सूचना तथा सामग्रीको अर्थपूर्ण बुझाइ गरी प्रतिक्रिया, शीर्षक र पूर्वज्ञानका आधारमा पाठ पढ्न र त्यसका आधारमा स्वसिकाइको परीक्षण, पाठ पढेर वा सुनेर स्वमूल्याङ्कन, निर्धारित पाठका पात्र तथा शीर्षक परिवर्तन गरी वर्णन एवम् पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिनलगायतका कार्यलाई समावेश गरिएको छ । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ । यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ६ घण्टा र स्वनिर्देशिततर्फ ९ घण्टा गरी जम्मा १५ घण्टा समय निर्धारण गरिएको छ ।

## २. विषयवस्तु

यस एकाइमा दैनिक प्रयोगमा आउने शब्द, शीर्ष शब्द र विसङ्केतक शब्द प्रयोग गरी आफ्नो विद्यालयसम्बद्ध विषयवस्तु पहिचान र वर्णन, शब्दको सुरु, मध्य र अन्त्यका वर्णगत ध्वनि पहिचान, पाठ पढेर वा सुनेर स्वमूल्याङ्कन, जटिल शब्दलाई वस्तु र विचारका आधारमा सूचीबद्ध र उच्चारण, सामान्य वर्तमान, भूत र भविष्यत् कालको प्रयोग, पदसङ्गति र लेख्यचिन्हको प्रयोगका सचेततासहितको अभिव्यक्तिसँग सम्बद्ध विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) सरल तथा जोडेमोडेका वर्णयुक्त शब्दको पहिचान गरी उच्चारण गर्न

(ख) दुई दृश्य अवस्थाको तुलना गरी मौखिक तथा लिखित वर्णन गर्न

(ग) संयुक्त वर्ण संरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्न तथा लेख्न

(घ) विद्यालयमा प्रयोग गरिने वस्तु जनाउने शब्दहरूको सूची बनाउन

(ङ) हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्य रचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन गर्न

(च) लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन

(छ) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिन्हको प्रयोग गरी लिखित अभिव्यक्ति गर्न

(ज) क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सिकारुले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका कविता, गीत, पाठसम्बद्ध चित्र, शब्दपत्ती आदिको प्रयोग गर्नुपर्छ ।


## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले तलका जस्ता कुनै अंश सुनाएर सिकारुलाई विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् :

४. सुन्नुहोस र उत्तर भन्नुहोस :

**नुमा उठिन्**



नुमा खेल्दै थिइन् । उनी खेल्दाखेल्दै लडिन्। उनलाई ननिको लाग्यो । उनले "आमा" भनेर बोलाइन् । आमा बोल्नुभएन । उनलाई नमज्जा पनि लाग्यो । उनका आँखा तिरिमिरी भए । बेहोस भइएला जस्तो भयो । त्यसपछि त नुमालाई धेरै नरमाइलो लाग्यो । उनी फेरि चिच्याइन् तर कसैले सुनेन । भाइले सुनेर पनि अटेर गरेको हो कि ? उनले यस्तै सोचिन् । एकछिन भुइँमा लडिरहिन् । लामो सास फेरिन् । नुमाले उठ्ने कोसिस गरिन् । केही बेरपछि उनी जुरुक्क उठिन्। नुमाले बाहिरतिर हेरिन् । आमा र भाइ त परबाट आउँदै हुनुहुँदो रहेछ । घरमा नभएर पो नबोल्नुभएको रहेछ ।

(क) का लड्या ?

(ख) नुमा के गर्दा उठ्न सकिन् ?

(ग) नुमालाई किन नरमाइलो लाग्यो ?

(घ) नुमा जस्तै तपाईं पनि लड्नुभयो भने के के गर्नुहुन्छ ?

(ख) सिकारुले पनि आफूले जानेका गीत, कविता, कथा वा कुनै वर्णन साथीलाई सुनाएर यस्तै प्रश्न सोध्नुहोस् र उत्तर दिन लगाउनुहोस् ।

(ग) पुस्तकमा दिइएको पाठ सिकारुले सहजकर्ताबाट सुन्नुहोस्, दुईतीन पटक पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् अनि यसका मुख्य मुख्य विषयमा छलफल गर्नुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले तलका जस्ता कविता सुनाउनुहोस् र पाकेका, भरर, जुरेली, मुरली, मादल शब्दबाट बिचको अक्षर झिकेर अरु शब्द बनाउन लगाउनुहोस् :

चरा आए उडेर प्वाँख फरर
पाकेका ती ऐँसेलु झरे भरर
पारी वनमा कोइली गाउँछ मिठो गीत
आऊ न साथी मिलेर लाऊँ न मिठो प्रीत

घरमा गाईवस्तु छन् वनमा जुरेली
गाईबाख्रा चराउँदै बजाऊ मुरली
म बजाउँछु मादल नाच छमछम
स्कुलमा मेला छ होला रमझम

(ख) विद्यालयको सेरोफेरोमा उपलब्ध हुने, कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, खानेपानी, शौचालय, खेलमैदान जस्ता विषयवस्तुमा केन्द्रित भई छलफल, प्रस्तुति, प्रश्नोत्तर, परियोजना कार्य आदि क्रियाकलाप गराउनुहोस् । यही क्रममा सिकारुलाई पुस्तकको पाठ पढेर छलफल गर्न लगाउनुहोस् । घडी हेरेर पाठ छिटो पढ्ने अभ्यास पनि गर्नुहोस् ।

(ग) निम्नानुसार शब्द समूह तयार पारेर कक्षामा प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् :

(अ) सिकारुले शब्दका सुरु ध्वनि झिकेर नयाँ शब्द बनाउनुहोस् :

अँगालो, अटेर, अनदी, ककनी, बिजुली, कदर, कपाल, कबोल, कमान, कमेरो, करङ, कसार

(आ) सिकारुले शब्दका बिचका ध्वनि झिकेर नयाँ शब्द बनाउनुहोस् :

चाकर, चहक, चमेरो, चोकर, चुमान, जमल, चामल

(इ) सिकारुले शब्दका सुरुमा ध्वनि थपेर नयाँ शब्द बनाउनुहोस् :

पाल, बोल, मान, मेरो, रङ, सार, हिले, गज, नार, राना, मार, बेर, नोट, तारा, कर

(ई) सिकारुले शब्दका मध्यमा ध्वनि थपेर नयाँ शब्द बनाउनुहोस् :

जता, जन, छोडा, छरी, छारो, चोर, चुट, झाल, जोर, जुस, जान, जालो, जरा

(घ) विद्यालय परिवेशसँग सम्बन्धित रही दुई दुई जना सिकारुको समूहलाई संवाद गर्न लगाउनुहोस् । संवादका क्रममा विद्यालयको इतिहास, विद्यालयको परिचय, विद्यालयको महत्त्व, विद्यालयमा हुने गतिविधि, विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप आदिको ज्ञान, धारणा, विचार अभिव्यक्ति दिन निर्देशन दिनुहोस् । जस्तै :

हाम्रो विद्यालयको पूर्वतिर सडक छ । उत्तरतिर ठुलो चउर छ । चउरको बिचमा पिपलको विशाल रुख छ । त्यही पिपलको फेदमा चौतारा छ । विद्यालयका अतिरिक्त क्रियाकलाप यही चउरमा सञ्चालन हुन्छ । चउर जम्मा भएर खेल खेल्छौँ । विद्यालयको दक्षिणतिर खोला छ । खोलापारि हरियो वन छ । वनमा कटुस, उत्तिस, कोइरालो चिलाउने आदिका ठुला ठुला रुख छन् । त्यो वनमा ढुकुर, जुरेली, चिबे, कालिज जस्ता चरा पाइन्छन् ।

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले पाठको चित्र, सिकारुले देखेका कुनै दुई स्थान वा दृश्यवस्तुका मिल्दा वा नमिल्दा कुराका बारेमा प्रश्नोत्तर गराउनुहोस् ।

(ख) सिकारुले सूचना पढ्नुहोस् र उत्तर भन्नुहोस् :

## बालदिवससम्बन्धी सूचना !

बालदिवसका दिन यस विद्यालयले खेलकुद कार्यक्रम आयोजना गरिने भएकाले आफ्ना अभिभावकसँग उपस्थित हुन अनुरोध गरिएको छ ।

प्रधानाध्यापक

सूर्योदय अनौपचारिक विद्यालय

मिति : भदौ २९ गते

स्थान : विद्यालयको सभाकक्ष

समय : बिहान ९ बजे

प्रश्न

(अ) सूचना के विषयमा छ ?

(आ) सूचना कसले गरेको हो ?

(इ) बालदिवसमा के कार्यक्रम हुँदै छ ?

(ई) खेलकुद कहिले हुँदै छ ?

(उ) यो सूचना हेरेर घर गएपछि तपाईं के गर्नुहुन्छ ?

### क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले तलका जस्ता कवितालाई हाउभाउ, गति र शुद्धतासहित सस्वर, युगल, समूह, स्वतन्त्र र द्रुत पठन गर्न लगाउनुहोस् र कवितासँग सम्बन्धित प्रश्न सोधेर उत्तर भन्न वा लेख्न लगाउनुहोस् :

रङ्गीचङ्गी फूलमा
बसे भमरा
दसैं आयो शिरमा
टीका जमरा
लेकबेँसी गरेर
बित्यो जीवन
केही गर्न सकिनँ
भन्दै नभन
हातभरि सिप छ
माटो खेल न
मनको साँचो सोचलाई
बाहिर पोख न

प्रश्न

(अ) साथी र तपाईँ मिलेर यो गीत गाउनुहोस् ।

(आ) फूलमा र शिरमा के के छन् ?

(इ) के भन्नुहुँदैन ?

(ई) सिपलाई के गर्नुपर्छ ?

(उ) साँचो सोचलाई के गर्नुपर्छ ?

(ख) सिकारुले तलका शब्दको फरक अर्थ बुझेर भिन्न भिन्न वाक्यमा प्रयोग गर्नुहोस् र सहजकर्तालाई देखाई मिल्योमिलेन थाहा पाउनुहोस् :

सही : ............................................................

सहीः............................................................

पत्र :............................................................

पत्रः............................................................

पाल............................................................

पाल :............................................................

ताप :............................................................

ताप :............................................................

(ग) स्थानीय लोकलयमा आधारित गीत वा कविता सङ्कलन गरी सहजकर्ताले ताली बजाउँदै गति, यति र लय हालेर गाउने र सिकारुलाई सुन्न अभिप्रेरित गरी हाउभाउ, गति र शुद्धतासहित वर्ण, शब्द, वाक्य र सरल अनुच्छेदसमेत पढ्न लगाउनुहोस् ।

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ (स्वनिर्देशित)

(क) सिकारुले विद्यालयमा प्रयोग हुने दश चिजवस्तुका नाम लेखी सहजकर्तालाई देखाउनुहोस् ।

(ख) सिकारुले आफ्ना साथीका बारेमा एक अनुच्छेद लेख्नुहोस् र साथीलाई देखाउनुहोस् । साथीले लेखेको अनुच्छेद पनि पढ्नुहोस् । सहजकर्ताले सिकारुले लिङ्ग, वचन र पुरुषको उपयुक्त प्रयोगमा गरेनगरेको ख्याल गरी सच्याइदिनुहोस् ।

(ग) सिकारुले बिहान उठेदेखि राति सुत्नेबेलासम्म आफूले गरेका मुख्य मुख्य काम भन्नुहोस् वा र लेखेर देखाउनुहोस् । यस क्रममा सहजकर्ताले सिकारुलाई वर्तमान, भूत र भविष्यत् कालका क्रियापद प्रयोग गर्न उत्प्रेरित गर्नुहोस् ।

## क्रियाकलाप ५ : शब्दभण्डार (स्वनिर्देशित)

(क) सिकारुले तलका वर्णबाट सुरु हुने पाँच पाँच शब्द लेख्नुहोस् र शुद्ध भएनभएको जाँच्न सहजकर्तालाई देखाउनुहोस् :

| च बाट सुरु हुने | त्रि बाट सुरु हुने | ज्ञ बाट सुरु हुने | ट बाट सुरु हुने | स बाट सुरु हुने |
|---|---|---|---|---|
| | | | | |

(ख) तलका शब्दको अर्थ बुझ्नुहोस् र यी शब्दलाई वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् :

जल, मल, सार, कसार, कर, चहक, हक, सदर, कदर, बदर, शौचालय, उत्कृष्ट, प्वाँख, छमछम, उपस्थित

(ग) सिकारुले पुस्तकालयमा गएर आफूलाई मन लागेका सामग्री पढ्नुहोस् र आफूलाई कठिन लागेका शब्द टिपोट गर्नुहोस् । सुकारुले टिपोट गरेका कठिन शब्दको अर्थ सहजकर्तालाई सोधेर जान्नुहोस् ।

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी लिङ्ग, वचन र क्रिया चिनाउनुहोस् ।

(ख) सिकारुले सहजकर्ताको निर्देशनमा पाठ्यपुस्तकका खाली ठाउँ भर्ने, वाक्य निर्माण गर्ने, तालिकाबाट वाक्य बनाउने अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले परीक्षण गरी सुझाव दिनुहोस् ।

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

सिकारुले तलका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् र आफूले लेखेको कथा अरुलाई सुनाउनुहोस् :

एक जना भक्तले ईश्वरको भक्ति गर्नु ...... ईश्वर खुसी भएर वर माग भन्नु ....ईश्वरले एउटा मात्र वर दिने सर्त राख्नु ..... भक्तका बाआमा दृष्टिविहीन हुनु..... उसले आँखा माग्ने विचार गर्नु ....... पत्नीको सल्लाहअनुसार वर माग्ने निर्णय गर्नु ..... उसले मेरा बाआमाले आँगनमा बसेर सुनका थालमा खिर खाँदै गरेका मैले पाँच तले घरको छतमा बसेर हेर्न पाऊँ भन्नु .... एउटा वर दिने ईश्वर नै छक्क पार्नु

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

(क) सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये पहिलो अभ्यास परिवारका सदस्यसँग मिलेर गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

## सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले सरल तथा जोडेमोडेका वर्णयुक्त शब्दको पहिचान गरी उच्चारण गर्ने, संयुक्त वर्ण संरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्ने तथा लेख्ने, लिङ्ग र वचनको सङ्गति तथा क्रियाका कालअनुसारका वाक्यको प्रयोग गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(ग) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| वाक्य निर्माण सिकाउँदा | |
| सरल तथा जोडेमोडेका वर्णयुक्त शब्दको पहिचान गरी उच्चारण गर्न सिकाउँदा | |
| संयुक्त वर्ण संरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्ने तथा लेख्न सिकाउँदा | |
| कुराकानी, संवाद, अन्तरक्रिया र प्रश्नोत्तर गराउँदा | |
| दुई दृश्य अवस्थाको तुलना गराउँदा | |
| हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्य रचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन गराउँदा | |
| लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति सिकाउँदा | |
| पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिन्हको प्रयोग सिकाउँदा | |

### मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर अभिभावकको हस्ताक्षर

५. विषय क्षेत्र

# हाम्रो वातावरण

## १. परिचय



भाषिक सिप सिकाइमा वातावरण महत्त्वपूर्ण हुन्छ । नेपाली विषयसँग सम्बन्धित यो सिकाइ क्षेत्रले सिकारुले आफू र आफ्नो वातावरणमा सिक्ने भाषिक सन्दर्भ, भाषिक प्रकार्य र भाषिक सञ्चार जस्ता पक्षमा जोड दिने छ । यस विषयक्षेत्रमा भाषिक सम्पादन र शब्दभण्डार वृद्धिमा जोड दिइएको छ । यस विषयक्षेत्रमा एकीकृत संरचनाबमोजिम पाठयोजना निर्माण तथा कार्यान्वयनमा सहजता हुने अपेक्षा गरिएको छ। सिकारुमा शब्दभण्डारको विकास राम्रो भएमा भाषिक सञ्चार प्रभावपूर्ण हुन्छ । बोध र अभिव्यक्तिका क्रममा आत्मविश्वास बढ्छ । सिकारुले जानेका शब्दको उपयोग गरी आत्मविश्वास र प्रवाहका साथ अभिव्यक्ति र सञ्चार गर्नु सान्दर्भिक हुन्छ । शब्दभण्डारको विकासले शब्दमा ध्वनि जोड्ने र छुट्याउने जस्ता भाषिक प्रकार्यमा सिकारु अभ्यस्त हुन्छन् । यस विषय क्षेत्रमा सिकारुले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुको स्वमूल्याङ्कनसहित मौलिक वाक्यमा लिखित तथा मौखिक वर्णनलगायतका कार्य गर्ने छन् । यस्ता कार्य एकल, दौँतरी, ससाना समूहमा र अन्य व्यक्तिसँग कुराकानी तथा छलफल गरेरसमेत हाम्रो वातावरण विषय क्षेत्रसम्बद्ध भाषिक कार्य गर्ने छन् । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ। यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ५ घण्टा र स्वनिर्देशिततर्फ १५ घण्टा गरी जम्मा २० घण्टा समय निर्धारण गरिएको छ।

## २. विषयवस्तु

यस एकाइमा शब्दमा सर्गपरक ध्वनि जोड्न, समान एवम् असमान संरचनायुक्त शब्दहरूका ध्वनि थप्न र झिक्न, दुई दृश्यात्मक अवस्थाको तुलना गर्न, निर्धारित पाठको पात्र तथा शीर्षक परिवर्तन गरी वर्णन तथा पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्तिसम्बद्ध विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) पाठमा प्रयुक्त समान र असमान ध्वनि भएका शब्द पहिचान र उच्चारण गर्न

(ख) विभिन्न दृश्य सूचना तथा सामग्रीबारे प्रतिक्रिया दिन

(ग) संयुक्त वर्ण संरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्न

(घ) शब्दहरूको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न

(ङ) हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्य रचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन गर्न

(च) पाठका आधारमा घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन गर्न

(छ) लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन

(ज) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिन्हको प्रयोग गरी लिखित अभिव्यक्ति दिन

(झ) क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सिकारुले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका कविता, गीत, पाठसम्बद्ध चित्र, शब्दपत्ती आदिको प्रयोग गर्नुपर्छ।

## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले तलका जस्ता कुनै कविता सुनाएर सिकारुलाई शब्दको सही उच्चारण गर्न, स्वगतिमा पढ्न र विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् :

**कम्मर कस्नुहोस्**

हिमाल, पहाड, सफा छ सफा तराई
वनजङ्गल सफा छ मनै रमाई
वातावरण स्वच्छ छ सफा बस है
हावा, पानी, माटालाई सफा राख है
फोहोर धुलोमैलाले रोग निम्त्याउने
रोगव्याधि बढेमा स्वास्थ्य बिग्रने
प्रदूषण रोक्नुहोस् सभ्य बन्नुहोस्
वातावरण जोगाउन कम्मर कस्नुहोस्
फोहोर गर्ने हामी हौँ दोषी हामी हौँ
वातावरण जोगाउने कर्ता हामी हौँ
स्वच्छ घरआँगन स्वच्छ हुन्छ मन
हिमाल, पहाड, तराई चम्किदिन्छ झन्



(ख) सिकारुले पनि आफूले जानेका गीत, कविता, कथा वा कुनै वर्णन साथीलाई सुनाएर यस्तै प्रश्न सोध्नुहोस् र उत्तर दिन लगाउनुहोस्।

(ग) पुस्तकमा दिइएको पाठ सिकारुले सहजकर्ताबाट सुन्नुहोस्, दुईतीन पटक पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् अनि यसका मुख्य मुख्य विषयमा छलफल गर्नुहोस्।

### मुख्य सिकाइ कार्यकलाप

#### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले पुस्तकको पाठ पढ्दा पहाड, वनजङ्गल, स्वच्छ, रोगव्याधि, प्रदूषण, दोषी जस्ता शब्दको उच्चारण सही तरिकाले गरेनगरेको ख्याल गरी पटक पटक अभ्यास गराउनुहोस्। पाठ पनि पटक पटक पढ्न लगाउनुहोस्।

(ख) पाठ राम्रोसँग पढिसकेपछि वातावरण, रोग, स्वास्थ्य, सभ्य, कर्ता, स्वच्छ जस्ता केही शब्द दिई ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाई जाँचिदिनुहोस् ।

(ग) सहजकर्ताले दिएका केही उदाहरणका आधारमा सिकारुले अक्षर र शब्द जोडेर नयाँ शब्द बनाउनुहोस् र सहजकर्तालाई देखाउनुहोस् ।

| | |
|---|---|
| प्र + चार | = ......................................... |
| प्र + काश | = ......................................... |
| प्र + हार | = ......................................... |
| बे + कार | = ......................................... |
| सं + वाद | = ......................................... |
| आ + कृति | = ......................................... |
| वि + कृति | = ......................................... |

(घ) वरपरको वातावरणका बारेमा सिकारुले देखे, सुने र अनभव गरेका विषयवस्तुमा आधारित भई कुराकानी, अन्तरक्रिया र प्रस्तुति गराउनुहोस् र कुराकानी, अन्तरक्रिया र प्रस्तुतिका क्रममा वरपरका वस्तु तथा घटनासम्बन्धी खोजमूलक प्रश्न पनि सोध्नुहोस् । सिकाइ सहजीकरण क्रियाकलापका क्रममा शब्दमा ध्वनि जोड्ने र छुट्याउन अकबरे, अकस्मात्, अक्टोपस, अक्टोबर, अजिङ्गर, अदालत, अँगार, अंशु जस्ता शब्द दिई अभ्यास गराउनुहोस् ।

(ङ) सिकारुको सिकाइको मूल्याङ्कनका लागि आफ्नो वरपरको वातावरण (हावा, पानी, ध्वनि प्रदूषण हुन नदिन अपनाउनुपर्ने सावधानी) का बारेमा स्वअनुभव साटासाट गर्न लगाउनुहोस् । अनुभव मिल्ने साथीको युगल जोडी वा समूह बनाई इलास्टिक, इलेक्ट्रिक, इन्धन, इन्द्रेनी, इन्तुचिन्तु, इन्जेक्सन ईकार, ईशान, ईश्वर, जस्ता उच्चारण अभ्यास पनि गराउनुहोस् ।

(च) पत्रपत्रिकाबाट वातावरणसम्बन्धी समाचार सङ्कलन गरी सिकारुलाई पढ्न दिनुहोस् र त्यसका विषयवस्तुका बारेमा छलफल गराउनुहोस् ।

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले सिकारुलाई रेडियामा कुनै कार्यक्रम सुन्न लगाउनुहोस् वा प्रत्यक्ष कक्षामा रेडियो समाचार सुनाउनुहोस् र त्यसका मुख्य मुख्य कुरा टिपेर भन्न लगाउनुहोस् ।

(ख) सहजकर्ताले वातावरण प्रदूषण, वृक्षरोपण जस्ता विषयक्षेत्रका केही चित्रका कटिङ पत्रपत्रिकाबाट ल्याई सिकारुलाई दिएर ती चित्रका राम्रा र नराम्रा पक्ष तालिकामा लेखी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । साथीहरूबाट समीक्षा पनि गराउनुहोस् ।

(ग) सहजकर्ताले तह १ को प्रत्यक्ष कक्षाको सिकाइ कार्यतालिका देखाई कुन दिन कुन कुन कक्षा हुने र कसकसले सहजीकरण गर्ने भन्नेबारेमा छलफल गराउनुहोस् र आफ्ना परिवारका सदस्याले एक हप्तामा गर्ने कामलाई दैनिक कार्यतालिकामा देखाउन लगाउनुहोस् ।

(घ) सिकारुले भ्यागुतो, कोइली, बाछो, कुकुर, बिरालो, मुसो, बाख्रो आदि जनावरको आवाज नक्कल गरेर सुनाउनुहोस् र लेख्नुहोस् ।

(ङ) सिकारुलाई समूहमा बाँडी पहिलो समूहलाई श्रव्यदृश्य (सुन्ने वा हेर्ने सामग्री) रेडियो, मोबाइल, टेलिभिजन,

डिभिडीमध्ये केही दिनुहोस् । दोस्रो समूहलाई चलाउने वा खेलाउने नक्सा, चार्ट, पोस्टर, चित्र, ठोस वस्तु, निर्मित सामग्री दिनुहोस् । तेस्रो समूहलाई मुद्रित पुस्तक, पत्रपत्रिका, पाठ्यपुस्तक, बालसाहित्य, बालबोध आदि दिनुहोस् । चौथो समूहलाई साङ्केतिक अर्थ दिने सामग्री बारग्राफ, तालिका, पाइचार्ट, वृक्षारेखलगायत दिनुहोस् र त्यसपछि सामग्रीमा आधारित भई प्रकाशित वा प्रसारित सूचना तथा सन्देश सुन्ने, पहिचान गर्ने, धारण निर्माण गर्ने र आफ्नै शब्दमा भन्ने अभ्यास गराउनुहोस् ।

## क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले तलको अंश सकेसम्म छिटो पढ्नुहोस् । घडी हेरेर फेरि पढ्नुहोस् र यस कथामा के विषयको वर्णन गरिएको छ ? भन्नुहोस् ।

> हजुरबा आफ्ना मनका पीडालाई गीतमा गन्गुनाउँदै हुनुहुन्थ्यो । त्यही बेलामा सरिताका ससुरा पनि आइपुग्नुभयो । उहाँ बालाई अस्पताल लान गाडी खोज्न जानुभएको रहेछ । अस्पताल जान आधा घण्टा लाग्थ्यो । घरबाट अस्पताल झन्डै तीन किलोमिटर टाढा थियो । सरिताको माइती पनि त्यही बाटामा पर्थ्यो । उनको माइती चाहिँ घरबाट आधा किलोमिटर टाढा थियो । हिँडेर जान सक्ने कुरै थिएन । त्यही भएर गाडी खोज्न जानुभएको थियो । पहिले त हजुरबा मान्नुभएको थिएन तर सरिताका ससुराले सम्झाएपछि उहाँ अस्पताल जान तयार हुनुभयो । सरिताले म पनि जाने भनेपछि उनलाई पनि लिएर सबै जना १० बजेर १५ मिनेटमा अस्पताल पुगे । सरिता र उनकी सासुले थर्मस, एउटा गिलास, ब्ल्याङ्केट, सिरानी र केही फलफूल बोके ।

(ख) सिकारुले पाठको संवाद साथीसँग मिलेर पढ्नुहोस् र आफूले पढेको मिलेनमिलेको अरुलाई सोध्नुहोस् ।

(ग) सिकारुले सहजकर्ताले दिएका वनजङ्गल, हिमाल, घोगा, शीतल, अस्पतालजस्ता शब्दलाई वाक्यमा प्रयोग गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण / लेखाइ (स्वनिर्देशित)

(क) सिकारुले सहजकर्ताले दिएको कोठेपदबाट शब्द बनाई मिलेनमिलेको जाँच्न सहजकर्तालाई दिनुहोस् ।

(ख) सिकारुले पुस्तकका उदाहरण हेरेर वातावरण, विद्यालय, महिला, वसन्त, ऐना जस्ता शब्दलाई छुट्याएर लेख्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् ।

(ग) पुस्तकबाट शब्द बनाउने र शुद्ध पार्ने अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् ।

(घ) सहजकर्ता वा कसैबाट सुनेर पहिले लेख्नुहोस् अनि यी शब्दलाई वाक्यमा प्रयोग गरेर देखाउनुहोस् :

वातावरण, रेडियो, विचार,बिरुवा, चौतारा, सफा, फोहोर, कम्मर, दोषी, मकैबारी, सचेतना, दिवस

(ङ) सहजकर्ताले तलका जस्ता अनुच्छेद सुनाएर सिकारुलाई कापीमा लेख्न लगाउनुहोस् :

सरिताले म पनि जाने भनेपछि उनलाई पनि लिएर सबै जना १० बजेर १५ मिनेटमा अस्पताल पुगे । सरिता र उनकी सासुले थर्मस, एउटा गिलास, ब्ल्याङ्केट, सिरानी र केही फलफूल बोके ।

(च) सिकारुले "वातावरणका बारेमा नजाने त हामीलाई नै सङ्कट हुन्छ नि ।" भन्ने वाक्यबाट आफूले बुझेका कुरा दश वाक्यमा बढाएर लेखी सहजकर्तालाई देखाउनुहोस् र सुझाव लिनुहोस् ।

### क्रियाकलाप ५ : शब्दभण्डार (स्वनिर्देशित)

(क) सिकारुले पानी, बाटो, धरती, वन, सिकारु, पात शब्दको उस्तै अर्थ दिने शब्द लेखी सहजकर्तालाई देखाउनुहोस् ।

(ख) सिकारुले दिन, सुख, जीवन, उकालो, अग्लो शब्दको विपरीत अर्थ दिने शब्द लेखी सहजकर्तालाई देखाउनुहोस् ।

(ग) सिकारुले करेसाबारी, पेटी, डोको, पिर्का, हँसिया, नाम्लो, गोठ, गुन्द्री, तन्ना, चुलो, टहटह, सलल शब्दलाई वाक्यमा प्रयोग गरेर देखाउनुहोस् ।

(घ) सिकारुले पुस्तकको कोठेपदबाट शब्द बनाई लेख्नुहोस् ।

### क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी सामान्य वर्तमान काल चिनाउनुहोस् । यसपछि सिकारुले गर्छे, गाउँछे, हँसाउँछे, रुवाउँछे र भगाउँछे शब्दको प्रयोग गरी पाँच वाक्यमा तपाईँकी साथीको वर्णन गरी सहजकर्तालाई देखाउनुहोस् ।

(ख) सिकारुले सहजकर्ताको निर्देशनमा पाठ्यपुस्तकका खाली ठाउँमा चिन्ह भर्ने अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले परीक्षण गरी सुझाव दिनुहोस् ।

### क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

सिकारुले घरआँगन सफा राख्न आफूले गर्नुपर्ने काम समेटी एक अनुच्छेद लेखी सहजकर्तालाई देखाउनुहोस् ।

### क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

(क) सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये पहिलो अभ्यास परिवारका सदस्यसँग मिलेर गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

### सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले पाठमा प्रयुक्त समान र असमान ध्वनि भएका शब्द पहिचान र उच्चारण गर्ने, संयुक्त वर्ण संरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्ने तथा लेख्ने, लिङ्ग र वचनको सङ्गति तथा क्रियाका कालअनुसारका वाक्यको प्रयोग गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(ग) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस्

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

## सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| पाठमा प्रयुक्त समान र असमान ध्वनि भएका शब्द पहिचान र उच्चारण गराउँदा | |
| विभिन्न दृश्य सूचना तथा सामग्रीबारे प्रतिक्रिया दिन लगाउँदा | |
| संयुक्त वर्ण संरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्न तथा लेख्न लगाउँदा | |
| शब्दहरूको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न लगाउँदा | |
| हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्य रचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन गराउँदा | |
| पाठका आधारमा घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन गराउँदा | |
| लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन लगाउँदा | |
| पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिन्हको प्रयोग गराउँदा | |
| क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन लगाउँदा | |

## मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर

अभिभावकको हस्ताक्षर

६ विषय क्षेत्र

# मेरो सिर्जना

## १. परिचय



पूर्वअनुभवका आधारमा सिकारुले गर्ने रचनामूलक भाषिक कार्य नै सिर्जना हो । नयाँ नयाँ शब्द निर्माण र अनुच्छेद रचना, नयाँ विषयवस्तुमा लिखित अभिव्यक्ति जस्ता पक्षले सिर्जनालाई समेट्छ । यसले अभिव्यक्ति शैली वा प्रस्तुतीकरणसम्मका समग्र क्षेत्रमा गरिने नयाँपनलाई जनाउँछ । गीत, कविता, अभिनय, नाच, नक्कल, उद्घोषण जस्ता विषयक्षेत्र सिर्जनाका आधारभूत पक्ष मानिन्छन् । यस्ता विषयक्षेत्रले सिकारुको बोध तथा अभिव्यक्ति दक्षतालाई सबल बनाउँछ । सिकारुको सिकाइलाई सिर्जनासँग जोड्न सकेमा सिकाइ जीवन्त हुन्छ । शब्दमा ध्वनि जोड्ने र छुट्याउने प्रयोगका आधारमा भाषिक सिप विकासका विविध पक्षलाई यहाँ समेटिएको छ । यस क्रममा पाठ्यवस्तुको बोध गरी हाउभाउसहित सामान्य वर्णन, प्रश्नोत्तर तथा विभिन्न उद्देश्यका लागि पाठ पढी प्रतिक्रिया, पाठगत सन्दर्भ पहिचान र पाठगत अर्थ वा आशय बोध, निर्धारित पाठका आधारमा प्रश्नोत्तर, छलफल र सार निर्माण, निर्धारित शीर्षक वा विषयवस्तुमा आधारित भई स्वतन्त्र लेखन तथा परिवेश, पात्र, संरचना, घटना, सन्दर्भ पहिचान र स्वअनुभवसँग तुलना गर्नेलगायतका कार्यका आधारमा सिकारुमा निर्धारित सक्षमता हासिल हुने छन् । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ । यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ६ घण्टा र स्वनिर्देशिततर्फ ९ घण्टा गरी जम्मा १५ घण्टा समय निर्धारण गरिएको छ ।

## २. विषयवस्तु

यस एकाइमा मनोरञ्जनात्मक सिकाइका माध्यमबाट सिकारुको सिर्जनात्मक क्षमताको उजागर गर्न शब्दमा ध्वनि जोड्ने र छुट्याउने अभ्यास महत्त्वपूर्ण हुन्छ । शब्दहरूलाई रूपविन्यासगत अर्थका आधारमा पढाइ र लेखाइ, शिष्टता र मर्यादाबोधक शब्दको प्रयोग, पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर, परिवेश, पात्र, संरचना, घटना र सन्दर्भ पहिचान र तुलना, पदसङ्गति, कालका पक्ष र चिन्हप्रयोगको सचेततासहितको प्रस्तुति, निर्धारित शीर्षक वा विषयवस्तुमा आधारित भई लिखित प्रतिक्रिया तथा स्वतन्त्र लेखनसँग सम्बद्ध विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) पाठमा प्रयुक्त समान र असमान ध्वनि भएका शब्द पहिचान र उच्चारण गर्न

(ख) सञ्चारका क्रममा प्रचलित आकृति, रङ र सङ्केत चिन्हको प्रयोग गर्न

(ग) संयुक्त वर्ण संरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्न तथा लेख्न

(घ) शब्दहरूको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न

(ङ) हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्य रचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन गर्न

(च) तथ्य, सन्दर्भ, सूचना र पूर्वज्ञानमा आधारित भई मौखिक र लिखित उत्तर दिन

(छ) पाठका आधारमा घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन गर्न

(ज) घटना वा छलफल गरिएका विषय वा सिकेका शब्दलाई आफ्नै शब्दमा पुनर्लेखन गर्न

(झ) लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन

(ञ) क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सिकारुले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका कविता, गीत, पाठसम्बद्ध चित्र, शब्दपत्ती आदिको प्रयोग गर्नुपर्छ ।

## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले तलका जस्ता कुनै कविता सुनाएर सिकारुलाई शब्दको सही उच्चारण गर्न, स्वगतिमा पढ्न र विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् :

आँखाभरि कचेरा हातमा खटिरा
कप्ल्याकुप्लुक खाँदै छ केरा कट्मिरा
कम्मरमा कछाड खाइलाग्दो छ
बाटा छेउमा बस्ने भाइ मायालाग्दो छ
गलबन्दी छ ओढ लौ पानी घुटुक्क
बिस्कुट चना दिन्छु म टोक कुटुक्क
कोइली जस्तै बोली छ बाबु ठाहिँलो
ठन्डी लाग्छ हिँड घर चाल पाइलो



(ख) सिकारुले पनि आफूले जानेका गीत, कविता, कथा वा कुनै वर्णन साथीलाई सुनाएर यस्तै प्रश्न सोध्नुहोस् र उत्तर दिन लगाउनुहोस् ।

(ग) पुस्तकमा दिइएको पाठ सिकारुले सहजकर्ताबाट सुन्नुहोस्, दुईतीन पटक पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् अनि यसका मुख्य मुख्य विषयमा छलफल गर्नुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

#### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) हिमाल, नदी, वन, बेँसीका फाइदा के के होलान् ? सिकारुले तीन तीनओटा फाइदा सुनाउनुहोस् ।

(ख) सिकारुलाई कुनै चित्र देखाई के के देख्नुभयो ? राम्ररी हेर्नुहोस् र सकेसम्म बढी कुरा भन्नुहोस् भनी अभ्यास गराउनुहोस्ः

(ग) सहजकर्ताले सिकारुलाई आफ्नो वरपरको वातावरणमा देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुमा आधारित भई कुराकानी, अन्तरक्रिया र प्रस्तुति गर्न उत्प्रेरित गर्दै कुराकानी, अन्तरक्रिया र प्रस्तुतिका क्रममा वरपरका वस्तु तथा घटनासम्बन्धी खोजमूलक प्रश्न सोध्नुहोस् । क्रियाकलापका गर्दा पाठमा प्रयोग भएका शब्द पहिचान गरी उच्चारण गर्न लगाउनुहोस् तथा वर्ण जोड्न, छुट्याउन र ध्वनि परिवर्तन गरी नयाँ शब्द बनाउन लगाउनुहोस् ।

(घ) सिकारुले आफ्नो वरपरको वातावरण (हावा, पानी, माटो, मठमन्दिर र तिनको सरसफाइ) का बारेमा स्वअनुभव साटासाट गर्नुहोस् र त्यसका बारेमा थप छलफल पनि गर्नुहोस् ।

(ङ) सहजकर्ताले तलको जस्तै अनुच्छेद दिई मुख्य मुख्य घटना टिपोट गर्न लगाउनुहोस् । सिकारुले बुँदा टिपी मिलेनमिलेको जाँच्न दिनुहोस् :

रेजीको घरमा आमाले बुनेको चकटी छ । चटक्क परेको चकटीमा बस्न उनलाई मन पर्छ । उनी आमाबुबासँग चलचित्र हेर्न मन पराउँछिन् । उनका दाइ चिकित्सक हुनुहुन्छ । उनको घरमा चिचिन्डो फलेको छ । छुनुमुन गर्ने उमेरकी रेजी चन्चले छिन् । घरअगाडि छाप्रामा गाई बाँधेको थियो । पानी परी जताततै छताछुल्ल भयो । चट्याङ पर्‍यो । चट्याङ आवाज सुनेर गाई डरायो । रेजीका बुबाले छेस्काछेस्की बटुलेर आगो बाल्नुभयो । गाईलाई तातो बनाएको देखेर रेजी खुसी भइन् ।

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले तलका सामग्रीबाट आफूले सिक्न सक्ने कुरा लेखी सुनाउनुहोस् :

| क्र.सं. | सामग्री | सिक्न सकिने कुरा |
|---|---|---|
| १ | मोबाइल | |
| २ | पुस्तक | |
| ३ | तालिका | |

(ख) सहजकर्ताले पुस्तकको वा कुनै अंश सुनाउनुहोस् र विभिन्न प्रश्न सोधी सिकारुलाई उत्तर भन्न लगाउनुहोस् ।

(ग) सहजकर्ताले भित्तेपात्रो देखाएर हेर्न सिकाउनुहोस् र त्यही भित्तेपात्रोबाट विभिन्न प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

## क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले तलको अंश सकेसम्म छिटो पढ्नुहोस् । घडी हेरेर फेरि पढ्नुहोस् र यसमा के विषयको वर्णन गरिएको छ ? भन्नुहोस् । मुख्य कुरा लेखेर देखाउनुहोस् ।

एक जना व्यक्तिलाई भगवान् भेट्न मन लागेछ । उनले तपस्या गरेछन् । धेरै तपस्या गरेपछि भगवान् खुसी भएछन् र भनेछन्, “तिमी के माग्छौ ? म दिन्छु ।” यो सुन्नासाथ त्यस व्यक्तिले भनेछ, “मलाई मेरा छिमेकीभन्दा धनी हुने वरदान दिनुहोस् । म उनीहरूभन्दा राम्रो हुन चाहन्छु ।”

(ख) सहजकर्ताले दुईतीन पात्रका संवाद भएको सामग्री दिई सिकारुलाई अभिनय गर्न लगाउनुहोस् । अभिनयका क्रममा उच्चारण र हाउभाउ मिलेनमिलेको ख्याल गरी भनिदिनुहोस् ।

(ग) सिकारुलाई पुस्तक, कथा, कविता वा अन्य सान्दर्भिक सामग्रीका चार्ट, सान्दर्भिक पत्रपत्रिका वा पाठ्यसामग्री वितरण गरी एक्लै पढ्ने, सहजकर्ताले भनेअनुसार पढ्ने, सँगै पढ्ने अभ्यास गराउनुहोस् । सिकारुमा पठन

प्रवाहमा समस्या देखिएमा आफैँले नमुना पठन गरी देखाउनुहोस् । यदि कुनै सिकारुले दौँतरी सिकाइका क्रममा उत्कृष्ट नमुना प्रदर्शन गरेमा उसैलाई नमुना पठनको अवसर प्रदान गर्नुहोस् । आवश्यकता, सान्दर्भिक र अवसरका आधारमा सबैलाई यस्ता प्रदान गर्दै जानुहोस् । पाठ पढ्दा यसमा रहेको विषयवस्तुको प्रकृति हेरी गति, यति, हाउभाउ र शुद्धतासँग पढ्ने अभ्यास गराउनुहोस् ।

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ(स्वनिर्देशित)

(क) सिकारुले पुस्तकमा दिइएका वर्ण जोडेर र छुट्याएर शब्द लेख्ने तथा सुरुका वर्ण हटाएर नयाँ शब्द बनाउने अभ्यास गरी सहजकर्तालाई देखाएर सुझाव लिनुहोस् ।

(ख) पुस्तकको वरदान शीर्षकको कथा पढ्नुहोस् र तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(अ) भगवान्‌ले के भने ?

(आ) घन्टी किन बजाउनू भनेको हो ?

(इ) पत्नी के भनेर फतफताई ?

(ई) छिमेकीका घरमा के के भयो ?

(उ) मानिसले वरदान पाएकै हो ?

(ग) सिकारुले तल दिइएको निवेदन पढ्नुहोस् र बिरामी परेकाले आफू पढ्न आउन नसक्ने कुरा दर्साई आफ्नो स्रोत कक्षाका प्रमुखलाई निवेदन लेख्नुहोस् :

श्रीमान् प्रमुख, मिति २०८१/४/५

सिकारु स्रोतकक्षा,

जाजरकोट ।

विषय : बिदा पाऊँ भन्ने बारे

हाम्रो घरमा दाजुको बिहे छ । बिहेमा हामी सबैले काम गर्नुपर्छ । मैले पनि काम सघाउनुपर्छ । यसैले म पाँच दिन कक्षामा आउन सक्दिनँ । यसर्थ मलाई पाँच दिनको बिदा दिनुहुन अनुरोध छ ।

तपाईँकी छात्रा

रुसमा चलाउने

(घ) पुस्तकालय वा पुस्तक पसलमा गएर पत्रिकामा एउटा समाचार पढ्नुहोस् र समाचारका मुख्य विषय लेखी सहजकर्तालाई देखाउनुहोस् ।

## क्रियाकलाप ५ : शब्दभण्डार (स्वनिर्देशित)

(क) सिकारुले उदाहरण हेरेर सालक र कालिज शब्दका अन्तिममा आउने वर्णबाट शब्द बनाउनुहोस् :

उदाहरणः टीका⟶कालो⟶लोभी.........

(ख) सहजकर्ताले तलका जस्ता अनुच्छेद सिकारुलाई पढ्न दिनुहोस् र पढ्दा आफूलाई उच्चारण गर्न र अर्थ बुझ्न गाह्रो लागेका शब्द भन्न लगाउनुहोस् । उसपछि सहजकर्ताले उच्चारण गाह्रो लागेको भए नमुना उच्चारण गरेर तथा अर्थ नबुझेको भए अर्थ भनिदिएर सहजीकरण गर्नुहोस् :

गाउँको नजिकै जङ्गल थियो । जङ्गलमा एउटा स्याल बस्थ्यो । स्याल भोको थियो । स्यालले पहिलेदेखि नै गाउँका कुखुरा चोरेर हैरान बनाएको थियो । एक दिन भोको स्याल खानेकुराको खोजीमा निस्क्यो । ऊ पखेरोतिर लाग्यो । त्यहाँ उसले दुईओटा कुखुरा देख्यो । एउटा कुखुराले स्याललाई पनि देख्यो । उसले अर्कोलाई भन्यो, “हेर त स्याल आएछ । भागौँ भागौँ ।” दुवै कुखुरा भागे । स्याल कुखुराको पछि पछि दौड्यो । कुखुराहरू पनि पर्खालमा पुगे । ती भुर्र उड्दै पर्खालभित्र छिरे । स्याल जिल्ल पऱ्यो । ऊ फार्मको ढोकाछेउ कुरेर बस्यो । स्यालले कुखुरालाई फकाउँदै भन्यो, “कुखुरा, म तिमीहरूलाई खान आएको होइन । म त तिमीहरूसँग मित लगाउन आएको हो । डराउनु पर्दैन ढोका खोल ।” कुखुराले स्यालको बठ्याइँ बुझे । कुखुराले भित्रैबाट भने, “हामीलाई कसैसँग मित लगाउनु छैन ।” कुखुराले ढोकै खोलेनन् । साँझतिर स्याल लुरुलुरु वनतिर लाग्यो ।

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी सामान्य वर्तमान काल तथा सर्वनाम चिनाउनुहोस् । यसपछि सिकारुले अन्त्यमा छ भएका क्रिया प्रयोग गरी पाँच वाक्यमा फल, फूल, नदी आदिको वर्णन गरी सहजकर्तालाई देखाउनुहोस् ।

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

सिकारुले तलको जस्तो तालिका बनाई आफूसँग भएका र साथीसँग भएका सामानको नाम लेखी कक्षामा प्रदर्शन गर्नुहोस् ।

| मेरा सामग्री | साथीका सामग्री |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

(क) सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये पहिलो अभ्यास परिवारका सदस्यसँग मिलेर गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

## सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले पाठमा प्रयुक्त समान र असमान ध्वनि भएका शब्द पहिचान र उच्चारण गर्ने, संयुक्त वर्ण संरचना

भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्ने तथा लेख्ने, लिङ्ग र वचनको सङ्गति तथा क्रियाका कालअनुसारका वाक्यको प्रयोग गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(ग) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| पाठमा प्रयुक्त समान र असमान ध्वनि भएका शब्द पहिचान र उच्चारण गराउँदा | |
| सञ्चारका क्रममा प्रचलित आकृति, रङ र सङ्केत चिन्हको प्रयोग गर्दा | |
| हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्य रचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन गराउँदा | |
| तथ्य, सन्दर्भ, सूचना र पूर्वज्ञानमा आधारित भई मौखिक र लिखित उत्तर दिन लगाउँदा | |
| पाठका आधारमा घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन गराउँदा | |
| घटना वा छलफल गरिएका विषय वा सिकेका शब्दहरूलाई आफ्नै शब्दमा पुनर्लेखन गराउँदा | |
| लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन लगाउँदा | |
| क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन लगाउँदा | |

### मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|

| | |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर अभिभावकको हस्ताक्षर

**७ विषय क्षेत्र**

# रुचि र बानी

## १. परिचय

रुचि र बानीले सिकारुमा रहेको ज्ञान, सिप र अनुभवलाई सिकाइको क्षेत्रमा उपयोग गर्न जोड दिन्छ । यस विषय क्षेत्रमा विभिन्न साहित्यिक विधाको लेखन तथा गीतको गायन, साथीभाइसँगको मेलमिलाप तथा मित्रता, सरसामानको जतन, सरसफाइ जस्ता पक्ष पर्छन् । यसले सिकारुमा सँगै काम गरेर सिक्ने, एकअर्कामा अनुभव आदानप्रदान गर्ने र उनीहरूमा सिर्जनात्मक सिपको विकास गर्ने क्षमताको विकास गराउँछ । यहाँ सिकारुको रुचि र बानीलाई उनीहरूले सम्पादन गर्ने कामसँग अन्तरसम्बन्धित गरी विषयवस्तु निर्धारण गरिएका छन् । उक्त विषयवस्तुलाई भाषिक सञ्चार, अभिव्यक्ति र बोधगत अभ्याससँग सन्तुलन कायम गरिएको छ । यसमा सिकारुले नयाँ शब्दका अक्षर संरचना जोड्न, छुट्याउन र ध्वनि परिवर्तन, हाउभाउ, गति, यति, लय र शुद्धतासहित पाठ (गीत, कविता) पठन, शिष्टाचारका शब्द प्रयोग गरी वाक्यको लेखन, चिन्ह प्रयोग र पदसङ्गतिको सचेततासहित मौखिक तथा लिखित अभिव्यक्तिलगायतका अभ्यास कार्य गर्ने छन् । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ । यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ६ घण्टा र स्वनिर्देशिततर्फ ९ घण्टा गरी जम्मा १५ घण्टा समय निर्धारण गरिएको छ ।

## २. विषयवस्तु

यस एकाइमा शब्दमा ध्वनि जोडेर र छुट्याएर बन्ने नयाँ वर्ण प्रयोग भएका दैनिक प्रयोगमा आउने शब्द, प्राज्ञिक शब्द र शीर्ष शब्द प्रयोग गरी आफ्नो रुचि र बानीसम्बद्ध विषयवस्तुको अनुमान, कल्पना र समस्या समाधानका आधारमा वर्णन, स्तर सुहाउँदा पाठहरूको छोटकरीमा पुनः लेखन, पाठका विषयवस्तु जस्तै वा समान अन्य विषयवस्तुका आधारमा स्वअनुभव वर्णन, लेख्य चिन्ह र क्रियाका कालको प्रयोगसहितको स्वतन्त्र लेखनसँग सम्बद्ध विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) सञ्चारका क्रममा प्रचलित आकृति, रङ र सङ्केत चिन्हको प्रयोग गर्न

(ख) संयुक्त वर्ण संरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्न तथा

(ग) आफ्नो परम्परा र रीतिरिवाजको वर्णन गर्न

(घ) सम्मानबोधक शब्द प्रयोग गरी वाक्य भन्न र लेख्न

(ङ) हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्य रचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन गर्न

(च) पात्र परिवर्तन गरी पाठ पुनर्लेखन गर्न

(छ) तथ्य, सन्दर्भ, सूचना र पूर्वज्ञानमा आधारित भई मौखिक र लिखित उत्तर दिन

(ज) पाठका आधारमा घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन र अनुच्छेद लेखन गर्न

(झ) आफ्नो परम्परागत मूल्यमान्यता बुझाउने विषयवस्तु छनोट गरी अनुच्छेद लेख्न

(ञ) घटना वा छलफल गरिएका विषय वा सिकेका शब्दलाई आफ्नै शब्दमा पुनर्लेखन गर्न

(ट) लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन

(ठ) क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सिकारुले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका कविता, गीत, पाठसम्बद्ध चित्र, शब्दपत्ती आदिको प्रयोग गर्नुपर्छ ।

## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले तलका जस्ता कुनै कविता सुनाएर सिकारुलाई शब्दको सही उच्चारण गर्न, स्वगतिमा पढ्न र विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् :

बारीभरि घिरौँला लामा तिते करेला
चुच्चा चुच्चा बरेला झिम्के मेरा परेला
गोलभेँडा टिपौँ कि अकबरे टिपौँ कि
पिरो चटनी बनाऊँ कि सिलौटामा पिसेर
आमा खाने घिरौँला बाबा खाने बरेला
मलाई मनै पर्दैन पिँडालुको मस्यौरा
गाजर मुला काटौँ कि सागकै डुकु भाँचौँ कि
पिरो सब्जी बनाऊँ कि आलु तामा मिसेर



(ख) सिकारुले पनि आफूले जानेका गीत, कविता, कथा वा कुनै वर्णन साथीलाई सुनाएर यस्तै प्रश्न सोध्नुहोस् र उत्तर दिन लगाउनुहोस् ।

(ग) पुस्तकमा दिइएको पाठ सिकारुले सहजकर्ताबाट सुन्नुहोस्, दुईतीन पटक पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् अनि यसका मुख्य मुख्य विषयमा छलफल गर्नुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

#### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) पुस्तकमा भएको धनमाया र मनमायाको कथा पढेर यी दुई पात्र राम्रा र नराम्रा कुरा सुनाउनुहोस् ।

(ख) कथा पढ्दा सिकारुलाई गाह्रो लागेका शब्द उच्चारण गर्ने र अर्थ बुझ्ने अभ्यास गर्नुहोस् । साथै किला, गिला, निला, शिला, खरी, घरी, चरी,परी कैलो, थैलो, दैलो, भैलो, केरा, घेरा, फेरा,बेरा जस्ता शब्दको उच्चारण अभ्यास गर्नुहोस् ।

(ग) सिकारुले यातायात, यार्चागुम्बा, युवक, रकेट, रसिलो, राउटे, रातीगेडी, रिकापी, रुकुम, रेडक्रस, रोजाइ, ऱ्याखऱ्याख, लडाइँ, लालुपाते, लिपिक्क, लुत्रुक्क शब्द उच्चारण गरेर सुनाउनुहोस् ।

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले सहजकर्ताले सुनाएको अंश राम्ररी सुन्नुहोस् र सहजकर्ताले सोधेका प्रश्नको उत्तर दिनुहोस् ।

(ख) सहजकर्ताले ट्राफिक लाइट, रातो झन्डा, हवाईजहाज, ओठमा औँला ठड्याएको चित्र आदि विभिन्न सङ्केत चित्र देखाएर तिनले के सङ्केत गर्छन् भनी चिनाउनुहोस् र सिकारुले ती चिन्हको पालना गर्नुहोस् ।

(ग) सिकारुले आफ्ना दुई राम्रा बानी र दुई रुचि लेखेर साथीलाई सुनाउनुहोस् र साथीका बानी र रुचि पनि सोध्नुहोस् ।

(घ) सहजकर्ताले रेडियो, टेलिभिजन, मोबाइल, डकुमेन्ट्री आदिका माध्यमबाट कसैका रुचि र बानीसँग सम्बन्धित विषयवस्तु सुनाउनुहोस् र श्रव्यबोध अभ्यास गराउनुहोस् ।

## क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले तलको अंश सकेसम्म छिटो पढ्नुहोस् । घडी हेरेर फेरि पढ्नुहोस् र यसमा के विषयको वर्णन गरिएको छ ? भन्नुहोस् । मुख्य कुरा लेखेर देखाउनुहोस् ।

> गाउँलेहरू आज बाटो खन्ने दिन छ । कोदालो हुनेले कोदालो बोक्नुहोस् । तपाईँलाई ढुङ्गा फुटाउने रहर भए झम्पल लिएर आउनुहोस् । खाजा खुवाउन रहर हुनेले खाजाको व्यवस्था गर्नुहोस् । कसैले पानी पनि लिएर आउनुहोस् । खोलाको छेउमा बाटो बिग्रेको छ । त्यहाँ धेरै मानिसले काम गर्नुपर्छ । श्रमदान गर्ने सबै आउनुहोस् ।

(ख) सिकारुले अरु कुनै विषयमा माथिको जस्तै सूचना तयार पार्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् ।

(ग) सहजकर्ताले अनुमान गर्न सकिने तलको जस्तै अनुच्छेद सुनाउनुहोस् र अनुमानात्मक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् :

> हावाले पानीसँग भन्यो, "बुझिस् पानी, म थिइनँ भने संसारमा जीव हुँदैनथे । मानिस पनि हुँदैनथे । मानिस नभएपछि कसैले खेती गर्दैनथे । रुखबिरुवा पनि हुँदैनथे । अक्सिजन पनि हुँदैनथ्यो । चिसो हुँदैनथ्यो । तेरो त के मूल्य छ र यस संसारमा !" उसको कुरा पूरा नसुनी पानीले भन्यो,"म थिइनँ भने तँ नै हुँदैनथिस् । खुब फुर्ती लाउँदो रहेछ ।"

(घ) सहजकर्ताले तलको जस्तो अनुच्छेद सुनाउनुहोस् र हाउभाउ, गति र शुद्धतासहित द्रुत रूपमा समूह पठन, युगल पठन र एकल पठन गर्न लगाउनुहोस् । सिकारुलाई शब्द उच्चारणमा समस्या भएमा लक्षित शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्दै उच्चारण गरेर आवश्यक सहजीकरण गर्नुहोस् ।

> "ए स्वरूप ! स्वरूप ! बुबाले गोठबाट चिच्याएर बोलाएको स्वरूपले सुन्यो । उसले पिँढीबाट भन्यो, "हजुर ।" बुबाले भन्नुभयो, "बाल्टिन लिएर झट्टै गोठमा आऊ न छोरा ।" स्वरूपले घरभित्र गएर बाल्टिन खोज्यो । दराजमा थाल र गिलासहरू मात्र रहेछन् । उसले पर भित्तामा बाल्टिन झुन्ड्याएको देख्यो । बाल्टिनमा त मस्याङ पो रहेछ । उसले त्यो मस्याङलाई नाङ्लामा खन्यायो । त्यसपछि बाल्टिनलाई सफा पानीले पखाल्यो । गोठमा गएर बुबालाई बाल्टिन दियो । माली गाईले बाच्छी पाएको रहेछ । बुबाले गाई दुहुनुभयो । स्वरूप बिगौती खान पाइने भयो भनी खुसीले उफ्रिन थाल्यो ।

(ङ) सिकारुलाई रुचि र बानीसम्बद्ध विषय क्षेत्र सम्बन्धित चित्र/चित्रकथा/पोस्टर देखाई मौखिक वर्णन गर्न लगाउनुहोस् ।

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ (स्वनिर्देशित)

(क) सिकारुले उदाहरण हेरेर खाली ठाउँमा मिल्ने ध्वनि थपेर शब्द बनाउनुहोस् र सहजकर्तालाई देखाउनुहोस् :

| | |
|---|---|
| उदाहरण : अप + मान = अपमान | मानव + ता = मानवता |
| .....+देश = देश घर +..... = घरेलु | |
| ....+मार्ग = सुमार्ग | खेल् +..... = खेलाडी |
| .....+चार = आचार | नेपाल +..... = नेपाली |
| .....+कार = अधिकार | मूर्ख +.....= मुर्ख्याइँ |
| ......+निधि = प्रतिनिधि | गाउँ +... = गाउँले |

(ख) सहजकर्ताले संवादका केही भाग खाली रहेका नमुना संवाद सिकारुलाई दिई खाली ठाउँ भर्न लगाउनुहोस् ।

(ग) पुस्तकको पाठ पढेर सहजकर्ताले सोधेका प्रश्नको उत्तर दिनुहोस् ।

(घ) सिकारुले तपाईँको एक साथीको बानी वर्णन गरेर एक अनुच्छेद लेख्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् ।

(ङ) सहजकर्ताले शब्दपत्तीका माध्यमबाट सुरुका ध्वनि छुट्याउने र अन्तिमका ध्वनि छुट्याउन तरिका सिकाउनुहोस् र अन्य शब्दको अभ्यास गराउनुहोस् :

जस्तै : सुरुका ध्वनि छुट्याउने

विचार = वि + चार

नियम = नि + यम

विचार, विज्ञान, अनुमान, अधिकार, नियम, निधन, आदेश, आचार, बेकाम, बेताल

जस्तै : अन्तिमका ध्वनि छुट्याउन

गाउँले = गाउँ + ले

साहुनी = साहु + नी

नेपाली, गरिबी, नुनिलो, रसिलो, दुधालु, दयालु, भोको, पातो, गाउँले, गोर्खाली

## क्रियाकलाप ५ : शब्दभण्डार (स्वनिर्देशित)

(क) सिकारुले सिकारुले शब्द पढेर अर्थ बुझ्ने, शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् ।

(ख) सिकारुले हाम्रा चाडपर्व, विवाह परम्परा, जात्रा, देवाली जस्ता विषयमा आफ्नो परम्परा वा रीतिरिवाजका बारेमा मौखिक वर्णन गरी सहजकर्तालाई सुनाउनुहोस् ।

(ग) सिकारुले हजुर, तपाईँ, कृपया, गर्नुहोस्, लेख, तिमी, जाऊ, सक्नुहोस्, भन शब्दलाई वाक्यमा प्रयोग गरी मिलेनमिलेको जाँच्न सहजकर्तालाई देखाउनुहोस् ।

### क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी सामान्य वर्तमान काल अर्धविराम, पूर्णविराम, प्रश्नवाचक चिन्हको प्रयोग तथा लिङ्ग, वचन र काल सङ्गति सिकाउनुहोस् ।

(ख) सिकारुले, । ? चिन्ह प्रयोग भएका एक एक वाक्य लेखेर सहजकर्तालाई देखाउनुहोस् ।

### क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

(क) सिकारुले आफ्नो परिवार र समुदायका मानिसका रुचि र बानी सोधी तलको जस्तो तालिका बनाएर कक्षामा प्रदर्शन गर्नुहोस् । सबै साथीले प्रस्तुत गरेको तालिका हेरी तुलना पनि गर्नुहोस् :

| नाता | रुचि | बानी |
|---|---|---|
| बा | कथा पढ्ने | बिहान छिटो उठ्ने |
| आमा | ............... | ............... |
| म | .............. | ............ |
| साथी | ............... | ............... |
| छिमेकी | .................... | ............... |

### क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

(क) सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये पहिलो अभ्यास परिवारका सदस्यसँग मिलेर गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

### सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले पाठमा प्रयुक्त संयुक्त वर्ण संरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्ने तथा लेख्ने, आफ्नो परम्परा र रीतिरिवाजको वर्णन गर्ने, सम्मानबोधक शब्द प्रयोग गरी वाक्य भन्ने र लेख्ने तथा लिङ्ग र वचनको सङ्गति तथा क्रियाका कालअनुसारका वाक्यको प्रयोग गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(ग) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| सञ्चारका क्रममा प्रचलित आकृति, रङ र सङ्केत चिन्हको प्रयोग अभ्यास गराउँदा | |
| आफ्नो परम्परा र रीतिरिवाजको वर्णन गराउँदा | |
| सम्मानबोधक शब्द प्रयोग गरी वाक्य भन्न र लेख्न लगाउँदा | |
| तथ्य, सन्दर्भ, सूचना र पूर्वज्ञानमा आधारित भई मौखिक र लिखित उत्तर दिन लगाउँदा | |
| पाठका आधारमा घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन र अनुच्छेद लेखन गर्न लगाउँदा | |
| आफ्नो परम्परागत मूल्यमान्यता बुझाउने विषयवस्तु छनोट गरी अनुच्छेद लेख्न लगाउँदा | |

### मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन क्षमता | |
| आफ्नो परम्परा र रीतिरिवाज र मूल्यमान्यताको वर्णन गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर　　　　　　　　अभिभावकको हस्ताक्षर

# हाम्रो संस्कृति

## १. परिचय

नेपालमा बसोबास गर्ने मानिसका आआफ्ना संस्कृति छन् । यहाँको भौगोलिक परिवेश, जात विशेषका आधारमा संस्कृति पनि अलगअलग छन् । सांस्कृतिक विविधताले सिकारुको सिकाइलाई एकीकृत गर्न र एकअर्काको संस्कृतिको आदानप्रदान गर्न सहयोग गर्छ । भाषा सिकाइमा पनि आफ्नो परिवार र छरछिमेकमा मनाइने परिवेशअनुकूलका चाडपर्व, जात्रा, मेलापात, स्थानीय बाजागाजा, सांस्कृतिक संस्कारअनुकूलका विवाह, पूजा, वेशभूषा, रहनसहन, स्थानीय नाचगान आदि जस्ता सांस्कृतिक पक्षको जानकारी र व्यावहारिक अभ्यास गर्न जरुरी हुन्छ । यस्ता पक्षको विषयवस्तुगत अवधारणा र भाषिक सिपगत सिकाइका लागि कथा, गीत, कविताजस्ता विधागत स्वरूपका पाठलाई माध्यमका रूपमा लिइन्छ । भाषिक दक्षता अभिवृद्धिका लागि भाषा प्रयोग र सञ्चारका क्रममा सिकारुले शब्दहरूलाई अर्थका आधारमा पढ्न र लेख्न, अनुच्छेद सुनी मुख्य मुख्य शब्द पहिचान र उच्चारण गर्न, अन्य भाषा संस्कृतिका शिष्टाचारयुक्त शब्द सुनी उच्चारण गर्न, हाउभाउ, गति, यति, लय र शुद्धतासहित पाठ पढ्न, स्थानीय परिवेश, सन्दर्भ तथा विषयवस्तु झल्किने शीर्षक वा विषयवस्तु छनोट गरी अनुच्छेद लेख्न, पाठगत सन्दर्भ र शब्दमा प्रयोग भएका रूप तत्त्वका आधारमा शब्दहरूको अर्थबोध र प्रयोग गर्न, लेख्य चिन्ह र पदसङ्गति मिलाइ मौखिक तथा लिखित अभिव्यक्ति दिने जस्ता कार्य गर्ने छन् । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ । यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ६ घण्टा र स्वनिर्देशिततर्फ ९ घण्टा गरी जम्मा १५ घण्टा समय निर्धारण गरिएको छ ।

## २. विषयवस्तु

यस एकाइमा शब्दका सुरुका, मध्यका र अन्त्यका ध्वनि जोड्ने, छुट्याउने, थप्ने र झिक्ने, सर्गका ध्वनि पहिचान र उच्चारण तथा मूल शब्द तथा धातुका पछाडि आएका ध्वनि पहिचान, उच्चारण, जोड्ने र छुट्याउने अभ्यास गर्दा सहपाठी साथीको समूहमा वा सहजकर्तासँग छलफल गरी सन्दर्भपरक पाठको बोधगत अभ्यास गर्दै पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिन्हको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति, लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहित सामान्य वर्तमान, भूत र भविष्यत् कालको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्तिसँग प्रत्यक्ष सम्बन्धित विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) अनुच्छेद सुनी मुख्य मुख्य शब्द पहिचान र उच्चारण गर्न

(ख) दिइएका सामग्रीका आधारमा विषयवस्तुको बोध गरी हाउभाउसहित वर्णन गर्न

(ग) हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्यरचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन गर्न

(घ) पाठका चरित्रहरू, परिवेश र घटनाको वर्णन गर्न

(ङ) स्थानीय परिवेश, सन्दर्भ तथा विषयवस्तु झल्किने शीर्षक वा विषयवस्तु छनोट गरी दिन

(च) लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन

(छ) क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सिकारुले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका कविता, गीत, पाठसम्बद्ध चित्र, शब्दपत्ती आदिको प्रयोग गर्नुपर्छ ।

## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले तलका जस्ता कुनै कविता सुनाएर सिकारुलाई शब्दको सही उच्चारण गर्न, स्वगतिमा पढ्न र विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् :

**संस्कृतिका धनी**

दसैं आए दहीचिउरा छ टीका निधारैमा
तिजमा नारी रमझम गर्छन् देउसी तिहारैमा
इन्द्रजात्रा, गाईजात्रा लाखे नाच्दै आउने
गौरा आए देउडा गाउँदै हुड्को बजाउने
    ठेकुवा खान मधेस जान्थें छठ आउँछ कैले
    मस्जिदमा पुग्छु म त इद आउँछ जैले
    सेन्टा बन्छु क्रिसमसमा ल्होसारमा बक्खु
    च्याब्रुङ भिरी धाननाचमा नाच्दै म त रम्छु
चाड पर्व सम्पत्ति हुन् जोगाएर राख्छु
सेरगमसँग ढिकरी र ढकनी म साट्छु
बिस्का, माघी, रोधी, फागु संस्कृतिका धनी
लुम्बिनीको पानी पिउँछु म त बुद्ध बनी

(ख) सहजकर्ताले सिकारुले मनाउने जात्रा, चाडपर्व, विवाह, व्रतबन्ध जस्ता विषयवस्तुसँग सम्बन्धित सामग्री प्रस्तुत गरेर त्यसका बारेमा छलफल गराउनुहोस् र सिकारुले मान्ने कुनै चाडको वर्णन गर्न लगाउनुहोस् । जस्तै :

**माघी**

थारू जातिको प्रमुख चाड माघी हो । माघे सङ्क्रान्तिलाई थारू जातिले माघी भन्छन् । उनीहरू माघीलाई नयाँ वर्षका रूपमा मनाउँछन् । माघीका दिन खोला, पोखरी, तलाउमा गई नुवाइधुवाइ गरिन्छ । यसलाई 'माघ लहान' भनिन्छ । नुहाइसकेपछि घर गएर दाल, चामल र नुन छोएर आफूभन्दा ठुलालाई ढोग गरी आशीर्वाद लिइन्छ । यस दिन तिलको आगो ताप्ने चलन पनि छ । यसो गर्दा वर्षभरि गरिएका पापहरू पखालिन्छ भन्ने विश्वास छ । राति घरमा मुढा बालेर धुनी जगाउँछन् । 'सखियै हो माघीक पिली गुरी जाँर' गीत गाउँदै नाचगान गरिन्छ । माघीमा नाचिने नाचलाई मघौटा भनिन्छ । यस पर्वमा खाइने मुख्य खानेकुरामा खिचडी, माछामासु आदि पर्छन् । माघ १ गतेबाट सुरु हुने यो पर्व पाँचौँ दिनसम्म लगातार चल्छ । अन्तिम दिनमा भोज गरेर माघी समापन हुन्छ ।

(ग) पुस्तकमा दिइएको पाठ सिकारुले सहजकर्ताबाट सुन्नुहोस्, दुईतीन पटक पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् अनि यसका मुख्य मुख्य विषयमा छलफल गर्नुहोस् ।

## मुख्य सिकाइ कार्यकलाप

### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले सिकारुलाई तलका जस्ता स्वतन्त्र प्रश्न सोध्नुहोस् र उत्तर भन्न तथा लेख्न लगाउनुहोस् :

(अ) तपाईँ कुन कुन चाड मनाउनुहुन्छ ?

(आ) चाडवाड आउँदा तपाईँ के के गर्नुहुन्छ ?

(इ) चाडवाड किन मनाएको होला ?

(ई) हामीले अरुका चाडपर्वका बारेमा जान्नुपर्छ कि पर्दैन ? किन

(ख) सिकारुले तलका शब्द जोडेर नयाँ शब्द बनाउनुहोस् र ती नयाँ शब्दलाई वाक्यमा प्रयोग गरी सुनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| दसैँ + तिहार | =............ | रोपाईँ + जात्रा | =............ |
| फागु + पर्व | =............ | साकेला + सिल्ली | =............ |
| धान + जाच | =............ | जात्रा + पर्व | =............ |
| माघे+ सङ्क्रान्ति | =............ | बकर + इद | =............ |
| कृष्ण + अष्टमी | =............ | भानु + जयन्ती | =............ |

(ग) सिकारुले तलका शब्द र अर्थ पढ्नुहोस्, बुझ्नुहोस् र ती कस्तो वा कुन अवस्थामा प्रयोग हुने शब्द हुन्, भन्नुहोस् :

| | |
|---|---|
| संस्कृति : | चालचलन |
| तिज : | हिन्दु महिलाले मनाउने चाड |
| इन्द्रजात्रा : | भाद्र शुक्ल चतुर्दशीका दिन काठमाडौँमा गरिने रथयात्रा |
| गाईजात्रा : | नेवार समुदायले मनाउने पर्व |
| गौरा : | सुदूरपश्चिम क्षेत्रमा मनाइने पर्व |
| हुड्का : | डमरुजस्तै एक बाजा |
| ठेकुवा : | छठमा बनाइने प्रसाद |
| छठ : | तराईमा मनाइने एक पर्व |
| मस्जिद : | इस्लाम धर्मावलम्बीको पवित्र स्थल |
| इद : | इस्लाम धर्मावलम्बीले मनाउने चाड |
| सेन्टा : | इसाई समुदायको एक विशेष पात्र |
| क्रिसमस : | इसाई धर्मावलम्बीले मनाउने चाड |
| ल्होसार : | शेर्पा, तामाङ र गुरुङ जातिले मनाउने विशेष पर्व |
| धाननाच : | लिम्बू जातिको सांस्कृतिक नाच |
| ढिकरी : | थारु जातिले खाने विहेष परिकार |
| बिस्का : | काठमाडौँमा वैशाख १ गते मनाइने विशेष जात्रा |
| माघी : | माघे सङ्क्रान्तिमा थारु जातिले मनाउने पर्व |
| रोदी : | गुरुङ जातिले गाउने सांस्कृतिक गीत |
| फागु : | तराईमा मनाइने पर्व |

(घ) सहजकर्ताले भिडियो, प्रोजेक्टर, चित्र, पोस्टर आदिका माध्यमबाट सांस्कृतिक, प्राकृतिक र सामाजिक विषयवस्तुसँग सम्बन्धित सामग्री प्रदर्शन गरेर सिकारुलाई विषयवस्तुका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

### क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले रेडियो, मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदि विद्युतीय सामग्रीका माध्यमबाट जात्रा, पर्व, चाड, नाचसँग सम्बन्धित गीत, कविता, नाटक, कथा सुनाउनुहोस् र सुनाइएका सामग्रीबाट अनुवाचन वा अभिनय गर्न लगाउनुहोस् । यस क्रममा सिकारुले सुनाइएका सामग्रीमा आधारित रहेर प्रश्नोत्तरसमेत गराउनुहोस् ।

(ख) सहजकर्ताले विभिन्न जातिले मनाउने जात्रा, पर्व, चाड, नाच आदिका चित्र देखाउँदै सिकारुका समुदायमा मानिने धर्मसँग सम्बन्धित कार्यकलापबारे बताउन लगाउनुहोस् ।

### क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले पुस्तकको वा अन्य कुनै समाचार पढेर सुनाउनुहोस् अथवा सिकारुलाई नै पढेर सुनाउन लगाउनुहोस् र त्यही समाचारबाट विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् :

**नमस्कार । म हुँ–नम्रता बराइली ।**

केही वर्षअघि ज्याला गरेर खाने महाङ्काल गाउँपालिकाका किसानहरू अहिले तरकारी खेती र पशुपालन गरेर राम्रो आम्दानी गरिरहेका छन् । उनीहरूले गोलभेँडा, आलुप्याज र काँक्राफर्सी उत्पादन गरेर मनग्य आम्दानी गरेका छन् । कुटोकोदालो कृषि सहकारीले उत्कृष्ट किसानलाई सम्मान गरेको छ । यो वर्ष तरकारी खेतीतर्फ मनमाया गोले उत्कृष्ट किसान भएकी छिन् । पशुपालनतर्फ देवनारायण राई उत्कृष्ट किसान घोषित भएका छन् । यस गाउँमा गाईभैँसी, बाख्रापालन र माछापालनका क्षेत्र पनि कृषकका रोजाइमा परेका छन् ।

(ख) सहजकर्ताले तलका जस्ता छोटा कविता ल्याएर सिकारुलाई गाउन दिनुहोस् र उच्चारण र वाचन क्षमता सुधार गर्नुहोस् ।

चाड पर्व सम्पति हुन् जोगाएर राख्छु
सेरगमसँग ढिकरी र ढकनी म साट्छु
बिस्का, माघी, रोधी, फागु संस्कृतिका धनी
लुम्बिनीको पानी पिउँछु म त बुद्ध बनी

(ग) सहजकर्ताले तलको जस्तै गरी विभिन्न प्रसङ्ग वा घटनाक्रम सुनाई त्यसको सन्दर्भ पहिचान गर्न लगाउनुहोस् :

**पञ्चेबाजा**

पञ्चेबाजा लोकबाजा हो । पञ्चेबाजामा दमाहा, झ्याली, ट्याम्को, ढोलक र सहनाई पर्छन् । यी बाजाहरू गाउँघरमा स्थानीय सामग्री प्रयोग गरेर बनाउन सकिन्छ । पञ्चेबाजा विवाह, व्रतबन्ध, चाडबाड, जात्रा र रोपाइँमा बजाउने गरिन्छ । धार्मिक कार्यको साइतका क्रममा पञ्चेबाजा बजाउने चलन छ । सहर बजारमा पञ्चेबाजाको प्रयोग कम हुन्छ । गाउँघरमा भने पञ्चेबाजा लोकप्रिय छ । युवा पुस्ता पञ्चेबाजा बजाउनभन्दा आधुनिक बाजा बजाउन रुचि राख्छन् । पञ्चेबाजा हाम्रो संस्कृतिसँग सम्बन्धित भएकाले यसको संरक्षण गर्नु आवश्यक छ ।

**प्रश्नहरू :**

(अ) पञ्चेबाजामा कुन कुन बाजा पर्छन् ?

(आ) पञ्चेबाजा कहिले बजाउने गरिन्छ ?

(इ) किन पञ्चेबाजाको संरक्षण गर्नुपर्छ ?

## ४. क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ (स्वनिर्देशित)

(क) सिकारुले उदाहरण हेरेर अरु धेरै यस्ता शब्द लेखी देखाउनुहोस् ।

**उदाहरण :** साग र पात = सागपात

(ख) सिकारुले गल्ती नगरी तलको अँश वा कुनै पुस्तक वा पत्रपत्रिकाको अंश सारेर देखाउनुहोस् :

अस्तिको हप्ता हामीले उपत्यकाका राजा प्रताप मल्लले सुरु गरेको गाईजात्राका बारेमा सुनाएका थियौँ । गाईजात्रामा हास्यव्यङ्ग्य प्रस्तुत हुने कुरा पनि सुनाएका थियौँ । अब अर्को हप्ताको सांस्कृतिक समाचारमा यस्तै कुनै चाडपर्वका बारेमा समाचार लिएर आउने नै छौँ । आजलाई बिदा दिनुहोस् । नमस्कार ।

(ग) सिकारुले तलको अंश पढेर के बुझ्नुभयो ? पाँच वाक्यमा लेख्नुहोस् :

बिस्का, माघी, रोधी, फागु संस्कृतिका धनी
लुम्बिनीको पानी पिउँछु म त बुद्ध बनी

(घ) सिकारुका परिवारमा मनाइने चाडपर्व, गाउँघर वा टोलमा हुने जात्रा, देवाली, गुठी आदिका बारेमा परिवारका सदस्यलाई सोधेर कुनै अनुच्छेद लेख्न लगाउने र कक्षाकोठामा छलफल तथा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

## क्रियाकलाप ५ : शब्दभण्डार (स्वनिर्देशित)

(क) सिकारुले पुस्तकमा दिइएको कोठेपदबाट शब्द बनाई सहजकर्तालाई देखाउनुहोस् ।

(ख) सिकारुले ठेकुवा, ढकनी, ढिकरी, सेरगम, चुकाउनी, खुवा, पर्वका बारेमा वर्णन गरेर देखाउनुहोस् ।

(ग) सहजकर्ताले तलका जस्ता शब्द चार्टमा प्रस्तुत गरी त्यसबाट नाता बुझाउने शब्द र खानेकुरा बुझाउने शब्द टिपोट गर्न लगाई कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

**शब्दसूची :** बुढोपाको, आलुप्याज, बाबुसाहेब, गोलभेँडा, दालभात, अन्नपात, खेलकुद, देशविदेश, अन्नबाली, सासूससुरा, दुधभात, जडीबुटी, घिउतेल, दालभात, अन्नपात, फलफूल, जन्ममृत्यु, मामामाइजू, नौगेडी, दुधभात, किलोग्राम, नापतौल, फेदटुप्पो, काँक्राफर्सी, जडीबुटी, घिउतेल, काँक्राफर्सी, नातागोता, आमाछोरी, सागपात

जन्मस्थान, जन्मदिन, कार्यक्रम, दिदीभाइ, पूजाआजा, पुष्पगुच्छा, फुपूफुपाजु, गोलभैँडा, आलुप्याज, अन्नबाली, दशपन्ध्र, तीनचार, लामोछोटो,, पतिपत्नी, बाजेबज्यै, अन्नपात, नानीमैया, बुबाआमा, मातापिता, लोकप्रिय, देशभक्त, पाठशाला, सागपात, बाघचाल, फलफूल, माछामासु, नुनतेल

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी सामान्य वर्तमान काल अर्धविराम, पूर्णविराम, प्रश्नवाचक चिन्हको प्रयोग तथा लिङ्ग, वचन र काल सङ्गति सिकाउनुहोस् ।

(ख) सिकारुले आफूले गरेका वा गर्ने काम तलको तालिकामा भरी देखाउनुहोस् :

| हिजो गरेका काम | आज गर्ने काम | भोलि गर्ने काम |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

सिकारुले हाम्रा चाडपर्व शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् र सहजकर्तालाई देखाई सुझाव लिनुहोस् ।

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

(क) सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये पहिलो अभ्यास परिवारका सदस्यसँग मिलेर गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

## सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले स्थानीय परिवेश, सन्दर्भ तथा विषयवस्तु झल्किने शीर्षक वा विषयवस्तु छनोट गरी वर्णन गर्नुहोस् लिङ्ग र वचनको सङ्गति तथा क्रियाका कालअनुसारका वाक्यको प्रयोग गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(ग) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| अनुच्छेद सुनी मुख्य मुख्य शब्द पहिचान र उच्चारण गराउँदा | |
| हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्यरचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र | |
| द्रुत पठन गराउँदा | |
| स्थानीय परिवेश, सन्दर्भ तथा विषयवस्तु झल्किने शीर्षक वा विषयवस्तु छनोट गरी | |
| वर्णन गराउँदा | |
| लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन लगाउँदा | |
| क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन लगाउँदा | |

### मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन क्षमता | |
| स्थानीय परिवेश, सन्दर्भ तथा विषयवस्तु वर्णन गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर

अभिभावकको हस्ताक्षर

## ९ विषय क्षेत्र

# सञ्चार, प्रविधि र बजार

## १. परिचय

अहिलेको समयमा सञ्चार र बजार बहुउपयोगी तथा अन्तरसम्बन्धित क्षेत्र हुन् । सञ्चार, प्रविधि र बजार विषयक्षेत्रमा आधारित भई सिकाइ सहजीकरण गर्दा मानापाथी, मोबाइल, टेलिफोन, घडी, क्यालकुलेटर, गाडी, हाटबजार, भिडभाड, पसललगायतका सूचना प्रविधि र बजारसम्बद्ध विषयक्षेत्रलगायतका पक्षको जानकारी र व्यावहारिक अभ्यास गर्न जरुरी हुन्छ । यस्ता विषयक्षेत्रमा आधारित भई भाषिक सिप विकास तथा सञ्चार कौशलको विकास गर्नु उपयुक्त हुन्छ । यस क्षेत्रमा सिकाइ अभिवृद्धिका विविध पक्षमा आधारित भई भाषा प्रयोग र सञ्चारका क्रममा सिकारुले आधार पदका अगाडि र पछाडि रहेका ध्वनि पहिचान र उच्चारण गर्न, शब्दमा प्रयोग भएका रूपविन्यासगत पहिचान गरी जोड्न र छुट्याउन, दृश्य सामग्रीका आधारमा विषयवस्तु सामान्य रूपमा वर्णन र शीर्षक पहिचान गर्न, परिभाषा, उदाहरण, तुलना र विपरीतताका सन्दर्भमा आधारित पाठ पठन, स्वतन्त्र रूपमा विभिन्न प्रकारका रचनात्मक लेखन, बाल शब्दकोशको प्रयोग गरी समानार्थी तथा विपरीतार्थक शब्दहरूको अर्थबोध र प्रयोग गर्न, सामान्य वर्तमान, भूत र भविष्यत् कालको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिने जस्ता कार्य गर्ने छन् । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ । यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ४ घण्टा र स्वनिर्देशिततर्फ ६ घण्टा गरी जम्मा १० घण्टा समय निर्धारण गरिएको छ ।

## २. विषयवस्तु

यस एकाइमा दैनिक प्रयोगमा आउने शब्द प्रयोग गरी सञ्चार, प्रविधि र बजारसँग सम्बद्ध विषयवस्तुको पहिचान र वर्णन तथा सिङ्गो शब्द छुट्याएर दुईओटा शब्द निर्माण, शब्द शब्द छुट्याएर उच्चारण, शब्दहरूलाई रूपविन्यासगत अर्थका आधारमा पठन र लेखन, स्तरगत शब्दहरूको रूपविन्यासगत अर्थ बुझी पठन र लेखन, परिभाषा, उदाहरण, तुलना र विपरीतताका सन्दर्भमा आधारित पाठ, परिवेशगत, पात्रगत र घटनागत तुलना एवम् पात्र परिवर्तनसहित कथा निर्माण तथा स्वतन्त्र लेखनसँग सम्बद्ध विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) अनुमान र कल्पना गरी मौखिक वर्णन गर्न

(ख) निर्धारित पाठ्यसामग्री, चित्र र पत्रपत्रिका पढी बोध गर्न

(ग) उही तथा उल्टो अर्थ दिने शब्दहरूको अर्थबोध र प्रयोग गर्न

(घ) बाल शब्दकोशको प्रयोग गर्न

(ङ) पाठमा दिइएका शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोधक शब्दको प्रयोग गर्न

(च) चिठी, निवेदन, साइन बोर्ड, पोस्टर, सूचना र अन्य विवरणहरूको पढी अर्थबोध गर्न

(छ) लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन

(ज) क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सहजकर्ताले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका कविता, गीत, पाठसम्बद्ध चित्र, शब्दपत्ती आदिको प्रयोग गर्नुपर्छ ।

## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले तलका जस्ता कुनै कविता सुनाएर सिकारुलाई शब्दको सही उच्चारण गर्न, स्वगतिमा पढ्न र विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् । तपाईं वा अलिक राम्रो गाउन जान्ने मानिसबाट यी कविता मोबाइलमा रेकर्ड गरेर पनि सुनाउनुहोस् ।

१. लय मिलाई गाउनुहोस् :

**मानापाथीले**

विदेशबाट चिठी आयो कान्छा मामाको
खुसीले मन गद्गद भयो हाम्री आमाको
वरपर हल्ला भयो गाउँघरमा
यताउता चर्चा चल्यो घर घरमा ।
जोडघटाउ चल्न थाल्यो आउने दिनको
सबै खुसी सबै दङ्ग किन किन हो ?
मामा छिट्टै आउने अरे भन्यो साथीले
खुसी नाप्न मिल्दैन है मानापाथीले !



(ख) कविता वाचनका क्रममा मानापाथी, जोडघटाउ, वरपर, गाउँघर, जोडघटाउ, गद्गद जस्ता शब्दको उच्चारण उच्चारण पनि गराउनुहोस् ।

(ग) सहजकर्ताले तलका जस्ता चित्र प्रस्तुत गरेर त्यसका बारेमा प्रश्नोत्तर गर्दै पर्याप्त छलफल गर्नुहोस् :

१. चित्र हेरी वर्णन गर्नुहोस् :



(घ) चित्र वर्णन गर्दा भाषिक शुद्धता, सामान्य वाक्य गठन मिले नमिलेको पहिचान गर्नुहोस् । सिकारुले मातृभाषामा उत्तर दिँदा वाक्य गठन नमिल्न सक्छ, नेपाली भाषासँग तुलना गर्दै त्रुटि सच्याइदिनुहोस् । पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा मानिस, सरसामान, बजारको वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदान गर्नुहोस् । यस क्रममा शब्दपत्तीको प्रयोग गर्दै शब्द अर्थबोध गर्ने अवसर दिनुहोस् ।

## मुख्य सिकाइ कार्यकलाप

### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले पुस्तकको पाठ राम्रोसँग सुन्नुहोस् र पाठमा भनिएका कुन कुन कुरा आफ्नो ठाउँसँग मिल्छन् र कुन कुन मिल्दैनन्, भन्नुहोस् ।

(ख) पाठ सुनेर उदाहरणमा देखाए जसरी तलका शब्दलाई छुट्याएर पढ्नुहोस् :

जस्तै : साथीभाइ = साथी भाइ

ऋषिमुनि, हाँसखेल, मायाप्रीति, बालबच्चा, मिठोमसिनो, घिउचाकु, सेलरोटी, खिरपुरी, राईलिम्बू, राडीपाखी, डोकोडालो, भिरपाखा, काँटाचम्चा, डाडुपनिउँ, दीन दुःखी, जो कोही

### क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले रेडियो वा टेलिभिजनबाट प्रसारण हुने कुनै कार्यक्रम सुन्नुहोस् र त्यस कार्यक्रममा तपाईँलाई मन परेका कुरा टिपोट गरी सुनाउनुहोस् ।

(ख) सहजकर्ताले तलका जस्ता कुनै अंश सुनाई त्यसबाट प्रश्नोत्तर गराउनुहोस् :

भिरको बाटो हिँड्दा बाटाको बिच वा भित्तातिरबाट हिँड्नुपर्छ । सहरमा बाटाको छेउबाट हिँड्नुपर्छ । बाटो काट्दा जेब्राक्रसको प्रयोग गर्नुपर्छ । आकाशे पुल रहेछ भने त्यसबाट हिँड्नुपर्छ । गाडीको नजिक भएर पनि हिँड्नु हुँदैन ।

(ग) सहजकर्ताले सूचना प्रविधि, बजार वा अन्य सान्दर्भिक विषयवस्तुसम्बन्धी श्रव्य, दृश्य, श्रव्यदृश्य र अन्य सामग्री सङ्कलन गरी कक्षामा प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(घ) सिकारुले पनि सहजकर्ताले देखाएका भिडियो, प्रोजेक्टर, चित्र, पोस्टर आदिका माध्यमबाट सञ्चार, प्रविधि र बजारसँग सम्बन्धित सामग्रीबाट विषयवस्तुका बारेमा वर्णन गर्नुहोस् ।

### क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले घडी हेरेर तलको अंश वा पत्रपत्रिकाको कुनै अंश सकेसम्म छिटो पढ्नुहोस् र त्यसका मुख्य मुख्य कुरा सुनाउनुहोस् ।

नेपालमा पदयात्रा गर्ने धेरै ठाउँ छन् । तीर्थयात्रा गर्न पनि विदेश गइरहनुपर्दैन । बाटाघाटाको पात्रा कठिन भए पनि हवाईयात्रा त सजिलै छ । हामीले सबैलाई शुभयात्रा भन्न सिक्यौँ भने जीवनयात्रा पनि सहज नै हुन्छ ।

(ख) सहजकर्ताले तलका जस्ता नमुना सामग्रीको प्रयोग गरी त्यसबाट बोध प्रश्नोत्तर गराउनुहोस् :

## सूचना सूचना सूचना

गर्मी महिनामा फैलन सक्ने हैजा, झाडापखाला, टाइफाइड जस्ता रोगबाट आफू पनि बचौँ र अरूलाई पनि बचाऔँ । सरुवा रोगबाट बच्नका लागि तलका कुरालाई ध्यान दिऔँ :

- खाना खानुअघि र फोहोर वस्तु समाएपछि साबुनपानीले हात धुने
- उमालिएको पानी मात्र खाने
- फलफूल र तरकारीजस्ता वस्तुलाई सफा पानीले राम्ररी पखालेर मात्र खाने
- रेडिमेट खानेकुरा नखाने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने
- बिरामी भएमा नजिकैको स्वास्थ्यकेन्द्रमा गएर उपचार गराउने

नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

**प्रश्न**

१. यो सूचना केसँग सम्बन्धित छ ?

२. गर्मी महिनामा फैलन सक्ने रोगहरू के के हुन् ?

३. हामीले स्वस्थ बन्न के गर्नुपर्छ ?

४. बिरामी भएको समयमा उपचार नगराए के हुन्छ ?

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ (स्वनिर्देशित)

(क) सिकारुले तलका शब्द वा सहजकर्ताले शब्दपत्तीमा देखाएका यस्तै शब्द सुनेर लेख्नुहोस् र ती शब्दलाई दुई दुई भागमा छुट्याएर पनि सुनाउनुहोस् ।

श्रद्धाभक्ति, गड्याङगुडुङ, साँचोझुटो, आकाशपाताल, जुवातास, लाभहानि, दीनदुःखी, मायाप्रीति, छोराबुहारी, ... ऋषिमुनि

(ख) तल फ्रिजले आफ्ना कुरा भनेको छ । यो पढेर सिकारुले यसरी नै टिभीले भनेका कुरा लेखी सुनाउनुहोस् ।

म फ्रिज हुँ । म मानिसका घरघरमा हुन्छु । होटलमा पनि हुन्छु । म खानेकुरा चिसो राख्छु । मलाई मानिसले माया गर्छन् । म बिजुलीबाट चल्छु ।

(ग) साथीबाट तलको अंश वा अरु कुनै अंश सुनेर शुद्धसँग लेख्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् ।

मेरो गाउँको नजिकै बजार छ । बजारको वरिपरिका रुखमा बसेर चरा चिर्रीचिर्र कराउँछन् । यहाँ लेकबेँसीबाट आउने मानिस साँझबिहान तलमाथि गरिरहन्छन् । खोलानाला, घामपानी, साह्रोगाह्रो, हावाहुरी, बिर्सेर उकालोओरालो गरिरहने मानिस पनि खुसी देखिन्छन् ।

(घ) सिकारुले प्रविधि, डेक्सबेन्च, कालोपाटी, पानीघट्ट, आविष्कारलाई वाक्यमा प्रयोग थगर्नुहोस् वा यी शब्द प्रयोग गरेर एक अनुच्छेद लेखी सहजकर्तालाई देखाउनुहोस् ।

(ङ) सिकारुले सहजकर्ताले देखाएको तलको जस्तो शुभकामना पढ्नुहोस् । अरु पनि शुभकामना पत्र हेर्नुहोस् र आफूले मनाउने कुनै चाडको शुभकामना तयार गरी स्रोत कक्षामा प्रस्तुत गर्नुहोस् :

## हार्दिक शुभकामना

श्री भूमिका शर्माज्यू

थाङसिङ, नुवाकोट

यस सिकाइ केन्द्रमा पच्चिसओटा कम्प्युटरसहितको पुस्तकालय तथा प्रयोगशाला बन्न लागेकामा हार्दिक शुभकामना व्यक्ति गर्छु ।

अश्लेषा महत

समुद्रादेवी, नुवाकोट

यो कार्यकलापमा सहजकर्ताले चिठी, निवेदन, साइन बोर्ड, पोस्टर, सूचना र अन्य विवरणहरू प्रयोग गर्नुहोस् ।

(च) सिकारुले खाली ठाउँमा मिल्दो शब्द भरेर नयाँ शब्द बनाउनुहोस् र उक्त शब्दलाई उच्चारण र्गुहोस् :

| | |
|---|---|
| ........पाटी (कालो, हरियो) | = कालोपाटी |
| तातो........ (पिरो, अमिलो) | = ........................ |
| साँचो...... (झुटो, हल्ला) | = ........................ |
| ......पुरानो (नौलो, नयाँ) | = ........................ |
| ........कार्य (घर, गृह) | = ........................ |
| . .....पाखा (आँखा, भिर) | = ........................ |
| भैँडा.....(चौँरी, च्याङ्ग्रा) | = ........................ |
| जीव.....(जन्तु, जोत) | = ........................ |
| चिनी.... (पात, पानी) | = ........................ |
| .......बारी (फूल, वन) | = ........................ |
| लेक.......(बैँसी, भन्ज्याङ) | = ........................ |

## क्रियाकलाप ५ : शब्दभण्डार (स्वनिर्देशित)

(क) सिकारुले सोचेर लेख्नुहोस्, को वा के होला ?

| |
|---|
| बिरामी जाँच्ने |
| दृश्य हेर्ने |
| गफ गर्ने |
| पढाउने |
| ओड्ने ओछ्याउने |
| मानिसले कुदाउने |
| समाचार सुन्ने |

(ख) सिकारुले घर, रुख, फूल, बाटो, मानिस शब्दका उस्तै अर्थ आउने दुई दुई शब्द लेखी देखाउनुहोस् ।

(ग) सिकारुले शब्दकोश हेरेर जागिर, जेल, कार्यालय, मेलापात, खनजोत, समाजसेवा, ठेस शब्दको अर्थ लेखी देखाउनुहोस् ।

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी वचन, लेख्यचिन्हको प्रयोग र सर्वनाम तथा काल सङ्गति सिकाउनुहोस् ।

(ख) सिकारुले सहजकर्ताले दिएका शब्दसूचीलाई तलको जस्तै तालिकामा राखी प्रदर्शन गर्नुहोस् । जस्तै :

गाई, चराहरू, नदी, सुन्तला, टोपीहरू, केरा, पुस्तकहरू, मानिसहरू

| एउटा बुझाउने | धेरै बुझाउने |
|---|---|
| | |

(ग) सिकारुले म, ऊ, तँ, तपाईं, हामी, उनी, उहाँ शब्द राखेर आफूलाई मन लागेका वाक्य लेखी देखाउनुहोस् ।

(घ) सहजकर्ताले तलका जस्तै वा अन्य वाक्य दिई सिकारुलाई मिल्दो चिन्ह राखेर तलका वाक्य पूरा गर्न लगाउनुहोस् र चिन्हको प्रयोग मिले नमिलेको जाँचिदिनुहोस् :

(अ) म बारीमा काम गर्छु........

(आ) तिम्रो भाइ कहिले आउँछ .....

(इ) आहा ..... कति राम्रो फूल ।

(ई) म.... तिमी र अशोकको टिम बनाऔँ ल ।

(उ) उसले भन्यो, ... तिमी भोलि घर नजाऊ ल ।...

### क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

सिकारुले आफूले हेरेको कुनै मेला वा बजारमा देखेका कुरालाई समेटी एक अनुच्छेद लेख्नुहोस् र सुनाउनुहोस् ।

### क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये पहिलो अभ्यास परिवारका सदस्यसँग मिलेर गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

### सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले पाठ्यसामग्री, चित्र र पत्रपत्रिका, चिठी, निवेदन, साइन बोर्ड, पोस्टर, सूचना जस्ता सामग्रीबाट छलफल तथा प्रश्नोत्तर गराउने र रेडियो, टेलिभिजन, कम्प्युटर वा फ्रिजको प्रयोग बारे केही बढी छलफल गराउने, लिङ्ग र वचनको सङ्गति तथा क्रियाका कालअनुसारका वाक्यको प्रयोग गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(ग) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| अनुमान र कल्पना गरी मौखिक वर्णन गराउँदा | |
| पाठ्यसामग्री, चित्र र पत्रपत्रिका पढी बोध गराउँदा | |
| उही तथा उल्टो अर्थ दिने शब्दहरूको अर्थबोध र प्रयोग गराउँदा | |
| बाल शब्दकोशको प्रयोग गर्न सिकाउँदा | |
| शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोधक शब्द सिकाउँदा | |
| चिठी, निवेदन, साइन बोर्ड, पोस्टर, सूचना र अन्य विवरणहरूको पढी अर्थबोध गर्न सिकाउँदा | |
| लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन सिकाउँदा | |

## मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| चिठी, निवेदन, साइन बोर्ड, पोस्टर, सूचना र अन्य विवरणहरूको पढी अर्थबोध गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर

अभिभावकको हस्ताक्षर

# हाम्रा क्रियाकलाप

## १. परिचय

हामीले दैनिक क्रियाकलाप गर्दा प्रयोग गर्ने भाषा सिकारुको स्तर र रुचिअनुकूलका विषयवस्तु भएमा सिकाइ सहज हुन्छ । सहज तरिकाले सिकारुले सिक्नु भनेको उसको सिकाइ गुणस्तर हुनु पनि हो । परिवार, स्थानीय परिवेश, सामूहिक कार्य र वातावरणसँग सम्बन्धित पक्ष सिकाइ क्रियाकलापका मुख्य आधार हुन् । यसले सिकाइलाई सन्तुलित रूपमा उपयोग गर्न सहयोग गर्छ । भाषा सिकाइ प्रयोगमूलक र व्यावहारिक हुने भएकाले हाम्रा भाषिक क्रियाकलाप पनि तद्अनुरूप विकास हुन्छन् । सर्गपरक ध्वनि जोड्ने, शब्दमा प्रयोग भएका रूपविन्यासगत पहिचान गरी जोड्न र छुट्याउने, अनुमान, कल्पना, सिर्जना र समस्या समाधानसहित विषयवस्तुको वर्णन, दृश्य सामग्रीका आधारमा विषयवस्तु सामान्य रूपमा वर्णन र शीर्षक पहिचान, परिभाषा, उदाहरण, तुलना र विपरीतताका सन्दर्भमा आधारित पाठ पठन, चिठी, निवेदन, साइनबोर्ड, पोस्टर, साधारण सूचना र अन्य विवरणहरूको पढी अर्थबोध र सन्दर्भगत प्रयोग, विभिन्न प्रकारका रचनात्मक लेखन अभ्यास, समानार्थी तथा विपरीतार्थक शब्दहरूको अर्थबोध, बाल शब्दकोशको प्रयोग, मौखिक तथा लिखित अभिव्यक्तिलगायतका कार्य गर्ने छन् । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहार कुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ । यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ४ घण्टा र स्वनिर्देशिततर्फ ६ घण्टा गरी जम्मा १० घण्टा समय निर्धारण गरिएको छ ।

## २. विषयवस्तु

यस एकाइमा दैनिक प्रचलनमा आउने सर्गपरक शब्द जोडेर सिङ्गो शब्द निर्माण गरी कक्षाकोठामा छलफल, उदाहरण, तुलना र विपरीतका सन्दर्भमा आधारित पाठको बोध, मौलिक वर्णन, शब्दसूची निर्माण, निर्धारित विषयवस्तुको पदसङ्गति र समानार्थी तथा विपरीतार्थक शब्दहरूको अर्थबोध र प्रयोग सचेततासहितको मौखिक तथा लिखित प्रतिक्रियासँग सम्बद्ध विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) शब्दका अगाडि एवम् पछाडि आएका ध्वनि जोडेर र छुट्याएर भन्न

(ख) निर्धारित पाठ्यसामग्री, चित्र र पत्रपत्रिका पढी बोध गर्न

(ग) पाठमा दिइएका शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोधक शब्द बुझेर पढ्न

(घ) स्वतन्त्र रूपमा विभिन्न प्रकारका रचनात्मक लेखन अभ्यास गर्न

(ङ) लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन

(च) क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सहजकर्ताले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका कविता, गीत, पाठसम्बद्ध चित्र, शब्दपत्ती आदिको प्रयोग गर्नुपर्छ ।

## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले कुनै कविता सुनाएर सिकारुलाई शब्दको सही उच्चारण गर्न, स्वगतिमा पढ्न र विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् । तपाईँ वा अलिक राम्रो गाउन जान्ने मानिसबाट कविता वा अन्य सामग्री मोबाइलमा रेकर्ड गरेर पनि सुनाउनुहोस् ।

(ख) कविता वाचन वा अन्य सामग्री पठनका क्रममा तलका जस्ता छोटा कविता सुनाई शब्दको उच्चारण अभ्यास पनि गराउनुहोस् :

अनमोल रमाइलो घमाइलो गाउँ
सुविचार बोकी घुम्न हामी त्यतै जाऔँ
वल्लोपल्लो डाँडा पनि सुकुमार छन् साथी
अनगिन्ती माया पाउँछन् तिनै हाँसीहाँसी ।

### मुख्य सिकाइ कार्यकलाप

### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले हाम्रो समाज पाठ सुन्नुहोस् र आफ्नै समुदाय सोचेर तलका प्रश्नको एत्तर भन्नुहोस् :

(अ) तपाईँको समुदायका मानिस के के काम गर्छन् ?

(आ) मानिले किन विभिन्न क्रियाकलाप गरेका हुन् ?

(इ) मानिसका चाडवाड किन फरक फरक भएका होलान् ?

(ख) कविता गाएर साथीलाई सुनाउनुहोस् र यसबाट साथीले बुझेका कुरा सोधेर लेख्नुहोस् :

गोर्खाली हामी नेपाली झापाली हामी नेपाली
घरेलु सामान किन्दछौँ दयालु ज्ञानी बन्दछौँ
आआफ्नो संस्कार मानेर अरुका संस्कार जानेर
सामाजिक प्राणी बन्दछौँ सांस्कृतिक धर्म मान्दछौँ

(ग) सिकारुले तलमा शब्द जोडी शब्द बनाएर भन्नुहोस् :

| | | | |
|---|---|---|---|
| बे + काम | =............ | लेख् + आइ | =............ |
| अर्थ+ इक | =............ | कवि+ ता | =............ |
| वन + एली | =............ | पर्वत+ ए | =............ |
| परा जित | =............ | कार्की+ एनी | =............ |
| मल + इलो | =............ | धन+ ई | =............ |

(घ) सिकारुलाई निम्नलिखित जस्तै शब्दहरू शब्दपत्तीका आधारमा देखाउँदै ती शब्द भन्न लगाउनुहोस् । शब्द भन्न लगाएपछि सहजकर्ताले यी शब्दलाई छुट्याएर र जोडेर देखाउनुहोस् ।

कस् + इलो, पोस् + इलो, सु + पुत्र, नेपाल + ई आदि
यस्ता क्रियाकलाप गरिसकेपछि सहजकर्ताले तताएर, पकाएर, केलाएर, सुकाएर, बनाएर, कुटाएर, पाल्पाली सुनाम, थरथरी जस्ता शब्दमा कुन कुन सर्गयुक्त ध्वनि हुन् भनी सोधी शब्द पहिचान र उच्चारण गर्न लगाउनुहोस् र ठिक नभएमा सच्याइदिनुहोस् ।

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले कसैबाट सुनेर सन्चोबिसन्चो, चियाखाजा, मानसम्मान, कापीकलम, कलासंस्कृति शब्द लेख्नुहोस् र वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।

(ख) सिकारुले कार्पेन्टर, डाक्टर, सिकारु वा किसानले काम गरिरहेको हेर्नुहोस् र तिनले गर्ने कामको वर्णन गर्नुहोस् ।

(ग) सिकारुले पुराण, भाषण वा प्रवचन सुन्नुहोस् र त्यस कार्यक्रममा मानिसले के के भने ? सुनाउनुहोस् ।

(घ) सहजकर्ताले हाम्रो क्रियाकलापसँग सम्बन्धित तलका जस्ता कुनै विषयवस्तु, कथा, कविता वा संवाद दिएर यसको शीर्षक पहिचान गर्न लगाउनुहोस् । सिकारुले भनेका सम्भावित शीर्षकलाई सही भनिदिनुहोस् :

मीनाका बुबा सिङ्गापुरे लाहुरे हुन् । उनी सिङ्गापुरमा नै काम गर्छन् । मीना पनि बुबासँग सिङ्गापुरमा नै बस्छिन् । मीनाको जन्मघर कास्कीको घान्द्रुक हो । सिङ्गापुरको सहरिया वातावरणभन्दा मीनालाई नेपाली गाउँले वातावरण नै मन पर्छ । उनी सानो छँदा साथीसँग खेलेका खेल सम्झिन्छिन् । गाउँको ताजा फलफूल सम्झिन् । उनलाई गाउँको रोधी नाच मन पर्छ । उनी पन्ध्र दिनको छुट्टीमा नेपाल आउँदै छिन् । उनी नेपाल आउने दिन गन्ती गरेर बसेकी छन् । उनी नेपाललाई माया गर्ने नेपालकी छोरी हुन् ।

## क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले तलका शब्द पढ्नुहोस्, अर्थ बुझ्नुहोस् र लेखेर देखाउनुहोस् :

जातजाति, खानेकुरा, भिन्नता, भाउजू, बौद्ध, गोर्खाली, दयालु, ज्ञानी, सांस्कृतिक

(ख) सिकारुले तलको कविता पढेर साथीलाई सोध्न तीनओटा प्रश्न बनाउनुहोस् र साथीले दिएको उत्तर लेख्नुहोस् :

म त किसान बन्ने हो पाखो बारी खन्ने हो
गरा गरा तरकारी हराभरा पार्ने हो
अन्न फलफूल रोपेर आफ्नै श्रमले गोडेर
कृषिप्रधान देशलाई समृद्धिले भर्ने हो

(ग) सहजकर्ताले तलका जस्तै वा निर्धारित पाठ वा कुनै सान्दर्भिक विषयवस्तु वा प्रसङ्गको नमुना पढेर सुनाउनुहोस् । नमुना पठनमा शुद्धता, गति, यति र हाउभाउ, चिन्ह प्रयोगलाई विशेष ध्यान दिनुहोस् । सहजकर्ताले नमुना पठन गरेपछि आफूसँगै सिकारुलाई पनि अनुपठन गर्न लगाउनुहोस् । अनुपठन गरिसकेपछि सिकारुलाई पालैपालो पठन गर्न लगाउनुहोस् ।

## पानीको पालो

डाँडामा एउटा गाउँ थियो । त्यस गाउँमा पानीको दुःख थियो । गाउँका मानिसले जथाभावी रुख काटेकाले गाउँमा पानीको मूल सुक्यो । वर्षायाममा पहिरो गई भूक्षय पनि भयो । बेसीमा एउटा कुवा थियो । गाउँलेहरू पानी लिन कुवामा जान्थे । कुवामा भिड लाग्थ्यो । पानी भर्ने पालोका लागि गाउँलेहरूको विवाद पऱ्यो । विवाद मिलाउने काम सीता आमाले गर्नुभयो । आआफ्नो पालामा पानी भर्ने नियम पनि बनाइदिनुभयो । त्यसपछि गाउँलेहरूले आआफ्नो पालामा पानी भर्न लागे । सीता आमाको इमान बढ्यो । गाउँलेहरूले उहाँलाई इनाम पनि दिए । सीता आमालाई झन् प्रोत्साहन भयो । उहाँले गाउँमा पानीको मूल सुकेको ठाउँ वरिपरि वृक्षरोपण गराउनुभयो । बिरुवा हुर्कँदै गए । सबैले रमाइलो माने । सबै खुसी भए ।

(घ) पठन प्रवाहका लागि पूर्णविराम, प्रश्नवाचक जस्ता चिन्हहरू प्रयोग भएका पाठ छनोट गर्नुहोस् । छनोट गरिएका पाठमा प्रयोग भएका लेख्य चिन्हहरूमा ध्यान दिँदै सहजकर्ताले आदर्श वाचन गरिदिनुहोस् । पढ्दा चिन्हअनुसार कसरी पढ्नुपर्ने रहेछ, सिकारुलाई हेर्न, सुन्न वा पहिचान गर्न लगाउनुहोस् । सिकारुको पढाइमा कहाँ कहाँ सच्याउनु आवश्यक छ, सो कुरा बताइदिनुहोस् । लेख्य चिन्हको प्रयोगअनुसारमा पढाइमा हुने विविधतालाई पहिचान गर्न लेख्य चिन्हको सूची र नमुना वाक्यपत्तीको प्रयोग गर्दै सिकाइ सहजीकरण गर्नुहोस् । पढाइमा समस्या भएका सिकारुहरूलाई थप सिकाइको अवसर प्रदान गर्ने र आवश्यक पृष्ठपोषणसहित सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(ङ) तलका जस्तै उदाहरण, तुलना र विपरीतताका सन्दर्भमा आधारित पाठ सङ्कलन गरी सिकारुलाई दिई पठन अभ्यास गराउनुहोस् :

बिरालोलाई भोक लाग्यो । उसले घरमा खाना खोज्यो । केही पाएन । अझै केही पाउने आसामा कुनातिर गयो । उता मुसा बिरालोको धन्दा हेरिरहेको थियो । बिरालोले मुसालाई देख्यो । ऊ भोक मेट्न पाइने आशामा खुसी भयो । मुसो पनि के कम । उसले भन्यो बिरालो दाइ तपाईँको घाँटीको घन्टी मन पऱ्यो । मलाइ दिनु न । बिरालो रिसले चुर भयो । मलाई खाना देउन त । म तिमीलाई घन्टी दिन्छु । ल हुन्छ मुसाले भन्यो । मुसोले बिरालालाई आँखा चिम्लन लगायो । सोझो बिरालाले आँखा चिम्लेको बेला मुसाले बिरालोको घन्टी काटिदियो । बिरालाले आँखा नहेर्दै मुसा भाग्यो । बिरालो हिस्स पऱ्यो ।

## ४. क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ (स्वनिर्देशित)

(क) सिकारुले शब्दहरूलाई रूपविन्यासगत अर्थका आधारमा पढ्ने र लेख्ने अभ्यास पटक पटक गर्नुहोस् । जस्तैः

**सर्ग वा शब्द छुट्याएर भन्न र लेख्ने :**

सुपात्र → सु, पात्र
नेपाली → नेपाल, ई
वल्लोपल्लो → वल्लो, पल्लो
तलमाथि → तल, माथि

**सर्ग जोडेर भन्न र लेख्ने :**

अन, मोल → अनमोल
सु, पात्र → सुपात्र
वि, सन्चो → विसन्चो
घाम, इलो → घमाइलो

(ख) सिकारुले साथीबाट सुनेर लेख्नुहोस् :

म त किसान बन्ने हो पाखो बारी खन्ने हो
गरा गरा तरकारी हराभरा पार्ने हो
अन्न फलफूल रोपेर आफ्नै श्रमले गोडेर
कृषिप्रधान देशलाई समृद्धिले भर्ने हो

(ग) सिकारुले कुन काम पहिले भएको हो ? क्रम मिलाई लेखेर सहजकर्तालाई देखाई सुझाव लिनुहोस् । तपाईँले गरेका कालाई क्रम मिलाएर लेख्नुहोस् :

(....) म चार बजे उठेँ ।
(....) साँझ बत्ती बालेँ ।
(....) हातमुख धोएँ ।
(....) स्वस्थानीको कथा भनेँ ।
(....) दश बजे मेला गएँ ।
(....) खाजा खाएँ ।
(....) खाना पकाएर खाएँ ।
(....) एघार बजे सुतेँ ।

(घ) सिकारुले तलको भनाइ बुझेर पढ्नुहोस् पाँच वाक्यमा बढाएर लेख्नुहोस् :
अन फलफूल रोपेर आफ्नै श्रमले गोडेर कृषिप्रधान देशलाई समृद्धिले भर्ने हो

## क्रियाकलाप ५ : शब्दभण्डार (स्वनिर्देशित)

(क) सिकारुले पुस्तकको कोठेपदबाट दशओटा शब्द बनाउनुहोस् र मिलेनमिलेको जाँच्न सहजकर्तालाई देखाउनुहोस् ।

(ख) सिकारुले किसान, पाखोबारी, गरा, हराभरा, श्रम, समृद्धि शब्द प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् ।

(ग) सिकारुले सहजकर्ताले दिएका अनमोल, सुविचार, सुयोग्य, कुकर्म तस्ता शब्दको अर्थ बुझ्नुहोस् र ती शब्दलाई आफूले सोचेअनुसारका राम्रा वाक्यमा प्रयोग गर्नुहोस् । जस्तै : नमुना वाक्यपत्ती
कुकर्म : हामीले कुकर्म गर्नु हुँदैन ।(ई)

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी काल सङ्गति सिकाउनुहोस् ।

(ख) सिकारुले आफैँले तलको तालिका भरी (पूरा वाक्य लेख्नुहोस् ।) सहजकर्तालाई देखाउनुहोस् :

| मैले हिजो गरेका काम | आमाले आज गरेका गर्ने काम | बाले भोलि गर्ने काम |
|---|---|---|
| | | |
| | | |

| | | |
|---|---|---|
| | | |
| | | |

(ग) सिकारुले सहजकर्ताले दिएको तलको जस्तो तालिकाबाट प्रश्न बनाउनुहोस् र मिलेनमिलेको थाहा पाउन सहजकर्तालाई देखाई सुझाव लिनुहोस् :

<table>
<tr><td>हामी</td><td rowspan="4">बाटो</td><td>खान्छौ</td><td rowspan="4">?</td></tr>
<tr><td>तिमीहरू</td><td>खान्छौँ</td></tr>
<tr><td>उनीहरू</td><td>खान्छस्</td></tr>
<tr><td>तँ</td><td>खान्छन्</td></tr>
</table>

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

सिकारुले सिकारुले तलको तालिकामा तपाईँका पाँच जना साथीले गर्ने काम लेखी कक्षामा प्रस्तुत गर्नुहोस् :

| साथीको नाम | साथीले गर्ने क्रियाकलाप |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये दोस्रो अभ्यास परिवारका सदस्यसँग मिलेर गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

## सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोधक शब्द, विभिन्न प्रकारका रचनात्मक लेखन र लिङ्ग र वचनको सङ्गति तथा क्रियाका कालअनुसारका वाक्यको प्रयोग गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(ग) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| अनुमान र कल्पना गरी मौखिक वर्णन गराउँदा | |
| पाठ्यसामग्री, चित्र र पत्रपत्रिका पढी बोध गराउँदा | |
| उही तथा उल्टो अर्थ दिने शब्दहरूको अर्थबोध र प्रयोग गराउँदा | |
| बाल शब्दकोशको प्रयोग गर्न सिकाउँदा | |
| शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोधक शब्द सिकाउँदा | |
| चिठी, निवेदन, साइन बोर्ड, पोस्टर, सूचना र अन्य विवरणहरूको पढी अर्थबोध गर्न सिकाउँदा | |
| लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन सिकाउँदा | |

### मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोध क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर                                        अभिभावकको हस्ताक्षर

११ विषय क्षेत्र

# हाम्रो वरपरको संसार

## १. परिचय

सिकारुका लागि आफ्नो टोल, समुदाय र वरिपरिको वातावरण सिकाइका लागि महत्त्वपूर्ण हुन्छ । सिकाइका क्रममा वरपरको प्राकृतिक वातावरण, मौसम र विभिन्न प्रकारका मौसमअनुकूल गरिने कार्यव्यवहारलाई समेत आफ्नो वरपरको संसारभित्र समेटिन्छ । यस विषयक्षेत्रमा आधारित सर्गपरक ध्वनि छुट्याउने भाषिक क्षेत्र र पाठगत विषयवस्तुका माध्यमबाट भाषिक कार्य सम्पादनमा जोड दिइएको छ । यस्ता सन्दर्भमा सिकारुको भाषिक प्रयोगको आधार सान्दर्भिक र प्रयोगपरक बन्ने देखिन्छ । अतः निर्दिष्ट विषयक्षेत्रमा आधारित भई भाषा प्रयोग र सञ्चारका क्रममा सिकारुले सर्गपरक ध्वनि छुट्याउन पठन तथा लेखन, निर्धारित पाठका आधारमा बोधगत अभ्यास, शब्दहरूको उच्चारणसहित पठन र लेखन, दैनिक प्रयोग हुने शब्द, शीर्ष शब्द र विषयक्षेत्रगत शब्दको समुचित प्रयोग, शिष्टता र मर्यादाबोधक शब्दको प्रयोग, परिवेशगत, पात्रगत र घटनागत सन्दर्भ पहिचान र तुलना, निर्धारित विषयवस्तुको पदसङ्गति, कालका पक्ष र चिन्हप्रयोगको सचेततासहितको मौखिक तथा लिखित अभिव्यक्तिलगायतका कार्य गर्ने छन् । यस एकाइको विषयवस्तुको सिकाइका लागि प्रत्यक्षतर्फ ६ घण्टा र स्वनिर्देशिततर्फ ९ घण्टा गरी जम्मा १५ घण्टा समय निर्धारण गरिएको छ ।

## २. विषयवस्तु

यस एकाइमा सिकारुको सार्थक सिकाइका लागि सर्गपरक ध्वनि छुट्याउने, शब्दहरूलाई रूपविन्यासगत अर्थका आधारमा पढाइ र शब्दको वाक्यमा प्रयोग, पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर, परिवेशगत, पात्रगत र घटनागत सन्दर्भ पहिचान र तुलना, पदसङ्गति र चिन्ह प्रयोगको सचेततासहितको प्रस्तुति, निर्धारित शीर्षक वा विषयवस्तुमा आधारित भई लिखित प्रतिक्रिया तथा स्वतन्त्र लेखनसँग सम्बद्ध विषयवस्तु राखिएका छन् ।

## ३. सिकाइ उपलब्धि

(क) शब्दका अगाडि एवम् पछाडि आएका सर्ग छुट्याउन तथा जोडेर शब्द बनाउन

(ख) पाठमा दिइएका शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोधक शब्द

(ग) पाठका सुरु, बिच र अन्त्यका मुख्य मुख्य घटना बताउन

(घ) निर्धारित पाठको मुख्य मुख्य बुँदा टिपोट गरी भन्न तथा लेख्न

(ङ) स्वतन्त्र रूपमा विभिन्न प्रकारका रचनात्मक लेखन अभ्यास गर्न

(च) लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन

(छ) क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन

## ४. सामग्री

यो विषय क्षेत्रसम्बद्ध सिकाइमा सहजकर्ताले निर्धारित अभ्यास पुस्तिकाका अतिरिक्त कविता चार्ट, मोबाइलमा रेकर्ड गरिएका कविता, गीत, पाठसम्बद्ध चित्र, शब्दपत्ती आदिको प्रयोग गर्नुपर्छ ।

## ५. सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले तलको वा कुनै कविता सुनाएर सिकारुलाई शब्दको सही उच्चारण गर्न, स्वगतिमा पढ्न र विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् । तपाईँ वा अलिक राम्रो गाउन जान्ने मानिसबाट कविता वा अन्य सामग्री मोबाइलमा रेकर्ड गरेर पनि सुनाउनुहोस् ।

**हाँस्तै बाँच्ने हो**

आफ्नो संसार चिनेर, सहकार्य गरेर
सिप ज्ञान सिकेर सुशील बन्ने हो
आहार विहार सिकेर मनको मैलो फालेर
सज्जन मान्छे चिनेर दुर्गुण फाल्ने हो
सुविचार राखेर पढाइलेखाइ गरेर
पाइला चाल्दै लम्केर अघि बढ्ने हो
धनीगरिब चिन्ने हो आमाबालाई मान्ने हो
सिक्ने अनि सिकाउँदै खुसी छर्ने हो
हाम्रो संसार सानो छ सानै ठाउँमा बसेर
रातदिन खेतमा काम गर्ने हो
नेपालमा जन्मियो यही देशमा बसेर
आमाको नाम राख्ने हो हाँस्तै बाँच्ने हो

(ख) कविता वाचन वा अन्य सामग्री पठनका क्रममा उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् :

### मुख्य सिकाइ कार्यकलाप

### क्रियाकलाप १ : ध्वनि सचेतीकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले तलका शब्द जोडी नयाँ शब्द बनाएर र शब्दलाई छुट्याएर भन्नुहोस् र लेख्नुहोस् । सहजकर्ताले मिलेनमिलेको जाँचेर सुझाव दिनुहोस् :

**शब्द जोडी नयाँ शब्द बनाउने**

| | | | |
|---|---|---|---|
| अभि + मान | = ............... | अभि + यान | = ................ |
| अनु + मान | = ............... | अनु + भव | = ............... |
| अनु + दान | = ................ | लेख् + आइ | = ................ |
| सुन् + एको | = ................ | दि + एको | = ............... |

**शब्द छुट्याउने**

सुशील = सु + शील सामाजिक = समाज + इक

सुविचार = ..............+ पढाइ = ................+ ...............

आहार = ..............+ .............. फलेर = ................+ ...............

दुर्गुण = ..............+ .............. हाँस्तै = ..............+ ...............

सहकार्य = ..............+ .............. सिक्ने = ..............+ ...............

सज्जन = ..............+ .............. लम्केर = ..............+ ...............

(ख) सहजकर्ताले प्रस्तुत गरेका तलका जस्ता अंशबाट सिकारुले सर्गपरक शब्द पहिचान गर्दै पढी सर्गपरक शब्दको ध्वनि छुट्याउने अध्यास गराउर्नुहोस् :

सुयोग बिदामा मामा घर सोलु गयो । उसलाई छुट्टीमा घुम्न पाउँदा रमाइलो लाग्यो । उसले त्यहाँ स्थानीय बजार घुम्न पायो । त्यहाँ पाल्पाली टोपी, भोजपुरे खुकुरीलगायतका वस्तु देख्दा नेपाली हुनुमा गर्व लाग्यो । उसले त्यहाँ स्थानीय परिकार खायो । ऊ पेम्बा, रघु र समितासँग घुमेर बनेपाली पहिरनमा घर फर्कियो । उसले साथीलाई त्यहाँको चौरीको छुर्वी उपहार ल्याइदियो । साथीहरूले पनि उसको सम्मान गरे ।

जस्तै : सर्गपरका शब्द सुयोग, रमाइलो स्थानीय, पाल्पाली, नेपाली ।

(ग) सहजकर्ताले पुनः ती शब्दहरू भन्नुहोस् र सिकारुलाई पालैपालो मूल शब्दमा जोडिने ध्वनि पहिचान तथा उच्चारण गर्न लगाई मूल शब्दबाट सर्गपरक ध्वनि छुट्याउन लगाउनुहोस् ।

(घ) सिकारुले तलको कविता पढेर सुनाउनुहोस् र पढाइ मिलेनमिलेको सोध्नुहोस् :

चाडवाड हाम्रा हुन् हामीले हो मनाउने
मिठोपिठो जस्तो जुट्छ खाने खुवाउने
नलाउनु है महँगा सुन चाँदीका गहना
नहुनेको रुन्छ मन कस्ले बुझाउने ?

नेपालका चाडवाड हाम्रा हुन् नि निसानी
बालुन ख्याली सँगिनी भैलो मारुनी
चाड मानौँ आफ्नै गाउँ घर आँगनी
पार्टी प्यालेस होटलमा किन धाउने नि ! (मीरा काफ्ले)

## क्रियाकलाप २ : श्रव्यदृश्य बोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले रेडियोमा सुनेको वा टेलिभिजनमा हेरेको कुनै गीत, हँस्यौली वा ठट्टा अभिनयसहित सुनाउनुहोस् र अरु साथीले सुनाएको पनि सुनेर प्रतिक्रिया दिनुहोस् ।

सहजकर्ताले हाम्रो वरिपरिको कुनै विषयसम्बद्ध चित्र देखाउनुहोस् र सिकारुले त्यसलाई हेरेर एक अनुच्छेद लेख्नुहोस् ।

(ख) सहजकर्ताले तलको वा अन्य कुनै अंश सुनाउनुहोस् र त्यसका बारेमा विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् । सिकारुले दिएको उत्तर मिलेनमिलेको जाँचेर सुझाव दिनुहोस् ।

> पोखरीमा एउटा भ्यागुतो बस्थ्यो । त्यो मानिस आउँदा पानीभित्र लुक्थ्यो । मानिस त्यसलाई हेर्न मटरका दाना, मकै आदिले हिर्काउँथे । त्यो टपक्क टिपेर खाइदिन्थ्यो । मानिस हिँडेपछि त्यो बाहिर निस्कन्थे । बाहिर झिँगा उडिरहेका हुन्थे । त्यो ती झिँगालाई जिब्राले तान्दै खान्थ्यो । एक दिन त्यहाँ एउटा ठुलो सर्प आयो । त्यसले भ्यागुतालाई देख्यो । भ्यागुताले झिँगा खान लागेकै बेलामा त्यसले भ्यागुतालाई खायो ।

(ग) सिकारुले विद्युतीय सञ्चारका साधनबाट सन्देशमूलक भिडियो, बालनृत्य, गीत सुन्नुहोस् वा हेर्नुहोस् र आफ्नै शब्दमा वर्णन गरी सुनाउनुहोस् ।

## क्रियाकलाप ३ : पठनप्रवाह / पठनबोध (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले पाठको कथा पढ्नुहोस् र त्यहाँ दिइएका प्रश्नका उत्तर लेखी सहजकर्तालाई देखाउनुहोस् ।

(ख) सहजकर्ताले कुनै कथा सुनाउनुहोस् र सिकारुले त्यस कथामा आफूलाई मन परेका र नपरेका कुरा टिपेर सुनाउनुहोस् ।

(ग) सहजकर्ताले कुनै संवाद वा पाठ सुनाउनुहोस् वा पढ्न लगाउनुहोस् । यसपछि सिकारुले संवाद वा पाठका मुख्य घटना छानी भन्नुहोस् वा लेखेर त्यसका बारेमा छलफल गर्नुहोस् । जस्तै :

### सहर जाने सल्लाह

**बुध :** भोलि सहर जाऔँन ।

**शुक्र :** किन जाने सहर ?

**बुध :** सहरमा रमाइला ठाउँ छन् । त्यहाँ कलात्मक वस्तुहरू छन् । ती हेरौँला । चियापान पनि गरौँला । नाचगान पनि हेरौँला । हुन्न र ?

**शुक्र :** आहा ! खुब रमाइलो हुन्छ होला । त्यसो भए म बिहानै तिमी कहाँ आउँछु नि है ।

**बुध ::** शुक्र बरु, धनलक्ष्मीलाई पनि हामीसँग लिएर जाऔँन ।

**शुक्र :** हुन्छ, म धनलक्ष्मीलाई पनि डाक्छु ।

**बुध :** मातापितालाई पनि हामी घुम्न जाने कुरा भनेर आऊ है । मातापितालाई नभनी त हामी सहर जानु हुँदैन नि ।

**शुक्र :** हुन्छ, म मातापितालाई पनि खबर गर्छु । उहाँहरूसँग स्वीकृति लिएर मात्र हामी घुम्न जानुपर्छ । अहिलेलाई शुभरात्रि !

**घटना न. १**

**घटना न. २**

**घटना न. ३**

(घ) सहजकर्ताले कुनै कविता सुनाउनुहोस् वा पढ्न लगाउनुहोस् । कविता सुनेपछि वा पढेपछि सिकारुले पुनर्लेखन वा अनुलेखन गर्नुहोस् र मूल्याङ्कनका लागि सहजकर्तालाई देखाउनुहोस् :

मेरो सानो गाउँ
कति राम्रो ठाउँ
गुराँस फुल्ने पाखा
चिरबिर भाका ।

हिम शिखर चढ्छु
तराईतिर झर्छु
पौरख ठुलो ठान्छु
भरपेट खान्छु ।

हरियाली वन
तान्छ कति मन
झरनाको गीत
रम्छु माटोसित ।

गाउँबेँसी गरी
माया मुटु भरी
जात थरी थरी
मिली सरावरी ।

## क्रियाकलाप ४ : लेख्यवर्ण सचेतीकरण/लेखाइ (स्वनिर्देशित)

(क) सिकारुले सिकारुले सहजकर्ताले शब्दपत्तीमा देखाएका तलका जस्ता शब्द कापीमा सार्नुहोस् र पढेर सुनाउनुहोस् :

मिठोपिठो बालुन आँगनी टपक्क भ्यागुता वर्ल्डकप विज्ञापन निराशा विश्वकप ज्याला स्वास्नी खास्टो मानसिकता भकुन्डो टिलपिल

(ख) सहजकर्ताले उदाहरण हेरेर सु, प्र, आ, वि, उप मा शब्द जोडी दुई दुई शब्द बनाउनुहोस् र मिलेनमिलेको जाँच्न सहजकर्तालाई देखाउनुहोस् :

जस्तै : सु + मार्ग = सुमार्ग

(ग) सहजकर्ताले केही शब्द दिई सिकारुलाई सर्गपरक शब्द छुट्याएर लेख्न लगाउनुहोस् र सिकारुले गरेको काम मिलनिमिलेको जाँचिदिनुहोस् :

जस्तै :

सम् + सार

पद् + आइ

गर् + एर

सम् + योग

घुम् + आइ

अनु + हार

(घ) सिकारुले यस हप्ता आफ्नो समुदायमा भएका दुई घटनाको छोटो वर्णन गरी सहजकर्तालाई देखाउनुहोस् ।

(ङ) सिकारुले आफूलाई मन परेको एउटा पुस्तक पढ्नुहोस् र त्यसबाट आफूले सिकेका कुरा लेखी सहजकर्तालाई देखाउनुहोस् ।

## क्रियाकलाप ५ : शब्दभण्डार (स्वनिर्देशित)

(क) सिकारुले सिकारुले आफैँले सोचेर तलको तालिकामा तीन तीन शब्द लेख्नुहोस् र मिलेनमिलेको जाँच्न सहजकर्तालाई देखाउनुहोस् ?

| | |
|---|---|
| खेतमा प्रयोग हुने शब्द | ............................................................................ |
| भान्सामा प्रयोग हुने शब्द | ............................................................................ |
| बजारमा प्रयोग हुने शब्द | ............................................................................ |
| पसलमा प्रयोग हुने शब्द | ............................................................................ |
| बिहेमा प्रयोग हुने शब्द | ............................................................................ |

(ख) सिकारुले पुस्तकको कोठेपद समाधान गरी सहजकर्तालाई देखाउनुहोस् र आफूले पनि यस्तै कोठेपद बनाई परिवारका सदस्यसँग खेल खेल्नुहोस् ।

## क्रियाकलाप ६ : कार्यमूलक व्याकरण (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले पदसङ्गति (आदरार्थी) मिलाएर वाक्य भन्न लगाउनुहोस् । यस क्रममा शिष्टता र मर्यादाबोधक शब्दको प्रयोग गर्न लगाउनुहोस् । यसका लागि पदसङ्गति नमिलेका वाक्य दिएर पदसङ्गति मिलाई वाक्य बनाउन लगाउने अभ्यास गराउनुहोस् :

जस्तै :

| नमिलेका वाक्य | मिलेका वाक्य |
|---|---|
| दिदी घर गयो । | दिदी घर जानुभयो । |
| भाइले किताब पढी । | भाइले किताब पढ्यो । |
| तपाईँहरू कहिले आयो | तपाईँहरू कहिले आउनुभयो ? |
| अब सिकारुले तलका जस्ता वाक्यलाई शुद्ध पारी सहजकर्तालाई देखाउनुहोस् : | |

(अ) स्मिता मेला गयो । ......................................

(आ) उनले स्वस्थानी पढी । ..............................

(इ) तपाईँहरू कहिले मुस्ताङ जान्छ ? ............................

(ई) भाउजूले बोलायो । ...............................

(उ) हामी बेचिहाल्छु नि । ..............................

(ख) सहजकर्ताले तलका जस्ता अभ्यास बनाई सही शब्दमा गोलो घेरा लगाउने अभ्यास गराउनुहोस् :

(अ) कहिलेकाहीँ कहीलेकाहीँ कहिलेकाही

(आ) फूटबल फुटवल फुटबल

(इ) षाहु शाहु साहु

(ई) बिभिन्न विभिन्न विभीन्न

(ग) सिकारुले तलको तालिका भरी सहजकर्तालाई देखाएर सुझाव लिनुहोस् :

| | | |
|---|---|---|
| म मुसुक्क हाँसेँ । | तँ ...........................। | ऊ ........................... । |
| म........................... | तँ........................... | ऊ भुइँमा बस्यो । |
| म ओरालो .....................। | तँ........................ | ऊ........................... |
| ........................... | तँ कहाँ गइस् ? | ........................... |

## क्रियाकलाप ७ : सिर्जनात्मक अभ्यास (स्वनिर्देशित)

एउटा छोटो कविता,कथा वा कुनै विषयको वर्णन लेखी साथीलाई सुनाउनुहोस् र साथीले लेखेको पनि सुनाउनुहोस् । सहजकर्ताले यसका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

## क्रियाकलाप ८ : आफूलाई जाँच्नुहोस् (स्वनिर्देशित)

सिकारुले आफूलाई जाँच्नुहोस् खण्डमा दिइएका अभ्यासमध्ये पहिलो अभ्यास परिवारका सदस्यसँग मिलेर गर्नुहोस् । बाँकी अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् र मिलेनमिलेको थाहा पाई सहजकर्ताको सुझावका आधारमा फेरि लेख्ने अभ्यास गर्नुहोस् ।

## सबलीकरण कार्यकलाप

(क) सहजकर्ताले शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोधक शब्द, विभिन्न प्रकारका रचनात्मक लेखन, स्वतन्त्र रूपमा विभिन्न प्रकारका रचनात्मक लेखन अभ्यास र लिङ्ग र वचनको सङ्गति तथा क्रियाका कालअनुसारका वाक्यको प्रयोग गर्ने तरिका फेरि छोटकरीमा बताइदिनुहोस् ।

(ख) सिकारुलाई कुनै अनुच्छेद, संवाद, कथा पढ्न लगाएर सम्बन्धित प्रश्नको उत्तर भन्न वा लेख्न लगाउनुहोस् ।

(ग) सिकारुले सहजकर्ताले लगाएका काम र पुस्तकमा भएका पदसङ्गति मिलाई वाक्य निर्माण गर्नेलगायतका सबै अभ्यास गरेर सहजकर्तालाई देखाउनुहोस् ।

# ६. प्रतिविम्बन

### सिकारुका लागि

(अ) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(आ) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

**सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)**

| | |
|---|---|
| शब्दका अगाडि एवम् पछाडि आएका सर्ग छुट्याउन तथा जोडेर शब्द बनाउन सिकाउँदा | |
| पाठमा दिइएका शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोधक शब्द सिकाउँदा | |
| पाठका सुरु, बिच र अन्त्यका मुख्य मुख्य घटना बताउन लगाउँदा | |
| निर्धारित पाठको मुख्य मुख्य बुँदा टिपोट गरी भन्न तथा लेख्न लगाउँदा | |
| स्वतन्त्र रूपमा विभिन्न प्रकारका रचनात्मक लेखन अभ्यास गर्न लगाउँदा | |
| लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन लगाउँदा | |
| क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन लगाउँदा | |

**मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)**

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| पठन प्रवाह र बोध क्षमता | |
| शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोध क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर


अभिभावकको हस्ताक्षर

अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# मेरो नेपाली

## तह–१ (संश्लेषित)

### सिकाइ सामग्री




नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर